# स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग

सुजन सोडारी

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिका निम्ति प्रस्तुत

शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

# स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग


सुजन सोडारी

रोल नं. ८०८/२०७५

त्रि.वि. दर्ता नं. ९-२-२१-७२१-२००७



शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर


नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिका निम्ति प्रस्तुत

शोधप्रबन्ध

शोधनिर्देशक

डा. राजेन्द्र खनाल

त्रिभुवन विश्वविद्यालय


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौँ

२०८२ । सन् २०२६

© २०८२

सुजन सोडारी

सर्वाधिकार शोधार्थीमा

## शोधार्थीको प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनमा नेपाली शिक्षा विषयअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधि प्राप्त गर्न प्रयोजनका लागि प्रस्तुत *स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग* शीर्षकको अनुसन्धान शोधनिर्देशकको निर्देशनमा तयार पारिएको नितान्त मौलिक कार्य हो । यसलाई विश्वविद्यालय वा अन्य निकायबाट उपाधि हासिल गर्ने प्रयोजनका लागि वा स्वतन्त्र लेखका रूपमा पनि उपयोग गरिएको छैन । प्रस्तुत प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जवाफदेही हुने छु ।

सुजन सोडारी
शोधार्थी

मिति : २०८२।११।२६
(सन् मार्च १०, २०२६)

## शोधनिर्देशकको सिफारिस

शोधार्थी सुजन सोडारीद्वारा प्रस्तुत *स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग* शीर्षकको शोधप्रबन्ध मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । अनुसन्धान चेतको प्रयोग गर्दै अनुसन्धानका मापदण्ड पूरा गरी सम्पन्न गरिएको शोधकार्यका आधार निर्मित प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनमा पेस गर्न सिफारिस गर्दछु ।

.........................................

डा. राजेन्द्र खनाल

(शोध निर्देशक)

मिति : २०८२।११।२८

(सन् मार्च १२, २०२६)

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ सुजन सोडारीद्वारा तयार पारिएको प्रस्तुत *स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग* शीर्षकको यो शोधप्रबन्ध नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

| क्र.सं. | नामथर | हस्ताक्षर |
|---|---|---|
| १. | डा. राजेन्द्र खनाल<br>(शोध निर्देशक) | .................. |
| २. | प्रा.डा. ऋषिराम शर्मा<br>(बाह्य परीक्षक) | .................. |
| ३. | प्रा.डा. केशवराज पोखरेल<br>(बाह्य परीक्षक) | .................. |
| ४. | सहप्रा.डा. रवीन्द्र शिवकोटी<br>(निर्देशक)<br>ग्राजुएट स्कुल अफ एजुकेसन | .................. |
| ५. | प्रा.डा. बेदराज आचार्य<br>(डिन)<br>शिक्षाशास्त्र सङ्काय | .................. |

शिक्षा शास्त्र संकाय
डीनको कार्यलय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर

मिति : २०८२।१२।१४

(सन् मार्च २८, २०२६)

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्धले वर्तमान स्वरूप ग्रहण गर्ने क्रममा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग, सद्भाव र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति म हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु । सर्वप्रथम मेरा शोधनिर्देशक आदरणीय गुरु एवम् त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभागका उपप्राध्यापक डा. राजेन्द्र खनालप्रति हार्दिक आभार प्रकट गर्दछु । उहाँको अगाध विद्वत्ता, निरन्तरको उत्प्रेरणा, सूक्ष्म दृष्टि र विशिष्ट प्राज्ञिक मार्गदर्शन विना यो शोधकार्यले पूर्णता पाउने थिएन । उहाँको समय र दिशानिर्देश नै यस अनुसन्धानको सफलताको मुख्य आधार हो ।

यसै गरी शोधप्रबन्धलाई मर्यादित र व्यवस्थित बनाउन सल्लाह प्रदान गर्नुहुने शिक्षाशास्त्र सङ्कायका डिन प्रा.डा. वेदराज आचार्यप्रति कृतज्ञता व्यक्त गर्दछु । शोधयात्राको क्रममा प्रशासनिक एवम् प्राज्ञिक वातावरण निर्माण गर्न सहयोग गर्नुहुने ग्राजुएट स्कुल अफ एजुकेसनका कार्यकारी निर्देशक सहप्रा. डा. रवीन्द्र शिवाकोटीप्रति विशेष आभारी छु । शोधलाई परिष्कृत बनाउन अमूल्य सुझाव प्रकट गर्नुहुने आन्तरिक मूल्याङ्कनकर्ता आदरणीय गुरु प्रा.डा. रामनाथ ओझा, सहप्रा. दावा शेर्पा र अनुसन्धान समिति सदस्य डा. हरिमाया शर्माप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो शोधप्रबन्धमाथि गहन टिप्पणी र परिमार्जनका लागि सुझाव दिनुहुने वाह्य परीक्षक प्रा.डा. ऋषिराम शर्मा र प्रा.डा. केशवराज पोखरेलप्रति हृदयदेखि नै अनुगृहीत छु ।

अनुसन्धानको सिलसिलमा सदैव सकरात्मक उर्जा र उत्प्रेरणा प्रदान गर्नुहुने समादरणीय गुरुहरू प्रा.डा. पारसमणि भण्डारी, प्रा.डा. राजेन्द्र प्रसाद पौडेल, प्रा.डा. रामप्रसाद भट्टराई, सहप्रा. बुद्धराज खनिया, उपप्रा. डा. केशव भुसाल, उपप्रा. भारती अधिकारी, उपप्रा. टङ्क न्यौपाने, ताराप्रसाद न्यौपाने, गीता लामिछाने, मोहनकुमार श्रेष्ठ, सुवासचन्द्र भण्डारी, प्रेम ओली आत्मीय साथी रमेश खड्काप्रति धन्यवाद प्रकट गर्छु ।

शोधको प्रारम्भदेखि नै शीर्षक चयन, आफ्ना ज्ञान, सूचना र शैली साटासाट गर्दै एवम् आत्मविश्वास अभिवृद्धिमा अहोरात्र सहयोग एवम् गम्भीर चासोका साथ परामर्श तथा सल्लाह दिई आवश्यक सहयोग गर्ने आत्मीय साथी उपप्रा. डा. महेशप्रसाद भट्ट र सुरेश दियालप्रति नतमस्तक छु । तथ्याङ्क सङ्कलनको क्रममा कार्यक्षेत्रमा सहजीकरण

गरिदिनुहुने उपप्रा. गोकुल पोखरेल, कृतिभुषण बस्नेत, राजन ढुङ्गाना र महेन्द्र ढकाल गुरुहरूप्रति विशेष धन्यवाद अर्पण गर्दछु ।

अन्तमा, मेरो शैक्षिक यात्राको हरेक मोडमा नैतिक तथा भौतिक उर्जा प्रदान गर्ने मेरा प्रेरणाका स्रोत परिवारका सदस्यहरू आदरणीय बुबा मदन कुमार सोडारी, ममी जितकुमारी सोडारी, जीवनसङ्गिनी सस्मिता कार्की, बहिनीहरू अम्बिका सोडारी र प्रतिमा सोडारी तथा छोरी प्रजिता सोडारीप्रति आभार व्यक्त गर्दछु । साथै यो अनुसन्धान यात्राको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाउनुहुने सम्पूर्ण शुभेच्छुक महानुभावहरूप्रति आभार प्रकट गर्दछु ।

सुजन सोडारी

(शोधार्थी)

## शोधसार

प्रस्तुत अनुसन्धान *स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग*मा आधारित छ। विद्यार्थीमा संसक्तिप्रतिको बुझाइ र व्यावहारिक सामर्थ्यबिचमा रहेको रिक्तता निरूपण गर्नु अनुसन्धानको केन्द्रीय समस्या हो। यस अध्ययनको मुख्य उद्देश्य स्नातक तह दोस्रो वर्षका विद्यार्थीमा रहेको साङ्कथनिक संरचनाको ज्ञान र बोधको पहिचान गर्नु रहेको छ। विद्यार्थीमा रहेको व्याकरणिक र कोशीय संसक्ति पहिचान र प्रयोग क्षमताको तुलना गर्नु अध्ययनको अर्को उद्देश्य रहेको छ। प्रस्तुत अध्ययन काठमाडौं उपत्यकाभित्रका चारओटा क्याम्पसमा अध्ययनरत स्नातक तह, दोस्रो वर्षका २०२ जना विद्यार्थीका प्रतिक्रियामा आधारित छ। यसमा ह्यालिडे र हसन (१९७६) को संसक्ति सिद्धान्तद्वारा प्रस्तावित व्याकरणिक संसक्तिका छ र कोशीय संसक्तिका पाँच प्रकारहरूमा मात्र परिसीमित गरिएको छ।

यस अनुसन्धानमा प्रत्यक्षवादी दार्शनिक आधारको अवलम्बन गरिएको छ। संसक्तिलाई साङ्ख्यिकीय रूपमा मापन गर्न सकिने वस्तुगत यथार्थका रूपमा ग्रहण गरिएकाले यसको तत्त्वमीमांसा वस्तुवादी र यथार्थपरक रहेको छ। ज्ञानमीमांसाका दृष्टिले निगमनात्मक पद्धितको प्रयोग गरी संरचित प्रश्नावली र क्षमता परीक्षण साधनकाबाट तथ्याङ्क सङ्कलन गरी संसक्तिसम्बन्धी ज्ञान पहिचान गरिएको छ। त्यसैगरी मूल्यमीमांसाअन्तर्गत अनुसन्धान प्रक्रियालाई अध्येताको व्यक्तिगत पूर्वाग्रहबाट मुक्त राखी तटस्थ एवम् मूल्यमुक्त पद्धतिको प्रयोग गरिएको छ।

प्रस्तुत शोधप्रबन्ध परिमाणात्मक अनुसन्धान ढाँचाअन्तर्गत विवरणात्मक र तुलनात्मक ढाँचामा आधारित छ। काठमाडौं उपत्यकाका स्नातक तह, दोस्रो वर्षमा अध्ययनरत ६३४ जना विद्यार्थीबाट चारओटा क्याम्पसमा (दुई आङ्गिक र दुई सामुदायिक) सरल यादृच्छिक नमुना छनोट प्रक्रियामार्फत् २०२ जना विद्यार्थीलाई सहभागी गराइएको छ। तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतका रूपमा लिकर्ट स्केलमा आधारित संरचित प्रश्नावली र संसक्ति पहिचान प्रयोग क्षमता परीक्षण गर्न संरचित पश्नावली साधनको प्रयोग गरिएको छ। द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित शोधकार्य, पुस्तक, लेखरचना र पाठ्यक्रमको सहयोग लिइएको छ। सङ्कलित तथ्याङ्कहरूको

विश्लेषण औसत, मानक विचलन, प्रतिशत र टी परीक्षण विधिद्वारा साङ्ख्यिकीय विश्लेषण गरिएको छ ।

अनुसन्धानका मुख्य प्राप्तिका रूपमा विद्यार्थीमा संसक्तिसम्बन्धी सैद्धान्तिक ज्ञानको बुझाइ ८० प्रतिशत देखिएको छ । संसक्तिका व्यावहारिक पहिचान र प्रयोग क्षमता भने मध्यम स्तर (औसत २.९ देखि ३.२ सम्म) को रहेको पाइयो । व्याकरणिक संसक्तिअन्तर्गत सर्वनाम र संयोजकको पहिचान र प्रयोगमा विद्यार्थी राम्रो देखिए भने कालिक र स्थानिक संसक्तिका पहिचान र प्रयोगमा मध्यम स्तर देखियो । लोप, प्रतिस्थापन जस्ता सूक्ष्म साङ्कथनिक संरचनाको पहिचान र प्रयोगमा तुलनात्मक रूपमा कमजोर देखिएका छन् । कोशीय संसक्तिमा पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी र समावेशात्मक संसक्तिको ज्ञान राम्रो देखिए तापनि सन्निधानको पहिचानमा विद्यार्थीमा अन्योल वा कमजोर पाइयो । चरहरूको तुलनात्मक विश्लेषण गर्दा संस्थाको प्रकृति, विषयगत र लैङ्गिकताका आधारमा संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता नरहेको पाइयो । भाषिक पृष्ठभूमि र विद्यालय तहको शिक्षाको माध्यम भाषाको आधारमा विद्यार्थीको क्षमतामा सार्थक भिन्नता पाइएको छ । यसमा अन्य मातृभाषी र संस्थागत विद्यालय तहको शिक्षाको माध्यम भाषा पृष्ठभूमि भएका विद्यार्थीको स्तर उच्च देखिएको छ ।

प्रस्तुत अध्ययनबाट संस्थाको प्रकृतिका कारण विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता हुँदैन । यसै गरी मूल विषय नेपाली र मूल विषय अन्य अध्ययन गर्ने विद्यार्थीको संसक्ति पहिचान प्रयोग क्षमतामा पनि सार्थक भिन्नता हुँदैन । अध्ययनले लैङ्गिकताका कारण विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा फरक पर्दैन तर भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीबिच तथा विद्यालय तहको शिक्षा सामुदायिक र संस्थागत विद्यालयबाट आर्जन गरेका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा भने स्पष्ट र सार्थक भिन्नता हुन्छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

विद्यार्थीको प्राज्ञिक लेखनलाई स्तरीय र तार्किक बनाउन पाठ्यक्रममा संसक्तिका सूक्ष्म पक्षहरूको सचेत शिक्षण र प्रयोगात्मक अभ्यास गराउनु अपरिहार्य देखिन्छ । यस अध्ययनको उपयोगिता पाठ्यक्रम निर्माणमा सङ्कथन व्याकरण समावेश गर्न, शिक्षकहरूलाई प्रयोगात्मक शिक्षण पद्धति अपनाउन र आगामी शोधार्थीहरूलाई सङ्कथन

विश्लेषणको क्षेत्रमा थप अनुसन्धान गर्नका लागि नीतिगत एवम् व्यावहारिक आधार प्रदान गर्ने सन्दर्भमा महत्त्वपूर्ण रहेको छ ।

## विषयसूची


| | |
|---|---|
| शोधार्थीको प्रतिबद्धता | क |
| शोधनिर्देशकको सिफारिस | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | च |
| विषयसूची | झ |

**अध्याय : एक**

**शोध परिचय**

| | |
|---|---|
| अध्ययनको प्रेरणा | १ |
| अध्ययनको पृष्ठभूमि | २ |
| समस्याकथन | ३ |
| शोधकार्यको उद्देश्य | ४ |
| प्राक्कल्पना | ४ |
| अध्ययनको औचित्य | ५ |
| अध्ययनको परिसीमा | ६ |
| प्रमुख शब्दावलीको परिभाषा | ७ |
| अध्याय योजना | ८ |

**अध्याय : दुई**

**पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा**

| | |
|---|---|
| विषयप्रवेश | ९ |
| सङ्कथनको परिचय | ९ |
| सङ्कथनका प्रकार | १२ |
| सङ्कथनका युक्ति | १४ |

सङ्कथन विश्लेषणका पद्धति २०

सङ्कथन विश्लेषणसम्बन्धी पुस्तकहरूको पुनरावलोकन २२

सङ्कथन विश्लेषणसम्बन्धी शोधकार्यको पुनरावलोकन ३३

सङ्कथन विश्लेषणसम्बन्धी लेख रचनाहरूको पुनरावलोकन ३६

संसक्तिको सैद्धान्तिक अवधारणा ३८

व्याकरणिक संसक्ति ३९

पुनरावलोकनको उपयोगिता ४५

अनुसन्धानको रिक्तता ४६

अवधारणात्मक ढाँचा ४७

सारांश ४८

**अध्याय : तीन**

**अध्ययन विधि र प्रक्रिया**

विषयप्रवेश ४९

अनुसन्धान आयाम ४९

अनुसन्धानात्मक दार्शनिक आधार ५०

अनुसन्धान ढाँचा ५२

अध्ययनको कार्यक्षेत्र र जनसङ्ख्या ५३

नमुना छनोट प्रक्रिया ५३

तथ्याङ्क सङ्कलनका स्रोत ५४

तथ्याङ्क सङ्कलनका साधन ५४

तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया ५५

तथ्याङ्कको विश्लेषण र व्याख्या विधि ५५

अध्ययनको नैतिक पक्ष ५५

सारांश ५६

## अध्याय : चार

## विद्यार्थीको साङ्कथनिक संरचनाको ज्ञान र बोध

विषयप्रवेश ५७

संसक्तिप्रतिको बुझाइ ५७

व्याकरणिक संसक्तिको बुझाइ ५९

कोशीय संसक्तिको बुझाइ ६५

सारांश ७२

## अध्याय : पाँच

## विद्यार्थीको व्याकरणिक र कोशीय संसक्ति पहिचान र प्रयोग

व्याकरणिक संसक्ति ७३

कोशीय संसक्ति ८१

## अध्याय : छ

## नतिजाको छलफल

विषयप्रवेश ९०

संसक्तिको बुझाइ ९०

कोशीय संसक्ति पहिचान र प्रयोग क्षमता ९२

चरहरूका आधारमा क्षमताको तुलनात्मक विश्लेषण ९४

संस्थाको प्रकृति (आङ्गिक र सामुदायिक क्याम्पस) ९४

अध्ययनको विषय (मूल विषय नेपाली र मूल अन्य विषय) ९४

भाषिक पृष्ठभूमि (नेपली मातृभाषी र अन्य मातृभाषी) ९५

लैङ्गिकता (छात्र र छात्रा) ९५

विद्यालय तहको पृष्ठभूमि (सामुदायिक र संस्थागत विद्यालय) ९५

सारांश ९६

**अध्याय : सात**

**निष्कर्ष र उपयोगिता**


| | |
|---|---|
| **विषयप्रवेश** | ९७ |
| **निष्कर्ष** | ९७ |
| **उपयोगिता** | ९९ |
| **नीतिगत उपयोगिता** | ९९ |
| **प्रायोगिक उपयोगिता** | १०० |
| **अध्ययनको सीमा** | १०१ |
| **सन्दर्भ सामग्री** | १०२ |
| **परिशिष्ट** | |

# तालिका सूची


तालिका नं. १ *जनसङ्ख्या र नमुना छनोट* ५४

तालिका नं. २ *संसक्तिको बुझाइसम्बन्धी धारणा* ५८

तालिका नं. ३ *सार्वनामिक संसक्तिको बुझाइ* ५९

तालिका नं. ४ *कालिक संसक्तिको बुझाइ* ६०

तालिका नं. ५ *स्थानिक संसक्तिको बुझाइसम्बन्धी धारणा* ६१

तालिका नं. ६ *प्रतिस्थापन संसक्तिको बुझाइसम्बन्धी धारणा* ६२

तालिका नं. ७ *संयोजक संसक्तिको बुझाइ* ६३

तालिका नं. ८ *लोप संसक्तिको बुझाइ* ६४

तालिका नं. ९ *पुनरावृत्ति संसक्तिको बुझाइ* ६६

तालिका नं. १० *पर्यायवाची संसक्तिको बुझाइ* ६७

तालिका नं. ११ *विपरीतार्थी संसक्तिको बुझाइ* ६८

तालिका नं. १२ *सन्निधान संसक्तिको बुझाइ* ६९

तालिका नं. १३ *समावेशात्मक संसक्तिको बुझाइ* ७०

तालिका नं. १४ *संस्थाको प्रकृतिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता* ७४

तालिका नं. १५ *विषयको प्रकृतिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता* ७५

तालिका नं. १६ *भाषिक पृष्ठभूमिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता* ७७

तालिका नं. १७ *लैङ्गिकताको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता* ७९

तालिका नं. १८ *विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) व्याकरणिक संसक्तिको पहिचान र प्रयोग क्षमता* ८०

तालिका नं. १९ *संस्थाको प्रकृतिको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता* ८२

तालिका नं. २० *विषयगतको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता* ८४

तालिका नं. २१ *भाषिक पृष्ठभूमिको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता* ८५

तालिका नं. २२ *लैङ्गिकताको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोगको क्षमता* ८७

तालिका नं. २३ *विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) कोशीय संसक्ति पहिचान र प्रयोगको क्षमता* ८८

# अध्याय : एक
# शोध परिचय

## अध्ययनको प्रेरणा

विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायअन्तर्गतको अध्यापन, लेखन तथा अनुसन्धान मेरो औपचारिक कार्यक्षेत्र र पेसागत जग हो । लेखन केवल अभिव्यक्ति मात्र नभई व्यक्तित्व निर्माणको बलियो आधार पनि हो भन्ने गहिरो विश्वासले मलाई यस क्षेत्रमा क्रियाशील बनाउँदै आएको छ । शिक्षण गरिरहँदा वा शैक्षिक गतिविधिमा संलग्न रहँदा मैले विद्यार्थीको लेखनका विविध अभ्यास र मान्यताहरूलाई नजिकबाट अनुभव गर्ने अवसर पाएको छु । यस क्रममा धेरैजसो विद्यार्थी व्याकरणिक शुद्धताका बाबजुद प्राज्ञिक लेखनका स्थापित मानक र तार्किक शृङ्खलाका सन्दर्भमा धेरै अलमल परेको पाइयो । लेखन सिपलाई स्तरीय बनाउनका लागि लेखनका पक्षहरूको गहिरो अन्वेषण गरी उनीहरूको लेखन स्तरमा देखिएको भिन्नताका कारणहरू पत्ता लगाउने तीव्र इच्छा नै मेरो यस अध्ययनको प्रेरणाको स्रोत बन्यो ।

विशेष गरी नेपाली शिक्षा विषयको प्राध्यापन र विद्यार्थीको उत्तरपुस्तिका परीक्षण गर्दा देखिएका समस्याहरूले मलाई चिन्तित तुल्यायो । स्नातक तहका विद्यार्थी व्याकरणिक दृष्टिकोणले शुद्ध वाक्य निर्माण गर्न त सक्षम देखिन्छन् तर ती वाक्यहरूलाई आपसमा तार्किक र अर्थगत कडीले जोडेर सुगठित र प्रवाहमय पाठ निर्माण गर्न नसक्नु उनीहरूको मुख्य समस्याका रूपमा देखापऱ्यो । लेखनमा विचारको सिलसिला नमिल्नु, अनावश्यक शब्दहरूको प्रयोग हुनु र वाक्यबिचको संसक्ति कमजोर हुनु जस्ता कारणले उनीहरूको अभिव्यक्ति स्पष्ट र प्रभावशाली हुन सकिरहेको छैन भन्ने यथार्थ मैले प्रत्यक्ष महसुस गरें । यो भाषिक सम्प्रेषणको रिक्ततालाई कसरी कम गर्न सकिन्छ । उनीहरूको लेखनलाई कसरी प्राज्ञिक रूपमा स्तरीय बनाउन सकिन्छ भन्ने प्राज्ञिक चिन्तन नै यस शोधको उत्प्रेरक हो ।

शिक्षक हुनुका कारणले विद्यार्थीको निर्दिष्ट भाषिक समस्यालाई केवल कमजोरीका रूपमा मात्र नहेरी यसको अन्वेषण गर्नु मेरो दायित्व बन्न पुग्यो । विभिन्न संस्थाको प्रकृति, विषयको प्रकृति, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय तहको शिक्षा माध्यम भाषाका आधारमा विद्यार्थीको नेपाली संसक्ति पहिचान र प्रयोग क्षमतामा कुन स्तरको भिन्नता छ भन्ने कुराको वैज्ञानिक मापन गरी नेपाली भाषा शिक्षण पद्धतिलाई परिष्कृत र सङ्कथन

केन्द्रित बनाउन योगदान पुऱ्याउने उद्देश्यले म यस अध्ययनतर्फ प्रेरित भएको हुँ । विद्यार्थीको प्राज्ञिक लेखनलाई स्तरीय, तार्किक, ओजपूर्ण र प्रवाहमय बनाउने मेरो यो हुटहुटी नै प्रस्तुत शोधको आधार हो ।

**अध्ययनको पृष्ठभूमि**

भाषाको सबैभन्दा ठुलो वा माथिल्लो एकाइ नै सङ्कथन हो । "सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ" (अधिकारी, २०७४, पृ. २६७) । भाषामा रहेका वाक्यबिचको सम्बन्ध र त्यसबाट प्राप्त हुने सम्प्रेषणात्मक क्षमता भएको भाषिक एकाइलाई सङ्कथन भनिन्छ । "एउटा सारपूर्ण कथनदेखि लिएर बृहत्तर कथनसम्म विस्तारित भएको भाषिक संरचना सङ्कथन हो" (भट्टराई, प्रधान र ढुङ्गेल, २०७२, पृ. १०४) । भाषिक अभिव्यक्तिको क्रममा यसको अत्याधिक प्रयोग भएको पाइन्छ । "सन्दर्भ समावेश भएका वाङ्मयका सबै विधालाई सङ्कथन भनिन्छ" (गौतम, २०६८, पृ. ५७१) । त्यसै गरी "सङ्कथन भाषाको विस्तारित सघन एकाइ हो" (भुसाल, २०७०, पृ. ८७) । सङ्कथन वाक्यभन्दा ठुलो र पाठात्मक प्रकृतिको हुन्छ ।

प्रायोगिक भाषाविज्ञानको प्रमुख विद्या सङ्कथन हो । यसले वाक्यभन्दा माथिल्लो भाषिक एकाइमा गएर भाषाको अर्थ र संरचनालाई केलाउने काम गर्छ । विद्यार्थीले व्याकरणको नियमहरू जान्नु मात्र नभई त्यसलाई वास्ताविक लेखनमा कसरी प्रयोग गर्न सक्छ भन्ने पक्ष नै प्रायोगिक भाषाविज्ञानको मूल मर्म हो । सङ्कथन मुख्य गरी कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारको हुन्छ । कथ्य सङ्कथन पुरानो ढाँचाको पद्धति हो । यसमा बोलीचालीको भाषा प्रयुक्त हुन्छ ; जसमा गफ, कुराकानी, गाली, ठट्यौली, भाषण, कथाकथन, विवाद, छलफल, आज्ञा, निर्देशन, प्रश्नोत्तर, माफी मगाइ, सपथ, सान्त्वना आदि जस्ता मौखिक अभिव्यक्ति पर्दछन् । यो मुख्य गरी सामाजिक परिवेश र घटनासँग सम्बन्धित हुन्छ । कथ्य सङ्कथन वक्ता र श्रोताको आमनेसामनेको स्थितिमा मात्र सम्पन्न हुन सक्छ । त्यस्तै लेख्य सङ्कथन विशेष गरी भाषिक लिखित सामग्रीमा बढी निर्भर रहने गर्छ । यसमा कथ्य सङ्कथनको जस्तो प्रस्तोता निम्न साक्षर नभई प्राज्ञिक हुनुपर्छ । लेख्य सङ्कथनमा पाठक सामुन्नेमा रहँदैन ।

लेख्य सङ्कथन कथ्य सङ्कथनको तुलनामा बढी औपचारिक र जटिल प्रकृतिको हुन्छ । "भाषिक-अभाषिक साङ्केतिक अभिव्यक्तिसँग सम्बन्धित सङ्कथनलाई साङ्केतिक

सङ्कथन भनिन्छ" (भुसाल, २०७८, पृ. २५) । यसमा विशेषतः श्रवण क्षमता र वाक् शक्ति नभएका मानिसका लागि उपयोगी देखिन्छ । चिह्न, सङ्केत, इसाराबाट अभिव्यक्त गरिन्छ । ढकाल (२०६५) का अनुसार सङ्कथन सिङ्गो भाषिक एकाइ भएकाले यसलाई अझ प्रभावकारी बनाउने केही तत्त्व घटित छन् जसमा प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, कोड, शीर्षक वा विषय, परिवेश आदि पर्छन् (पृ. १०) । सङ्कथनको युक्तिअन्तर्गत संसक्ति र संयुक्ति पर्छ ।

सङ्कथनभित्रका वाक्यहरूलाई एउटा तार्किक र अर्थपूर्ण शृङ्खलामा उनेर पाठ निर्माण गर्ने कार्य संसक्तिले गर्छ । भाषा सम्प्रेषणको लागि संसक्ति अनिवार्य हुन्छ । यसको आवश्यकता अध्ययन विश्लेषणका हिसाबले महत्त्वपूर्ण रहेको छ । पाठमा संसक्तिको तालमेल नमिल्दा विषयवस्तु वा पाठ बोधगम्यताका हिसाबले कठिन हुन्छ । मानवीय व्यावहारिक अनुभवलाई भाषिक एकाइमा उन्ने अस्त्र संसक्ति भएकोले भाषिक अध्ययनका विविध (आख्यान, निबन्ध, जीवनी, नियात्रा, संस्मरण, चिठी, विज्ञापन, सूचना आदिका) क्षेत्रमा संसक्तिको उपस्थिति महत्त्वपूर्ण रहेको हुन्छ । यस दृष्टिले प्रस्तुत अध्ययनरत विद्यार्थीहरूको संसक्ति पहिचान क्षमताको अध्ययन गर्न खोजिएको छ ।

**समस्याकथन**

भाषालाई सञ्चारको एउटा पूर्ण एकाइका रूपमा बुझ्नको लागि वाक्यहरूबिचको संसक्ति अनिवार्य मानिन्छ । शैक्षिक अभ्यासमा संसक्तिको पक्ष प्रायः ओझेलमा परेको देखिन्छ । विशेष गरी स्नातक तहका विद्यार्थी प्राज्ञिक लेखन र सृजनात्मक अभिव्यक्तिमा निरन्तर संलग्न हुन्छन् । कुनै पनि अनुसन्धान प्रक्रियामा समस्याको पहिचान र त्यसको वस्तुपरक विश्लेषण आधारभूत पक्ष हुन् । वस्तुतः अनुसन्धानको मूल विषयवस्तु नै शोधको समस्यासँग अन्तरसम्बन्धित हुन्छ । "समस्याहरूले अनुसन्धानकर्तालाई परिकल्पना निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्न तथा अनुसन्धानसम्बन्धी थप कार्यलाई निश्चित दिशा प्रदान गर्न सहयोग पुऱ्याउँछ" (खनाल, २०७४, पृ. १३) । प्रस्तुत शोधमा विद्यार्थीहरूको संसक्ति पहिचना र प्रयोग क्षमतालाई मुख्य शोध समस्याको रूपमा प्रस्तुत गरिएको छ । प्रायोगिक भाषाविज्ञानको सैद्धान्तिक ढाँचामा आधारित रही यस अध्ययनमा निर्धारित क्षेत्रको भाषिक विश्लेषण गरिएको छ । यसअन्तर्गत व्याकरणिक र कोशीय संसक्तिका दुई पक्षबाट विद्यार्थीको क्षमताको विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनमा स्नातक तहको दोस्रो वर्षका विद्यार्थीहरूको संसक्ति पहिचान र प्रयोग कस्तो रहेको छ भनी पत्ता लगाई संस्थाको प्रकृतिको आधारमा, विषयगत आधारमा, भाषिक पृष्ठभूमि, विद्यालय तहको पृष्ठभूमिको आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको संसक्ति पहिचान र प्रयोग क्षमताको अवस्था निरूपण गर्नु रहेको छ । उक्त तहमा अध्ययनरत विद्यार्थीहरूले संसक्तिको सम्बन्धमा विद्यार्थीको बुझाइ के कस्तो छन् भन्ने कुरालाई समस्याको रूपमा लिइएको छ । यसको समाधान खोज्ने कार्य यस अध्ययनमा गरिएको छ ।

**शोधकार्यको उद्देश्य**

यस अनुसन्धानका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) स्नातक तहमा अध्ययनरत विद्यार्थीको साङ्कथनिक संरचनाको ज्ञान र बोधको पहिचान गर्नु ।

(ख) उक्त तहमा अध्ययनरत विद्यार्थीको व्याकरणिक र कोशीय संसक्ति पहिचान र प्रयोग क्षमताको तुलना गर्नु ।

**प्राक्कल्पना**

**प्राक्कल्पना एक**

शून्य प्राक्कल्पना (H0) : आङ्गिक र सामुदायिक क्याम्पसका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छैन ।

वैकल्पिक प्राक्कल्पना (H1) : आङ्गिक र सामुदायिक क्याम्पसका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा सार्थक भिन्नता छ ।

**प्राक्कल्पना दुई**

शून्य प्राक्कल्पना (H0) : नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छैन ।

वैकल्पिक प्राक्कल्पना (H1) : नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छ ।

**प्राक्कल्पना तीन**

शून्य प्राक्कल्पना (H0) : छात्र र छात्रा विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छैन ।

वैकल्पिक परिकल्पना (H1) : छात्र र छात्रा विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छ ।

**प्राक्कल्पना चार**

शून्य प्राक्कल्पना (H0) : विद्यालय तहको शिक्षाको माध्यम भाषा सामुदायिक र संस्थागत विद्यालयबाट आर्जन गरेका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छैन ।

वैकल्पिक प्राक्कल्पना (H1) : विद्यालय तहको शिक्षाको माध्यम भाषा सामुदायिक र संस्थागत विद्यालयबाट आर्जन गरेका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छ ।

**प्राक्कल्पना पाँच**

शून्य प्राक्कल्पना (H0): मूल विषय नेपाली र मूल विषय अन्य अध्ययन गर्ने विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छैन ।

वैकल्पिक प्राक्कल्पना (H1): मूल विषय नेपाली र मूल विषय अन्य अध्ययन गर्ने विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता छ ।

## अध्ययनको औचित्य

सङ्कथनको अध्ययन विश्लेषण, समीक्षा र मूल्याङ्कन गरिएको पाइए तापनि संसक्ति पहिचान क्षमताको अध्ययन नभएको हुँदा यो कार्य प्राज्ञिक जिज्ञासाका दृष्टिले औचित्यपूर्ण रहेको छ । विद्यार्थीको भाषिक सामार्थ्य र प्रयोगको अवस्थालाई सूक्ष्म रूपले केलाउनु अत्यन्तै औचित्यपूर्ण देखिन्छ । संसक्ति आफैँमा अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुनाले कुनै पनि अभिव्यक्तिको समग्रता र तार्किक प्रवाह पहिल्याउन यसको विश्लेषण अपरिहार्य मानिन्छ । प्रस्तुत शोधले सङ्कथन विश्लेषणको सैद्धान्तिक जगमा उभिएर विद्यार्थीहरूमा व्याकरणिक र कोशीय संसक्तिको पहिचान र प्रयोग गर्ने सामर्थ्य कस्तो छ भन्ने कुराको वैज्ञानिक परीक्षण गर्नेछ ।

यस अध्ययनको औचित्य सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले औचित्यपूर्ण रहेको छ। यस कार्य सो अभीष्टको परिधिमा रहेर सङ्कथन विश्लेषणअन्तर्गत संसक्तिको सैद्धान्तिक आधारमा संसक्तिको पहिचान र प्रयोग क्षमताको अध्ययन गर्नु रहेको छ। संसक्ति अर्थपूर्ण एकीकृत र सन्दर्भपरक हुने भएकोले अभिव्यक्तिको समग्रता पहिल्याउन यसको विश्लेषण गरिनु आवश्यक मानिन्छ। भाषिक अभिव्यक्तिमा निहित सही र सन्दर्भपूर्ण अर्थ उद्घाटन गर्ने गराउने कार्य संसक्तिको विश्लेषणअन्तर्गत गरिने हुनाले संसक्तिको पहिचान र प्रयोग क्षमताको अध्ययनमा यसको औचित्य गहन रूपमा देखा पर्छ। यसरी भाषासँग प्रत्यक्ष सम्बन्ध हुने हुँदा यसको उपयोगी देखिन्छ। विशेष गरी व्याकरणिक र कोशीय संसक्ति प्रयोगको स्थितिलाई रेखाङ्कन गर्दा यसले नेपाली भाषा शिक्षणको वर्तमान अवस्थालाई प्रतिबिम्बित गर्नेछ। वस्तुतः प्रस्तुत अध्ययनबाट संसक्तिका क्षेत्रमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसका साथै लेखक, समालोचक, नीति निर्माता, पाठ्यक्रम/पाठ्यपुस्तक निर्माता, अन्य शोधार्थी आदि सबैलाई सहयोग पुऱ्याउने हुँदा प्रस्तुत अध्ययनको औचित्य पुस्टि हुन्छ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययनको परिसीमालाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) यो शोधकार्यमा लिखित सङ्कथनको संसक्तिमा मात्र केन्द्रित रहेको छ।

(ख) यस अध्ययनमा काठमाडौं उपत्यकाभित्रका आङ्गिक क्याम्पस दुईओटा र सामुदायिक क्याम्पस दुईओटा गरी जम्मा चारओटा क्याम्पसमा केन्द्रित रहेको छ।

(ग) प्रस्तुत अध्ययनमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत २०२ जना विद्यार्थीमा सीमित गरिएको छ।

(घ) यस अध्ययनमा व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप संसक्तिको पहिचान र प्रयोग क्षमता अध्ययनमा गरिएको छ।

(ङ) यसमा कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधानात्मक र समावेशात्मक संसक्तिको पहिचान र प्रयोग क्षमता अध्ययनमा सीमित रहेको छ।

(च) शिक्षाशास्त्र सङ्कायको स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट भएको संसक्ति पाठ्यांशसँग सम्बन्धित रहेको छ ।

**प्रमुख शब्दावलीको परिभाषा**

प्रस्तुत शोधप्रबन्धसँग सम्बन्धित विषयवस्तुलाई प्राज्ञिक रूपमा स्पष्ट पार्नका लागि यसमा प्रयोग भएका मुख्य प्राविधिक तथा पारिभाषिक शब्दावलीहरूलाई निम्नानुसार परिभाषित गरिएको छ :

कोड : यस शोधमा सङ्कथनमा प्रयोग गरिने साझा भाषिक व्यवस्था वा प्रतिक प्रणालीलाई कोड भनिन्छ ।

कोशीय संसक्ति : प्रस्तुत अध्ययनमा शब्दभण्डार वा विशिष्ट शब्दहरूको छनोटका आधारमा पाठमा स्थापित हुने अर्थगत सम्बन्धलाई कोशीय संसक्ति भनिन्छ ।

प्रस्तोता : सङ्कथन आफ्ना विचार, भावना वा अभिव्यक्त प्रस्तुत गर्ने पात्रलाई बुझाउँछ ।

बोद्धा : यस अध्ययनमा प्रस्तोताद्वारा सम्प्रेषित अभिव्यक्तिलाई ग्रहण गर्ने वा त्यसको अर्थबोध गर्ने व्यक्तिलाई बुझाउँछ ।

व्याकरणिक संसक्ति : प्रस्तुत शोधमा सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा जोड्ने प्रक्रियालाई बुझाउँछ ।

स्नातक तह : प्रस्तुत अध्ययनको प्रयोजनका लागि स्नातक तह भन्नाले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई जनाउँदछ ।

सङ्कथन : एउटा सग्लो र अर्थपूर्ण भाषिक अभिव्यक्ति हो । यो लिखित, मौखिक वा साङ्केतिक स्वरूपमा सम्प्रेषित हुने सन्देशको पूर्ण रूप हो ।

संसक्ति : यस अध्ययनमा अभिव्यक्तिमा जोडकका रूपमा प्रयोग हुने भाषिक जोर्नी हो । यसले अभिव्यक्तिलाई सुसम्बद्ध बनाउछ ।

सम्बद्धन : पाठ वा सङ्कथनभित्रका विचार, आशय र सूचनाहरूबिचमा रहने अन्तर्निहित तार्किक तथा अर्थगत सम्बन्धलाई सम्बद्धन भनिन्छ ।

**अध्याय योजना**

प्रस्तुत शोधप्रबन्धलाई निम्नानुसारको रूपरेखामा सङ्गठित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : विद्यार्थीको साङ्कथनिक संरचनाको ज्ञान र बोध

अध्याय पाँच : विद्यार्थीको व्याकरणिक र कोशीय संसक्ति पहिचान प्रयोग

अध्याय छ : नतिजाको छलफल

अध्याय सात : निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री

परिशिष्ट

# अध्याय : दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## विषयप्रवेश

यस परिच्छेदमा सङ्कथन विश्लेषण र विशेष गरी संसक्तिका क्षेत्रमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वाङ्मयहरूको पुनरावलोकन गरिएको छ । साहित्यको पुनरावलोकनले शोधकर्तालाई आफ्नो अध्ययनको क्षेत्रमा रहेका ज्ञानका रिक्तता पहिचान गर्न र समस्यालाई समसामयिक सन्दर्भमा बुझ्न ठोस आधार प्रदान गर्छ । यसमा नेपाली र अङ्ग्रेजी भाषामा सम्पादित सङ्कथनपरक शोध, व्याकरणिक तथा कोशीय संसक्तिसम्बन्धी पूर्वकार्यहरू र भाषा शिक्षणमा संसक्तिको भूमिकाका बारेमा विस्तृत परिचर्चा गरिएको छ । यसमा व्याकरणिक संसक्तिका प्रकार र कोशीय संसक्तिका प्रकारलाई विश्लेषणको मुख्य कडीका रूपमा लिइएको छ । यसरी पूर्ववर्ती शोधहरूको निष्कर्ष र स्थापित सिद्धान्तको जगमा उभिएर स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतालाई सैद्धान्तिक रूपमा पुष्टि गर्नु नै यस अध्यायको मूल ध्येय रहेको छ ।

## सङ्कथनको परिचय

सङ्कथनलाई समग्र अर्थपूर्ण कथन भनिन्छ । “वाक्यभन्दा माथिल्लो र स्वयम्‌मा पूर्ण अभिव्यक्तिलाई सङ्कथन भनिन्छ” (अधिकारी, २०६२, पृ. २५०) । कुनै निश्चित परिवेशमा कुनै निश्चित सन्दर्भलाई समेटेर आउने भाषाको रूपलाई सङ्कथन भनिन्छ । भाषाले भाषालाई आधार मानेर समेट्न सक्ने अर्थको खोजी नै सङ्कथनमा हुने गर्छ । “भाषाको विस्तारित सघन एकाइ वा सिङ्गो अभिव्यक्ति सङ्कथन हो” (भुसाल, २०७०, पृ. १८७) । सम्प्रेषणात्मक क्षमता अनिवार्य रूपमा रहेको एक वाक्यदेखि अनेक वाक्यका संयोजनबाट कुनै खास सन्दर्भको अर्थ बुझाउने भाषाको उच्चतम एकाइ नै सङ्कथन हो । “सङ्कथनले भाषाको सन्दर्भपूर्ण कथनको सिङ्गो पक्षलाई जनाउँछ” (अधिकारी, २०७४, पृ. २७०) । एउटा सारपूर्ण कथनदेखि लिएर बृहत्तर कथनसम्म विस्तारित भएको भाषिक संरचना सङ्कथन हो । सङ्कथन कुनै पनि विषयवस्तु, घटनाप्रसङ्ग वा विचारको साङ्गोपाङ्गो अभिव्यक्ति हो । यसमा वाक्यहरूको सिलसिलाबद्ध प्रस्तुतीकरण रहन्छ । सङ्कथनले सिङ्गो कथनकै पूर्ण संरचनाको खोजी पनि गर्छ । “कुनै सन्दर्भमा आशयसहित वा सन्देशसहित

आएको सुश्रृङ्खलित पाठ नै सङ्कथन हो” (न्यौपाने, २०७९, पृ. ६३५) । मौखिक वा लिखित अभिव्यक्ति, प्रायोगिक लेखन, साहित्यिक विधा आदि सङ्कथनअन्तर्गत पर्छन् । कुनै प्रवचन, भाषण, संवाद, कुराकानी, छलफल, अन्तर्वार्ता, चिठीपत्र, प्रतिवेदन, विज्ञापन, लेख, मुक्तक, कथा, गीत आदि सङ्कथन हुन् (गौतम, २०६८, पृ. ५७१) । सङ्कथनले वाक्यका संरचना भित्रका सिलसिला तथा अर्थलाई एकीकरण गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

सङ्कथन भाषाको सानो पददेखि वृहत्त वाक्यसम्ममा विस्तारित हुन्छ । सङ्कथनले भाषिक संरचना र अर्थ सम्बन्धलाई सङ्केत गरिरहेको हुन्छ । सङ्कथनले भाषाको वाक्यभन्दा माथिल्लो प्रयोग विस्तारलाई जनाउँदछ (अधिकारी, २०६५, पृ. २५०) । सङ्कथन मानवीय अभिव्यक्तिको एउटा पूर्ण, सिङ्गो र अर्थयुक्त स्वरूप हो ।

सङ्कथन शब्द अङ्ग्रेजीको ‘डिस्कोर्स’बाट आएको हो । ‘डिस्कोर्स’को व्युत्पत्ति ल्याटिन भाषाको ‘डिस्कोर्स’बाट आएको हो । ‘डिस्कोर्स’ हुँदै यसले अङ्ग्रेजी भाषामा ‘डिस्कोर्स’को रूप प्राप्त गरेको हो । ‘डिस्कोर्स’को अर्थ ‘टु रन’, ‘टु रन अन’, ‘टु रन टु एनफ्रो हुन्छ जसको नेपाली रूपान्तरण क्रमशः दौडनु, दौडिरहनु, अगि पछि गर्दै दौडनु भन्ने हुन्छ (भण्डारी, २०१२, पृ. ८) । व्युत्पत्तिगत अर्थलाई हेर्ने हो भने यसले कुनै विषयमा विचार प्रकट गर्नु भन्ने बुझिन्छ । “भाषाले वास्तविक सन्दर्भलाई समेटेको हुन्छ । जहाँ सन्दर्भ समायोजित हुन्छ, त्यहीँ सङ्कथनको संरचना निर्माण भएको हुन्छ । वास्तवमा सङ्कथन त्यस्तो भाषिक अभिव्यक्ति हो जुन एकसार वाक्यका रूपमा वा यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ” (गौतम, २०६८, पृ. ५७१) । यसमा भाषाका सूक्ष्मदेखि बृहत्तर सम्पूर्ण एकाइहरू समाविष्ट भएका हुन्छन् ।

सङ्कथनअन्तर्गत कुनै भाषा कुनै विषयमा भएको निश्चित लेखन, कुराकानी, कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्तिहरू आउँछन् । “सम्प्रेषणात्मक क्षमता भएको भाषिक एकाइ भएकोले यो सम्पूर्णताको भाषिक उच्चारसँग सम्बन्धित हुने गर्छ” ( भण्डारी र नेपाल, २०६७, पृ. ११) । सङ्कथनमा प्रस्तोताले आफूलाई अभिव्यक्ति कर्ताका रूपमा प्रस्तुत गरेको हुन्छ । यसले कुनै विषय वा व्यक्तिप्रति आफूलाई केन्द्रित गरेको हुन्छ । सङ्कथनमा वक्ता, श्रोता र विषय पूर्ण रूपमा अपेक्षित हुन्छ । यसमा वक्ताको अभिवृत्तिमाथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि बृहत्तर भाषिक एकाइका पाठको समेत अध्ययन हुन्छ ।

सङ्कथनमा सम्प्रेषणीयता र प्रयोजनपरकता मूलभूत विशेषता मानिन्छ । गौतम ( २०६८) ले ह्याम्स (१९७२) को सन्दर्भ दिँदै भनेका छन् "औपचारिक व्याख्यान, भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विषय विमर्श, परामर्श, संवाद, बातचित, भलाकुसारी, ठट्यौली, चिठीपत्र, प्रतिवेदन, समाचारपत्रका लेख, विज्ञापन, गीति सङ्कथन साथै आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्चतहका कथन संरचना लगायत जुनसुकै पाठ पर्छन्" (पृ. ५७१) । सङ्कथन कथ्य र लेख्य भाषामा भएको अभिव्यक्ति हो । पछिल्लो समयमा साङ्केतिक भाषालाई पनि सङ्कथन भित्र समावेश गरिएको पाइन्छ । सुरु सुरुमा सङ्कथनले कथ्य अभिव्यक्तिअन्तर्गतका भाषण, वार्तालाप जस्ता औपचारिक अभिव्यक्तिलाई बुझाउँथ्यो भने पछि आएर सामान्य बोलीचालीको भाषा हुँदै लिखित अभिव्यक्तिलाई पनि सङ्कथनका रूपमा चिनिन थालेको पाइन्छ । कथ्य, लेख्य र साङ्केतिक जस्ता सङ्कथनका माध्यमबाट अभिव्यक्त भाषिक विचारलाई सङ्कथन विश्लेषणअन्तर्गत चर्चा गर्न सकिन्छ ।

सङ्कथनको परिभाषाका सन्दर्भमा सबै विद्वान्को एकै किसिमको मत पाइन्न । सबै विद्वान्ले आफ्नै मान्यता, विचार र दृष्टिकोणमा अडिएर सङ्कथनको परिभाषा दिएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ : चमस्कीका अनुसार सङ्कथन सामर्थ्य भाषिक सामर्थ्यको एउटा अंश हो । डेभिड क्रिस्टल (सन् २००३, पृ. १४१-१४२) का अनुसार सङ्कथन वाक्य भन्दा माथिको खास गरी कथ्य भाषाको निरन्तर फैलावट हो । यो आफैँमा पूर्ण र सङ्गठित हुन्छ । एलेर र कर्डरका अनुसार भाषिक सङ्केतको उत्पादनका रूपमा सङ्कथनलाई लिन सकिन्छ । माइकल म्याकर्थीका अनुसार सङ्कथन विश्लेषण भाषा कुन सन्दर्भमा प्रयोग भएको छ, त्यसबिचको अन्तर्सम्बन्धको विश्लेषण हो ।

लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एन्ड एप्लाइड लिङग्विस्टिक्स (सन् १९९९) अनुसार सङ्कथन भनेको कुनै सम्प्रेषणात्मक कार्यका लागि उत्पादित भाषागत परिणामलाई बुझाउने भाषिक प्रयोग उदाहरणहरूका निम्ति प्रयुक्त हुने उक्ति हो । त्यस्तै सङ्कथन विश्लेषण भनेको अनुच्छेद, संवाद र अन्तर्वार्ता आदि कथ्य लेख्य भाषाका लामा र अर्थपूर्ण एकाइका वाक्यहरूको बनोट प्रक्रियाहरूको अध्ययन हो । इन्साइक्लोपेडिक डिक्सनरी अफ एप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९९९) अनुसार सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ, उद्देश्य र एकत्वसम्बन्धी ग्रहण प्रक्रियाहरू कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो । माइकेल स्टप्स (सन् १९८३) अनुसार

भाषाविद्हरूले निर्माण गरेका वाक्यहरू एक्ला वा सन्दर्भविहीन छैनन् र एक आपसमा अन्तर्सम्बन्धित छन् भने सङ्कथन भनिन्छ र तिनै सान्दर्भिक कथ्य भएका वाक्यहरूको अध्ययनलाई सङ्कथन विश्लेषण भनिन्छ ।

जेलिङ एस.हयारिस (सन् १९५२) अनुसार सङ्कथन भनेको वाक्यहरूको अन्तर्सम्बन्ध हो । ब्राउन र युलका अनुसार सङ्कथन विश्लेषण भाषा प्रयोगको विश्लेषण हो । त्यस्तै गाइकुकका अनुसार सङ्कथन भनेको भाषिक प्रवाह हो । यो निश्चित परिणामसम्म पुऱ्याउने हुन्छ । दर्शनशास्त्र, राजनीतिशास्त्र, साहित्य वा धर्मशास्त्रका विषयमा बोलिएका र लेखिएका कुराको छलफल नै सङ्कथन हो । ग्रन्थ र शोधपत्रसँग यसको नजिकको सम्बन्ध छ । त्यस्तै डेबिड नुनानका अनुसार एक आपसमा अन्तरसम्बन्धित वाक्यको भाषिक फैलावट सङ्कथन हो । अधिकारी (२०६५, पृ. २५०) का अनुसार सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ भनिएको छ ।

विभिन्न विद्वान्ले दिएका माथिको परिभाषाअनुसार सङ्कथन भन्नाले वाक्यभन्दा ठुलो भाषाको नटुक्रिएको एकाइ भन्ने बुझिन्छ । संरचनात्मक आधारमा हेर्दा वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । सङ्कथन आफैँमा पूर्ण र स्वतन्त्र अभिव्यक्ति पनि हो । यो निरन्तर भाषिक प्रवाह पनि हो । यसमा एकभन्दा बढी वाक्यीय संरचना आएका हुन्छन् । सङ्कथन छोटो वा लामो आयाममा प्रस्तुत हुन सक्छ । भावको सम्प्रेषण गर्न सक्ने क्षमता राख्ने सङ्कथन औचित्यपूर्ण र अर्थपूर्ण हुने गर्छ ।

**सङ्कथनका प्रकार**

सङ्कथनलाई मूलतः भाषिक अभिव्यक्ति मानिन्छ । विचार र भावनालाई व्यक्त गर्ने माध्यमका आधारमा अभिव्यक्तिहरू फरक-फरक हुन सक्छन् । यस्तो अभिव्यक्ति समान्य वा विशिष्ट विभिन्न प्रकृतिको हुन्छ । सङ्कथनलाई मुख्य गरी कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ (पौडेल र पोखरेल, २०८०, पृ. ६) ।

***कथ्य सङ्कथन***

भाषाको मौखिक माध्यमबाट गरिने सम्प्रेषणीय अभिव्यक्ति नै कथ्य सङ्कथन हो । यो मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । "मौखिक अभिव्यक्तिसँग सम्बद्ध सम्प्रेषणीय कथनलाई कथ्य सङ्कथन भनिन्छ" (लामिछाने, २०७०, पृ. ११) । वक्ता र श्रोताको प्रत्यक्ष

संलग्नता अनिवार्य मानिन्छ । यी दुईबिचमा हुने मौखिक सम्प्रेषणलाई नै कथ्य सङ्कथन मानिन्छ (पौडेल र पोखरेल, २०८०, पृ. ६) । यसमा वक्ता र श्रोताको आम्नेसाम्नेको स्थिति आवश्यक हुन्छ । कथ्य सङ्कथनमा वक्ता र श्रोता दुबै प्रमुख रहन्छन् । यस सङ्कथनमा वक्ता र श्रोताका माध्यमबाट घटित हुने कथन घटना पर्छन् । गफ, कुराकानी, कथाकथन, मौखिक वर्णन, छलफल, ठट्यौली, वार्ता, विवाद, निन्दा, गाली, भाषण, प्रवचन, आज्ञा, निर्देशन आदि जस्ता मौखिक क्रियाकलापहरू कथ्य सङ्कथनमा पर्छन् । सङ्कथनले औपचारिक अनौपचारिक दुबै कथ्य भाषिक अभिव्यक्तिलाई समेट्छ ।

कथ्य सङ्कथनमा सहभागी वक्ता र श्रोताका बिचमा सामाजिक, साँस्कृतिक पृष्ठभूमिले पनि कथ्य सम्प्रेषणको भाव बोधमा उल्लेख्य भूमिका प्रसङ्गानुसार निर्वाह गरेको हुन्छ । त्यसै गरी कथ्य अभिव्यक्तिका क्रममा आलोपालो, हाउभाउ र अङ्ग सञ्चालन जस्ता गतिविधिको पनि उपयोग गर्न सकिन्छ । वक्ता र श्रोताका बिचमा परस्परमा सहयोगात्मक भूमिका रहन्छ । यसमा दुबै पक्षको समझदारी हुन्छ । कथ्य अभिव्यक्तिका क्रममा टुक्का, थेगो, निपात, अपूर्ण वाक्य जस्ता कुराको पनि प्रयोग गर्न सकिन्छ । कथ्य सङ्कथन कुनै नियम वा व्याकरणीय प्रणालीमा ऐच्छिक घटकका रूपमा अर्थात् निरपेक्ष रूपमा प्रयोग हुने हुँदा बढी सहज, सरल, प्राकृतिक र लचिलो हुन्छ ।

***लेख्य सङ्कथन***

भाषाको लिखित स्वरूपमा व्यक्त गरिने सम्प्रेषणीय अभिव्यक्तिलाई लेख्य सङ्कथन भनिन्छ । यो लेखक र पाठकसँग सम्बन्धित हुन्छ । अधिकारी (२०६५) का अनुसार “भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन लेख्य सङ्कथन हो” (पृ. २५४) । विभिन्न विषय क्षेत्रसँग सम्बन्धित लिखित सूचना, चेक, भौचर, रसिद, चिठीपत्र, विद्यार्थीहरूको उत्तरपुस्तिका, लेख, विज्ञापन, साहित्यिक वा साहित्येत्तर रचना आदि लेख्य सङ्कथन भित्र पर्छन् । लेख्य सङ्कथनमा लेखकका सामुन्नेमा पाठक उपस्थित हुँदैनन् । पाठकको केवल अपेक्षा मात्र गरिएको हुन्छ । लेख्य सङ्कथनमा कुनै त्रृटि भएमा तुरुन्त त्रुटि सुधार गर्ने अवसर हुँदैन । यसमा लेखकले पाठकलाई तत्कालै स्पष्टीकरण दिने मौका पनि दिँदैनन् । त्यसैले अभिव्यक्तिका क्रममा लेखकले के लेख्दैछु भन्ने कुरामा बढी सचेतता अपनाउनु पर्छ । लेख्य सङ्कथनमा भाषिकेतर तत्त्व मुखमुद्रा, सङ्केत, अङ्ग सञ्चालनको उपयोग गर्न सम्भव हुँदैन । यही विविध कारणले लेख्य सङ्कथन पूर्ण रूपमा भाषातत्त्वमा निर्भर हुने

गर्दछ । यसकारणले गर्दा कथ्य सङ्कथनका तुलनामा लेख्य सङ्कथन बढी विशिष्ट, जटिल र औपचारिक किसिमको हुन्छ । “लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य र सिर्जनात्मकता जस्ता कुराहरू टड्करो रूपमा रहेको देखिन्छ” (पौडेल र पोखरेल, २०८०, पृ. ८) । पाण्डुलिपि र मुद्रित गरी सङ्कथन दुई प्रकारका मानिने कुरा उल्लेख गरिएको छ ।

कथ्य सङ्कथनभन्दा लेख्य सङ्कथनको भाषा खँदिलो र सङ्गठित हुन्छ । यसमा कथ्य सङ्कथनमा जस्तो थेगो, निपात, अपूर्ण वाक्य र अव्याकरणिक वाक्यको प्रयोग हुँदैन । लेख्यमा प्रयोग हुने भाषा शुद्ध, स्तरीय, मानक र व्याकरणका हिसावले समेत उपयुक्त हुन्छ । लेख्य सङ्कथन बुझ्न शिक्षित, साक्षर र बौद्धिक पाठकको आवश्यकता पर्छ । लेख्य सङ्कथन बढी जटिल प्रकृतिको हुने हुँदा बढी अप्राकृतिक, कृत्रिम, कम गतिशील, कर्मवाच्य र भाववाच्य आदिको प्रयोग भएको पाइन्छ । यस भित्र कथा, कविता, जीवनी, नाटक, प्रतिवेदन, चिठी, निबन्ध, लिखित सूचना, विज्ञापन, संविधान, ऐन नियम आदि जस्ता सामग्रीहरू पर्छन् ।

***साङ्केतिक सङ्कथन***

मौखिक र लिखित अभिव्यक्तिको रूपमा व्यक्त नगरी विशेष प्रकारका सङ्केत, इसरा वा चिह्नमा आधारित अभिव्यक्तिलाई बुझाउँछ । यसमा ध्वनि वा अक्षरको सट्टा सङ्केत भाषाको प्रयोग गरिन्छ । यस्ता किसिमको सङ्केत विशेष अवस्थामा प्रयोजनीय र कुनै सन्दर्भ विशेषमा मात्र अर्थ प्रदान गरेको देखिन्छ (पौडेल र पोखरेल, २०८०, पृ.९) । यसअन्तर्गत साङ्केतिक अन्तरक्रिया, इसाराहरू, विभिन्न खेलकुदमा प्रयोग हुने चिह्न ( सिट्ठी बजाउनु, रातो कार्ड, पहेलो कार्ड, हातको इसारा), सडकमा प्रयोग हुने सार्वजनिक सङ्केत (ट्राफिक लाइट, ट्राफिकको इसारा, जेब्रा क्रसिङमा राखिएका चिह्न आदि) पर्दछ । यसमा सङ्केतहरूको पूर्वज्ञान हुनु अनिवार्य मानिन्छ । यस सङ्केतको आधारमा अर्थ सम्प्रेषण र बोध हुने गर्छ । यसमा विभिन्न चिह्न वा सङ्केतको माध्यमबाट निश्चित अर्थ प्राप्त गरेको देखिन्छ ।

**सङ्कथनका युक्ति**

सङ्कथन सम्प्रेषणको प्रक्रिया हो । यसलाई अर्थपूर्ण, श्रृङ्खलाबद्ध र व्यवस्थित बनाउन प्रयोग गरिने भाषिक एवम् वैचारिक जोर्नीहरूलाई युक्ति भनिन्छ । सङ्कथन

सम्प्रेषणीय बन्नका लागि सङ्कथन निर्माणमा प्रयुक्त भाषिक घटकको बाह्य तथा आन्तरिक रूपमा उचित संयोजन हुनुपर्छ । सङ्कथनलाई बाह्य र आन्तरिक रूपमा व्यवस्थित, क्रमबद्ध, अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्त्व नै सङ्कथनका युक्ति हुन् । सङ्कथन विश्लेषणमा युक्तिले पाठलाई एउटा पूर्ण र सिङ्गो एकाइका रूपमा स्थापित गर्न कन्द्रीय भूमिका खेल्दछ । सङ्कथन बन्नका लागि आवश्यक पर्ने भाषिक एकाइ अथवा जोर्नीहरू नै सङ्कथनका युक्ति हुन् । ती युक्ति सम्बद्धक (संसक्ति) र सम्बद्धन (संयुक्ति) गरी दुई प्रकारको हुन्छन् (पौडेल, २०६९, पृ.२४) । पाठ रचनाका क्रममा प्रयोग हुने भाषिक संरचना र त्यसको अर्थगत अन्तः सूत्र अन्वितिपूर्ण र अर्थपूर्ण हुनु आवश्यक छ । यस्ता युक्ति निम्नानुसार छन् :

***संसक्ति***

वाक्य वा सोभन्दा माथिल्ला एकाइलाई एकआपसमा अन्तर्सम्बन्धित गराउने भाषिक तत्त्व नै संसक्ति हो । यसले पाठभित्रका व्याकरणिक तथा शाब्दिक एकाइलाई जोड्ने काम गर्छ । यसलाई भाषिक जोर्नी, जोडक वा अन्वयक पनि भनिन्छ । भाषिक अभिव्यक्तिलाई प्रभावकारी र अर्थपूर्ण बनाउन विविध भाषिक जोर्नीहरूको आवश्यकता पर्छ । भाषाका विभिन्न एकाइबिच सम्बन्ध स्थापित गर्न प्रयोग गरिने युक्तिलाई संसक्ति भनिन्छ ।

वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बिच अन्तरसम्बद्ध जनाउन आउने सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ । यो शब्द, पदावली, उपवाक्य एवम् वाक्यका बिच शृङ्खला वा अन्विति दर्साउन आउने एक किसिमको युक्ति हो । यसलाई भाषिक एकाइका बिचको अन्वयक वा जोडक पनि भन्न सकिन्छ । सङ्कथनमा सम्बद्धकलाई वाक्य भन्दा माथिल्लो तहमा अन्तरवाक्यीय सम्बद्धताका लागि प्रयोग हुने भाषिक जोर्नीका रूपमा लिइन्छ (अधिकारी, २०६७, पृ. २५२, २५३) । यसले एक अर्को तत्त्वलाई आपसमा जोड्ने काम गर्दछ ।

सम्बद्धकले पाठभित्रका भाषिक एकाइहरूलाई निश्चित सम्बद्ध सूत्रमा आबद्ध गर्न सहयोग पुऱ्याउँछ । रचनाको रूपस्तरभन्दा माथिल्लो एकाइलाई एकजुट पार्न सहयोग गर्ने युक्ति भएकाले यो स्थूल प्रकृतिको हुन्छ । सङ्कथन विश्लेषणमा संसक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । "सङ्कथनमा अभिव्यक्त विषयवस्तु वा विचारको शृङ्खलालाई यिनले कतै विस्तार गर्न, कतै स्पष्टीकरण दिन, कतै थपोट गर्न, विकल्प दर्साउन, विपरीत स्थिति

देखाउन, शब्दहरू दोहोरिन नदिन, तुलना गर्न, व्याख्या गर्न आदि विभिन्न सम्बद्ध जनाउन मद्दत गर्दछन्" (अधिकारी, २०६७, पृ. २५२-२५३) । सम्बद्धक विभिन्न प्रकारको रहेका छन् । सम्बद्धकमा प्रकारका सन्दर्भमा विद्वान्हरूबिच मतभिन्नता रहेको पाइन्छ । ह्यालिडे र हसन (सन् १९७६) ले प्रसङ्ग, प्रतिस्थापन, लोप, संयोजन र कोशीय गरी सम्बद्धकलाई पाँच भागमा विभाजन गरेका छन् ।

***संयुक्ति***

सङ्कथनको आन्तरिक पक्ष वा भाषिक संरचनामा टेकेर प्राप्त हुने सन्दर्भगत अर्थसँग सम्बन्धित विशिष्ट पक्षलाई संयुक्ति भनिन्छ । यसलाई अङ्ग्रेजीमा 'कोहेरेन्स' र नेपालीमा 'सम्बद्धन' पनि भन्ने गरिन्छ । संयुक्तिको शाब्दिक अर्थ संयुक्त भएको अवस्था वा संयोग भन्ने हुन्छ । सङ्कथनमा प्रयोग भएका वाक्य वा वाक्यभन्दा माथिल्ला एकाइमा अभिव्यक्त भएका विचारबिच आपसी सम्बन्ध सिर्जना गरी विषयवस्तुलाई स्पष्ट बनाउनका लागि संयुक्तिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । पाठमा निहित अर्थतात्त्विक, निदर्शनात्मक र तार्किक सम्बन्धलाई व्यवस्थित राख्ने प्रक्रिया नै संयुक्ति हो । यसले भाषिक सम्प्रेषणमा विशेष जोड दिँदै अर्थ, निदर्शन र तर्कलाई आपसमा आबद्ध गर्छ ।

पाठको सतही बनोट व्यवस्था वा संरचनात्मक सङ्गठनसँग संसक्तिको प्रत्यक्ष सम्बन्ध रहन्छ भने पाठको भित्री वा गहिरो तहको सङ्गठन व्यवस्था संयुक्तिले निर्धारण गर्छ । सङ्कथन संयोजनको विशिष्ट स्थितिलाई बुझाउँछ । यस संयुक्तिले विषयवस्तुको भित्री तहमा विचारलाई उनेर शृङ्खलित र अन्वितिपूर्ण बनाउँछ । सतही पाठमा लुकेर रहने अमूर्त गुण हुन्छ । यसलाई प्रत्यक्ष रूपमा देखाउन सकिँदैन । डेभिड नुनानका अनुसार "जुन सङ्कथनले असम्बन्धित वाक्यहरू वा बोलीहरूको समूहलाई भन्दा प्रासङ्गिक ढाँचालाई आफ्नो क्षेत्रका रूपमा ग्रहण गर्दछ, त्यसलाई नै सम्बद्धन भनिन्छ" (ढुङ्गेल र दाहाल, २०६८) । संयुक्तिले सङ्कथनलाई अर्थको विशृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँदै सम्प्रेषणीय तुल्याउँछ ।

संयुक्ति मुख्यतया भाषिक संरचनामा टेकेर प्राप्त हुने परिवेशगत अर्थमा आधारित हुन्छ । पाठको बोध र बुझाइसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहन्छ । मानिसले आफ्नो वरपरको परिवेशमा जे देख्छ, अनुभव गर्छ वा बुझ्छ, त्यसै अनुरूप धारणा निर्माण गर्छ । यस अवधारणालाई कथ्य वा लेख्य अभिव्यक्तिका माध्यमबाट सम्प्रेषण गर्छ । संयुक्तिले

प्रस्तोता र बोद्धाको कथनगत परिवेशलाई पाठको सन्दर्भ बुझ्ने अनिवार्य सर्तका रूपमा ग्रहण गरेको देखिन्छ (पौडेल र पोखरेल, २०८०) । यसले कुनै पनि पाठको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जनाउँदै भाषिक अर्थ, विचार वा अनुभूतिलाई सिलसिलाबद्ध गराउँछ । आदि, मध्य तथा अन्त्यका वाक्य एवम् उपवाक्यहरूबिच तार्किक सम्बन्धको खोजी गर्छ ।

सङ्कथन अभिव्यक्तिको अर्थगत वा वैचारिक सिलसिला जोड्ने गर्छ । यसले संसक्तिलाई आधार मानी सम्प्रेषण र सञ्चारको कार्यलाई पूर्णता दिन्छ । "सामान्य अर्थमा सम्बद्धनले अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँछ" (अधिकारी, २०६७, पृ. २५४) । सङ्कथनको भाषा मात्र नभएर वक्ता वा बोद्धाको विभिन्न परिवेशगत पृष्ठभूमि, ज्ञान र पूर्व अनुभवले पनि संयुक्तिलाई निर्देशित गर्ने गर्दछ । अतः पाठको अन्तःसूत्र पहिल्याउन त्यसको सन्दर्भार्थ, निहितार्थ, प्रसङ्गार्थ तथा अन्य प्रभावक तत्त्वको बोध हुनु अपरिहार्य मानिन्छ । संयुक्तिले सङ्कथनभित्र अन्तर्निहित विचार, भाव वा विषयवस्तुलाई आपसमा आबद्ध गरी एउटा सग्लो र अर्थपूर्ण स्वरूप प्रदान गर्दछ । सङ्कथनमा संयुक्ति वा सम्बद्धन पहिचान गर्ने विविध आधारहरूलाई (पोखरेल, २०६९, पृ. २६) ले विस्तृत रूपमा उल्लेख गरेका छन् :

> सामान्य-विशिष्ट वा विशिष्ट-सामान्य सम्बन्ध, कार्यकारण वा कारणकार्य सम्बन्ध, प्रभाव र प्रतिफल वा असरको सम्बन्ध, तुलनात्मक वा व्यतिरेकी तुलनाको सम्बन्ध, प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध, आर्थी पर्याय वा आर्थी विपर्याय सम्बन्ध, स्पष्टोक्ति, परिवेश र घटना वा घटना र परिवेशको सम्बन्धहरू पर्छन् । त्यसै गरी प्रयोजन, अनुमान, परिचयात्मक वा व्याख्यात्मक सम्बन्ध, समुच्चयबोधक, निहितार्थ, पुनरुक्ति, रीतिबोधक, शीघ्रताबोधक, स्मरण, अनुक्रमबोधक, प्रश्नोत्तर, प्रश्नार्थक, आज्ञार्थ, युगबोधक, सन्निधान तथा इन्द्रिय र मस्तिष्कको सम्बन्ध जस्ता पक्षहरूले संयुक्ति पहिचानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । यसरी संयुक्तिले सङ्कथनलाई अर्थपूर्ण, सिलसिलाबद्ध र तार्किक रूपमा सम्प्रेषणीय बनाउन मद्दत पुऱ्याउँछ ।

**सङ्कथनका तत्त्व**

कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन् । सङ्कथनलाई पूर्ण अभिव्यक्तिका रूपमा ढाल्न भूमिका खेल्ने तिनै विविध पक्षहरू नै सङ्कथनका तत्त्व हुन् । सङ्कथनलाई पूर्ण बनाउने शृङ्खलामा प्रयुक्त तत्त्वलाई सम्प्रेषणात्मक तत्त्वका रूपमा लिन सकिन्छ । अधिकारी (२०६७) का अनुसार सङ्कथनका तत्त्व निम्नानुसार रहेका छन् :

***प्रस्तोता***

सङ्कथनमा आफ्ना विचार, भावना वा अभिव्यक्ति प्रस्तुत गर्ने मूल पात्रलाई प्रस्तोता भनिन्छ । अभिव्यक्ति प्रस्तुतकर्ता नै प्रस्तोता मानिन्छ । सङ्कथनमा प्रस्तोता वा वक्ताको केन्द्रीय भूमिका हुन्छ । प्रस्तोता वा वक्तालाई अभिव्यक्ति कर्ता वा सम्बोधक पनि भन्न सकिन्छ । कुनै पनि सङ्कथनको सम्प्रेषण कार्यको उठान कर्ता, उत्पादक वा सञ्चालकको भूमिका प्रस्तोताले नै खेलेको हुन्छ । “सम्प्रेषणात्मक गतिविधिहरू सञ्चालन गर्दा पाठक/श्रोता वा बोद्धाको ध्यान आकर्षित गर्ने, ध्यानलाई अर्कैतिर मोड्ने, बोद्धाको स्तर अनुरूप विषयवस्तु प्रस्तुत गर्ने र विषयवस्तु प्रभावकारी बनाउन विभिन्न उपायहरू गर्ने जस्ता काम प्रस्तोताले गर्छ” (पौडेल, २०६९, पृ. २९) । सङ्कथनमा प्रस्तोताको महत्त्वपूर्ण भूमिका हुन्छ ।

***बोद्धा***

बोद्धा भनेको श्रोता, प्रापक वा पाठक हो । बोद्धालाई सम्बोधित पनि भनिन्छ । “सङ्कथन जसप्रति लक्षित देखिन्छ, त्यो नै बोद्धा मानिन्छ” (पौडेल र पोखरेल, २०८०, पृ. १६) । सङ्कथनमा प्रस्तोता जस्तै महत्त्वपूर्ण भूमिका बोद्धाको रहेको हुन्छ । बोद्धाका विभिन्न भूमिकाहरू देखिन्छन् । कथ्य सङ्कथनमा सक्रिय र प्रत्यक्ष रूपमा उपस्थिति देखिने गर्छ । “सङ्कथनात्मक सम्प्रेषणका क्रममा प्रस्तोताले उठान गरेका कुरालाई ग्रहण गर्ने थलो नै बोद्धा हो” (पौडेल, २०६९, पृ.३०) । संवादका सन्दर्भमा बोद्धा छिनछिनमा भूमिका परिवर्तन गरी प्रस्तुत हुन्छन् ।

***माध्यम***

सङ्कथन अभिव्यक्त हुने वा सूचना प्रवाहित हुने तरिकालाई माध्यम भनिन्छ । यसले प्रस्तोता र बोद्धाका बिच सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण कार्य गर्छ । यसका प्रमुख माध्यमहरू कथ्य (मौखिक) र लेख्य (लिखित) हुन् । यसै माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । "रेडियो, टिभी, पत्राचार, संचारका साथसाथै रङ्को संयोजन र सङ्केत चिह्नहरूद्वारा पनि विचारको सम्प्रेषण हुन सक्छ" (ढकाल, २०६९/७०, पृ. २६८) । यी सबै विषयवस्तु प्रकट गर्ने माध्यम वा मार्ग हुन् । त्यस्तै विभिन्न सङ्केत चिह्न पनि सङ्कथनका माध्यमका रूपमा प्रयोग हुन्छन् ।

***सूचनाको स्वरूप***

सूचनाको स्वरूपले सङ्कथनको स्वरूपलाई प्रत्यक्ष प्रभाव पार्छ । सङ्कथनको अभिव्यक्तिगत विविधतामा सूचनाको स्वरूपले प्रत्यक्ष प्रभाव पारेको हुन्छ (भण्डारी र नेपाल, २०६७, पृ. १९) । सङ्थनअन्तर्गतका विभिन्न विधाहरू जस्तै कुराकानी, संवाद, गफ, छलफल, वर्णन, वादविवाद, चिठी, निवेदन तथा विज्ञापन आदिमा एउटै विषयलाई पनि भिन्न-भिन्न ढाँचामा प्रस्तुत गर्न सकिने सम्भावना रहन्छ । प्रस्तुतिको क्रममा सङ्कथनमा जटिलता र सरलताका साथै सघनता र शिथिलताको अवस्था देखिन्छ । यसका कारण सूचनाको स्वरूपलाई सङ्कथनको एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ (लामिछाने, २०६९, पृ. १९०) । सङ्कथनको समग्र बनोटलाई सूचनाको स्वरूप र यसको प्रकारले नै भिन्नता प्रदान गर्छ । प्रस्तोताको दृष्टिविन्दुको आधारमा पनि सङ्कथनको स्वरूपमा विविधता आउन सक्छ । यसले विषयवस्तुको सङ्गठनमा सरलता, जटिलता वा सघनता जस्ता पक्षहरूलाई प्रस्टसँग दर्शाउने कार्य गर्छ ।

***विषय***

कुनै पाठको केन्द्रीय अभिव्यक्ति वा कथ्य नै त्यसको विषय हो । विषयवस्तु वस्तुप्रधान, घटनाप्रधान वा व्यक्तिप्रधान के कस्तो छ त्यसले पनि सङ्कथनलाई निर्देशित गर्ने हुन्छ । वर्णणीय वस्तु, घटना, सहभागिता जस्ता कुराहरूबाट सङ्कथनको स्वरूपमा प्रशस्त प्रभाव पारेको हुन्छ (अधिकारी, २०६७, पृ. २५७) । शीर्षक वा विषय नभएमा भन्ने व्यक्तिले भन्ने कुरा र लेख्नेले लेख्ने कुरा पाउँदैन । त्यस्ता विषयले सङ्कथनलाई प्रभावित पार्दछन् ।

***कोड***

कोडलाई भाषिक सङ्केत पनि भनिन्छ । कोड भनेको भाषा हो । भाषाको विविध स्वरूप पनि हो । सङ्कथनमा मानक वा अमानक, औपचारिक वा अनौपचारिक, शिष्ट वा अशिष्ट, तत्सम वा आगन्तुक आदि कोडको प्रयोग गरिएको हुन्छ । त्यसैले कोड प्रयोगको विविधताले पनि सङ्कथनलाई विभेदित गर्ने महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (पौडेल, २०६९, पृ. ३०) । कुनै सङ्कथन मानक कोडमा प्रस्तुत भएको हुन्छ भने कुनै सङ्कथन स्थानीय भाषिक कोडमा पनि प्रस्तुत भएको हुन्छ ।

***परिवेश***

विषयवस्तुको प्रस्तुतिसँग आबद्ध परिवेशले पनि सङ्कथनको महत्त्वपूर्ण तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ । कुनै घर, परिवार, छिमेकी, हाट, बजार, बैठक, सभा समारोह, गोष्ठी आदि औपचारिक वा अनौपचारिक स्थितिका विविध सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिविम्बित गर्छ । “परिवेश स्थानिक र कालिक, बाह्य र आन्तरिक, प्राकृतिक र अप्राकृतिक, सामाजिक र सांस्कृतिक, व्यावसायिक र आर्थिक आदि विभिन्न किसिमको हुन सक्ने देखिन्छन्” (पौडेल र पोखरेल, २०८०, पृ. २१) । परिवेशलाई देश, काल र परिस्थितिलाई समेत बुझाउँछ । परिवेशलाई भाषिक र अभाषिक दुई भागमा बाँड्न सकिन्छ । विश्लेषित सङ्कथनको ठिक अगाडि वा पछाडि परिवेशलाई भाषिक परिवेश भनिन्छ । जुन परिवेशमा विश्लेषण गरिने सङ्कथनको प्रयोग हुन्छ त्यसलाई अभाषिक वा आनुभाषिक परिवेश भनिन्छ ।

**सङ्कथन विश्लेषणका पद्धति**

पाठको विश्लेषण गर्ने क्रममा कहाँ र कुन विन्दुबाट सुरु गर्ने र कुन प्रक्रियाबाट अगि बढ्ने र कसरी विश्लेषण गर्ने भनी निर्धारण गरिएको खाका नै सङ्कथन विश्लेषणको पद्धति हो । “ज्यालिङ ह्यारिसले सन् १९५२ मा सङ्कथन विश्लेषण पदावलीको प्रयोग गर्दै हेयर टनिकको विज्ञापनको भाषालाई सङ्कथनपरक विश्लेषण गरेपछि सङ्कथन विश्लेषणको सुरूआत भएको मानिन्छ” (पौडेल र पोखरेल, २०८०, पृ. १६) । कुनै पनि पाठको विश्लेषणका क्रममा निश्चित पद्धति वा तरिका अवलम्बन गर्नुपर्छ । विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटनाको बाह्य संरचना र तिनको आन्तरिक अर्थसम्बन्धको खोजी र

अन्वेषण गरिन्छ । सामान्य घटकको पहिचान र विश्लेषण गरी सामान्यतिर जाने हो कि सामान्यबाट विशिष्टतिर जाने हो वा यी दुबैभन्दा भिन्न किसिमले सङ्कथन विश्लेषण गर्ने भन्ने कुराको अध्ययनलाई निश्चित गन्तव्यतिर पुऱ्याउनका लागि पद्धतिको आवश्यकता पर्दछ । यो कुरा सङ्कथन विश्लेषणमा अपनाउने तरिका र विधि वा पद्धतिमा निर्भर रहन्छ । सङ्कथन विश्लेषणका मुख्य गरी तीनओटा पद्धति विकसित भएका छन् । ती पद्धतिमा गौतम (२०६१) को अनुसार ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धति, स्टानोभिच (ई. १९८०) अनुसार अन्तरक्रियात्मक वा मिश्रित पद्धति गरी तीन किसिमका रहेका छन् (पृ. १०) :

***ऊर्ध्वगमन पद्धति***

सङ्कथन विश्लेषणका साना भाषिक एकाइबाट क्रमशः माथितिर जाने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । “यसमा साना भाषिक एकाइबाट सुरु गरेर क्रमशः ठुला भाषिक एकाइतर्फ बढ्ने अध्ययन क्रम अँगालिन्छ” (पौडेल र पोखरेल, २०८०, पृ. १७) । भाषाको सबभन्दा सानो एकाइ (ध्वनि/अक्षर) बाट उच्च तह (पाठ/सङ्कथन) सम्म पुग्ने प्रक्रियाका रूपमा लिने गरिन्छ । सङ्कथन विश्लेषणको यस पद्धतिलाई विशिष्ट भाषिक एकाइबाट सामान्य भाषिक एकाइतिर जाने पद्धतिका रूपमा पनि लिइने गरिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाइलाई पहिचान गरी विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला भाषिक एकाइको खोजी गरिन्छ । यसमा सर्वप्रथम सानो एकाइको व्याख्या र पछि क्रमशः उच्च तहको एकाइको व्याख्या गरिन्छ । यसलाई निम्नानुसार पनि प्रस्तुत गर्न सकिन्छ :

वर्ण - शब्द - वाक्य - अनुच्छेद - पाठ

“भाषाको सबभन्दा सानो एकाइबाट क्रमशः स्थूल एकाइतर्फ अभिमुख भई सङ्कथन बोध र विश्लेषण गर्ने पद्धतिलाई उर्ध्वगमन पद्धति भनिन्छ” (भुसाल, २०७८, पृ.४४) । यसरी तल्लो भाषिक एकाइको विश्लेषण गर्दै माथिल्लो भाषिक एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित हुने पद्धति ऊर्ध्वगमन पद्धति हो । यस पद्धतिमा सञ्चारलाई विभिन्न तहमा विभक्त गरिने भएकाले यसलाई खण्डीय वा अंशकेन्द्री दष्टिकोणका रूपमा मानिन्छ ।

***अधोगमन पद्धति***

पाठको विश्लेषणमा ठुलो भाषिक संरचनाबाट विश्लेषण सुरु गरेर साना भाषिक संरचनातर्फ प्रवेश गरिन्छ । “भाषाको स्थूल एकाइबाट क्रमशः ससाना एकाइतर्फ अभिमुख

भई सङ्कथन बोध र विश्लेषण गर्ने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ" (भुसाल, २०७८, पृ. ४६) । यसमा भाषाको सामान्य पक्षबाट विश्लेषण गरेर क्रमशः विशिष्ट पक्षको विश्लेषणतर्फ केन्द्रित हुन्छ । "यसमा सबैभन्दा पहिले ठुलो भाषिक एकाइको अध्ययन गरेपछि क्रमशः तल्ला भाषिक एकाइहरूको अध्ययन गर्ने क्रम अँगालिन्छ" (पौडेल र पोखरेल, २०८०, पृ. १८) । यसलाई माथिबाट तलतिरको क्रममा पद्धतिका रूपमा पनि लिन सकिन्छ । यसलाई माथिल्लो तहको एकाइबाट तल्लो तहको एकाइमा अभिमुख हुने प्रक्रियाका रूपमा हेरिन्छ । यसमा पाठबाट पाठ संरचक अवयव हुँदै तल्लो एकाइसम्म पुगिने धारणा व्यक्त गरिएको छ । यस पद्धतिमा समग्रतामा सञ्चारलाई हेरिने भएकाले यसलाई अखण्डीय वा पूर्णकेन्द्री दृष्टिकोणका रूपमा लिइने छ ।

***अन्तरक्रियात्मक/मिश्रित पद्धति***

सङ्कथन विश्लेषणको तेस्रो पद्धतिका रूपमा परिचित अन्तरक्रियात्मक पद्धतिलाई रसियन भाषाशास्त्री स्टानोभिचले सन् १९८० को दशकमा विकास गरेका हुन् । पाठ विश्लेषणका क्रममा ऊर्ध्वगमन र अधोगमन दुबै पद्धतिको संयुक्त रूप नै अन्तरक्रियात्मक पद्धति हो । यसलाई मिश्रित पद्धति पनि भनिन्छ । यस अगिल्ला दुबै पद्धतिमा रहेका केही समस्यालाई समधान गर्नका लागि यो पद्धति निर्माण गरिएको हो । यसले ऊर्ध्वगमन र अधोगमनका आधारमा नभई आवश्यकताको सिद्धान्तका आधारमा पाठको विश्लेषण गर्छ । पाठको संरचनात्मक विश्लेषण र पाठकको पूर्वज्ञानबिच सन्तुलन कायम गर्दै अर्थबोध प्रक्रियालाई सहज बनाउनु नै यस पद्धतिको मुख्य विशेषता हो । यसलाई सङ्कथन विश्लेषणको अन्तर्क्रियात्मक वा मिश्रित वा अन्तर्क्रियात्मक पद्धति पनि भनिन्छ ।

**सङ्कथन विश्लेषणसम्बन्धी पुस्तकहरूको पुनरावलोकन**

ह्यालिडे र हसन (सन् १९७६) द्वारा प्रस्तुत अध्ययनमा संसक्तिले पाठभित्र रहेका विभिन्न भाषिक एकाइबिचको सम्बन्धलाई बुझाउँछ । वाक्यहरूको समूहलाई एउटा एकीकृत एकाइको रूपमा स्थापित गर्छ । यस अध्ययनले संसक्तिलाई मुख्यतया पाँच प्रकारमा वर्गीकरण गरेको छ । यसअन्तर्गत निर्देशन, प्रतिस्थापन, लोप, संयोजक र कोशीय संसक्ति पर्दछन् । यी कडीहरूले वाक्यको सीमाभन्दा बाहिर रहेर अर्थको निरन्तरता कायम राख्न मद्दत गर्ने कुरालाई ह्यालिडे र हसन (१९७६) ले जोड दिएका छन् । उनीहरूका अनुसार कुनै पनि पाठमा वाक्यहरू संसक्तिगत रूपमा आपसमा बाँधिएका हुन्छन् । यस

अध्ययनले संसक्ति केवल व्याकरणमा मात्र सीमित नभई यो अर्थ निर्माणको प्रक्रियासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ भन्ने निष्कर्ष निकालेका छन् । यसले गर्दा एउटा वाक्यको अर्थ बुझ्न अर्को वाक्यको सहायता लिनुपर्ने अवस्था सिर्जना हुन्छ । अतः भाषिक संरचना र अर्थको सन्तुलन कायम गरी स्तरीय पाठ निर्माण गर्ने सन्दर्भमा यो अध्ययन एक मानक र आधारभूत स्रोतको रूपमा रहेको देखिन्छ ।

गी (सन् १९९९) को प्रस्तुत पुस्तकमा भाषा, समाज र पहिचानबिचको अन्तरसम्बन्धलाई एक नवीन र बृहत् दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । गीले 'सानो d' सङ्कथनलाई भाषाको तात्कालिक प्रयोग र 'ठुलो D' सङ्कथनलाई 'भाषासँगै पहिचान, विश्वास, मूल्यमान्यता र गैरभाषिक पक्षहरूको संयोजनको रूपमा परिभाषित गरेका छन् । उनकोअनुसार भाषा केवल सूचना आदानप्रदान गर्ने माध्यममात्र नभएर सामाजिक गतिविधिहरूलाई सहयोग गर्ने र विभिन्न सामाजिक समूह वा संस्थाहरूभित्र आबद्धता निर्माण गर्ने सशक्त औजारको रूपमा मानिएको छ । उसले शब्दहरूको अर्थ स्थिर नहुने बरु ती सन्दर्भमा आधारित परिवेशगत अर्थ र सन्दर्भगत अर्थमा निर्भर रहने गर्छ । यस्ता अर्थहरू सांस्कृतिक नमुना वा मानिसको मस्तिष्कमा रहेका कथानकहरूबाट निर्देशित हुने तथ्यलाई उजागर गरेका छन् । विभिन्न सामाजिक वर्गका किशोरकिशोरीहरूको अन्तर्वार्ता र व्यावहारिक पाठहरू (जस्तैः एस्पिरिनको बोतलको चेतावनी) को विश्लेषण गर्दै उनले कसरी भाषिक छनोटले शक्ति सम्बन्ध, राजनीति र सामाजिक वस्तुहरूको वितरणलाई प्रभाव पार्छ भन्ने कुरा पुस्टि गरेका छन् । उनको मान्यताअनुसार भाषाले सधैं कुनै न कुनै दृष्टिकोणबाट वास्तविकताको निर्माण गरिरहेको हुन्छ । यो प्रक्रिया प्रतिवर्तनको सिद्धान्तबाट निर्देशित हुन्छ । भाषाले सन्दर्भ निर्माण गर्छ र सन्दर्भले भाषालाई अर्थ दिने बताइएको छ । अतः गीको यो सैद्धान्तिक तथा विधिगत ढाँचाले भाषालाई सामाजिक अभ्यासको रूपमा बुझ्न र विश्लेषण गर्न आधारभूत मार्गदर्शन प्रदान गर्दछ ।

भण्डारी र नेपाल (२०६७) को पुस्तकमा सङ्कथनसम्बन्धी सैद्धान्तिक परिचर्चा गरिएको छ । सिङ्गो भाव वा विचारसँग सम्बन्धित स्वयम्मा पूर्ण अभिव्यक्ति वा समग्र कथनलाई सङ्कथन भन्ने कुरा व्यक्त गरिएको छ । व्याकरणिक स्तरमा वर्णन तथा विश्लेषण गर्न नसकिएको भाषिक प्रयोगका विभिन्न पक्षहरूको पहिचान तथा वर्णन गर्न सङ्कथन विश्लेषण उपयोगी हुने कुरा बताइएको छ । सङ्कथन विश्लेषणले कथ्यपाठ र लेख्यपाठलाई भिन्न भिन्न रूपमा बुझ्न सकिने भनी यसको चर्चा गरिएको छ । भाषिक

अभिव्यक्तिलाई एक आपसमा एकाइगत, अर्थगत, सन्दर्भगत, क्रमबद्ध रूपले सम्बन्धित बनाउन निश्चित एकाइ तथा युक्तिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ (पृ.१६) । यसमा सम्बद्धन र सम्बद्धक युक्तिको चर्चा गरिएको छ । सम्बद्धक (कोहेजन) लाई सङ्कथनको भाषा र भाषाका विभिन्न पक्षहरूसँग सम्बन्ध राखी भाषिक जोडक वा भाषिक जोर्नीका रूपमा प्रयोग गरिएको पाइन्छ । रचनाको रूपस्तरभन्दा माथिल्ला एकाइहरूलाई एकजुट पार्न सहयोग गर्ने भएकोले यो स्थूल प्रकृतिको हुन्छ । यसले सङ्कथनमा बुनोटको सिर्जना गर्न, मितव्ययी कुराहरू व्यक्त गर्न, पाठको प्रभावकारिता बढाउन विशेष भूमिका खेल्ने कुरा प्रस्तुत गरिएको छ ।

उक्त पुस्तकमा सम्बद्धकका प्रकारअन्तर्गत सार्वनामिक सन्दर्भक, संयोजक, स्थानिक र कालिक सन्दर्भक, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थसम्बन्ध पर्ने कुरा उल्लेख गरिएको छ । सङ्कथनका तत्त्वहरू वक्ता/प्रस्तोता/लेखक, बोद्धा/श्रोता/पाठक, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड र परिवेश रहने बताइएको छ । सङ्कथनमा सम्बद्धन (कोहेरेन्स) लाई महत्त्वपूर्ण युक्तिका रूपमा लिने र वाक्य तथा उच्चारहरूको अर्थसम्बन्धलाई जनाइएको छ । यसले अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेत समेटेको पाइन्छ । लेख्य वा कथ्य भाषाका पाठका अंशहरूबिचको सम्बन्ध देखाउने, भाषिक पक्षसँग विषयवस्तुको भित्री सतहमा संयोजन गर्ने र परिवेशको उपयुक्त तालमेल मिलाउने कार्य संसक्तिले गर्ने कुरा व्यक्त गरिएको छ । सङ्कथन र पाठकको आन्तरिक स्थापित गर्न सम्बद्धनको विशेष भूमिका रहने कुरा उल्लेख गरिएको छ ।

ढुङ्गेल र दाहाल (२०६८) द्वारा प्रकाशित पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिइएको छ । यसमा सङ्कथन विश्लेषणको विकासमा कथन कार्यका प्रवर्तक एच.पी.ग्राइम्सको प्रमुख भूमिका रहेको उल्लेख गरिएको छ । यसअन्तर्गत लामा पाठहरूको अध्ययन गरिने, पाठ र सन्दर्भबिच रहेको अन्तर्सम्बन्धको अध्ययन गरिने कुरा उल्लेख गरिएको छ । यहाँ सम्बद्धक र सम्बद्धनको चर्चा गरिएको छ । शब्दको अर्थ आपसमा जुटेर रहनु वा टाँसिएर रहनु नै सम्बद्धक हो भनी व्यक्त गरिएको छ । सम्बद्धकले बोली वा पाठको त्यस्तो सतही संरचनाको विशिष्टतासँग सम्बन्ध राख्दछ जसले वाक्यहरूका भिन्नाभिन्नै अङ्गहरू वा त्यसभन्दा ठुला एकाइहरूलाई सङ्कथनमा जोड्ने काम गर्दछ भन्ने कुरा बताइएको छ । सम्बद्धकका प्रमुख उपकरणअन्तर्गत पुनरावृत्ति, आंशिक पुनरावृत्ति, समानान्तरता, शब्दान्तर, सह सन्दर्भ, न्यूनपदीकरण, संयोजन र कोशीय अर्थ सम्बन्ध पर्ने

कुरा उल्लेख गरिएको छ (पृ.२००) । यसका प्रकारलाई सामान्य आधारमा र विशिष्ट आधारमा गरी दुई प्रकारको हुने उल्लेख गरेको छ ।

लामिछाने (२०६८) ले कथ्य र लेख्य भाषाको वाक्यभन्दा माथिल्लो तहको सिङ्गो अभिव्यक्तिलाई सङ्कथन भनेका छन् । प्रारम्भमा संवाद विश्लेषणबाट परिचित भई हाल पाठ र आख्यान विश्लेषणको रूपमा रहेको छ । सङ्कथनका प्रकारमा कथ्य र लेख्य सङ्कथन पर्ने कुरा उल्लेख गरिएको छ । सङ्कथन विश्लेषणअन्तर्गत सामान्य र विशिष्टको चर्चा गर्दै सामान्यका चार मुख्य प्रकार : कथ्य र लेख्य, औपचारिक र अनौपचारिक, पारस्परिक र गैर पारस्परिक, प्रबन्धात्मक र अन्तरक्रियात्मक रहेको पाइन्छ । विशिष्टतर्फ आठ प्रकार : साहित्यसँग सम्बन्धित, कामसँग सम्बन्धित, धर्मसँग सम्बन्धित, चिकित्साशास्त्रसँग सम्बन्धित, पत्रकारितासँग सम्बन्धित, व्यापारसँग सम्बन्धित, यात्रासँग र सामाजिकीकरणसँग सम्बन्धित रहेको कुरा उल्लेख गरिएको छ ।

उक्त पुस्तकमा व्याकरणिय र कोशीय संसक्ति सम्बद्धकमा व्याकरणिक संसक्तिका मुख्य छ प्रकार : सार्वनामिक, कालिक र स्थानीय, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन र लोपको व्याख्या गरिएको छ । यस क्रममा सर्वनामिक संसक्ति अग्र वा पश्च सन्दर्भमा प्रस्तुत विचारलाई दह्रो, श्रृङ्खलित र सङ्गठित तुल्याउने बताइएको छ (पृ. १८६) । कालिक र स्थानिक संसक्तिमा सङ्कथनभित्र अन्तर्निहित समय र स्थानसम्बन्धी सन्दर्भलाई देखाइएको छ । संयोजन संसक्तिले शब्द शब्दका बिचमा, वाक्य वाक्यका बिचमा, पदावली पदावलीका बिचमा उपयोग भएर संयोजनकारी भूमिका निर्वाह गर्ने कुरा उल्लेख गरिएको छ । पुनरावृत्ति संसक्तिमा शब्द वा पदावलीले कुनै बेला आंशिक र कुनै बेला पूर्ण आवृत्ति भएर प्रस्तुत हुने गरेको छ । अभिव्यक्तिमा नवीनपन ल्याउन एक किसिमको अर्थ प्रदान गर्ने भाषिक एकाइका सट्टामा अर्को एकाइको प्रयोग हुनेलाई प्रतिस्थापन संसक्ति भनिने कुरा उल्लेख गरिएको छ भने कोशीय अर्थ सम्बन्धमा पर्यायवाची, सन्निधान, अनेकार्थी, विपरार्थी, समावेशी र असमावेशी आदि सम्बन्धको उल्लेख गरिएको छ । यसका तत्त्व प्रस्तोता, प्रापक, माध्यम, सूचना, विषय/कोड, भाषिक सङ्केत र परिवेश प्रस्तुत गरिएको छ ।

घिमिरे (२०६९) द्वारा प्रस्तुत पुस्तकमा सङ्कथन परिचय, सङ्कथन विश्लेषणका मोडेल, प्रकार्यपरक व्याकरण र सङ्कथन विश्लेषण, वाक्क्रिया र सङ्कथन विश्लेषण, समाज भाषावैज्ञानिक विश्लेषण, अन्तर्क्रियात्मक समाज भाषाविज्ञानको विश्लेषण,

कोडफड्को विश्लेषण, कुराकानी विश्लेषण, आलोचनात्मक सङ्कथन विश्लेषण, उत्तरआधुनिक सङ्कथन विश्लेषण, नारीवादी सङ्कथनका मान्यता, आख्यान विश्लेषण जस्ता पक्षको सैद्धान्तिक परिचय दिई विभिन्न उदाहरण प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

अधिकारी (२०७४) ले सङ्कथन विश्लेषणका बारेमा सैद्धान्तिक परिचर्चा गरिएका छन् । सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइको रूपमा बताइएको छ । सङ्कथनलाई भाषाको खास कथन घटनासँग सम्बन्धित हुने र पूर्ण एवम् सिङ्गो अभिव्यक्तिको रूपमा चर्चा गरिएको पाइन्छ । कथ्य सङ्कथनमा खास सामाजिक परिवेशका कथ्य घटनासँग सम्बन्धित हुने भाषिक एकाइका साथै हाउभाउ, मुखमुद्रा आदि भाषातर पक्षको पनि महत्त्व रहने गरेको छ । लेख्य सङ्कथनमा भाषिक सामग्रीहरूमा बढी निर्भर रहने एवम् भाषिक दृष्टिले सङ्कथन ओजिलो, खदिला र सुगठित देखापर्ने कुरा उल्लेख गरेको छ । पहिले यो संवाद विश्लेषणको रूपमा चिनिन्थ्यो भने अहिले पाठ विश्लेषण र आख्यान विश्लेषणको रूपमा लिन थालिएको जनाइएको छ (पृ. २६८) । भाषावैज्ञानिक आधारमा पाठको विश्लेषण गर्दा भाषाको लघुतम एकाइ वर्णदेखि अक्षर, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद अध्याय हुँदै यसको उच्चतम एकाइसम्मको साङ्गोपाङ्ग विश्लेषणमा ध्यान दिने कुरा उल्लेख गरिइएको छ ।

उक्त पुस्तकमा सङ्कथन विश्लेषणको विकास सन् १९६० को दशकपछि मात्र भएको कुरा उल्लेख गर्दै यसको सैद्धान्तिक आधार र अध्ययन पद्धतिको विकासलाई प्रभाव पारेको पाइन्छ । भाषा वैज्ञानिक जेलिङ ह्यारिसले सर्वप्रथम सन् १९५२ मा एउटा लेख मार्फत सङ्कथन विश्लेषण भन्ने शब्द प्रयोगमा अएको उल्लेख गर्दै हेयर टनिक (केश संवर्धक) को विज्ञापनको भाषालाई उदाहरणको रूपमा विश्लेषण गरेको पाइन्छ । यस लेखलाई नै सङ्कथनको आरम्भ बिन्दु मानिएको छ । सङ्कथनका युक्तिअन्तर्गत सम्बद्धक र सम्बद्धनको विशेष महत्त्व रहेको चर्चा गर्दै सम्बद्धक (संसक्ति) लाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइको बिच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप र कोशीय अर्थ सम्बन्धअन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेश्यात्मक, सन्निधान वा सहप्रयोग, प्रकारान्तर कथन आदिले सम्बद्धक ( संसक्ति) को कार्य गर्ने कुरा उल्लेख गरेको छ । सम्बद्धन (संयुक्ति) व्याख्याको क्रममा वक्ता, परिवेश र बोद्धाको बिच अन्तः सूत्रको काम गर्ने, अभिव्यक्तिको वैचारिक सिलसिला र

शृङ्खला मिलाउने आदि विशिष्ट भूमिका रहने बताइएको छ (पृ.२७४)। सङ्कथनहरूलाई सर्वाङ्गपूर्ण बनाउन सम्प्रेषणको विशेष भूमिका हुने भएकोले यसअन्तर्गत प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड, परिवेशको व्याख्या गरिएको छ। साथै उक्त पुस्तकमा भाषा शिक्षण सङ्कथनमा स्वभाविक रूपमा केन्द्रित रहन्छ भन्ने कुरा उल्लेख गरिएको छ।

पौडेल (२०७४) द्वारा सङ्कथनको परिचय, सैद्धान्तिक अवधारणा, क्षेत्रहरू, प्रकार, तत्त्व र युक्तिको बारेमा चर्चा गरिएको छ। सङ्कथन विश्लेषणको अवधारणा सन् १९६० को दशकपछि विकास भएको र प्रयोगिक भाषा विज्ञानको एक नवीनतम शाखाको रूपमा रहेको छ। सङ्कथन शब्द भाषाको शाब्दिक र आर्थी एकाइसित सम्बन्धित रहेको छ। विचारको पूर्ण अभिव्यक्ति दिने विस्तृत भाषिक संरचना र आयममा फैलिएको अभिव्यक्तिलाई सङ्कथनको रूपमा लिइएको छ (पृ. २३७)। यसका लागि त्यसमा कुनै न कुनै सन्दर्भ आउनै पर्छ ; भाषासितै यसको प्राण बनेर अर्थ पनि आउनै पर्ने जनाइएको छ। सर्वप्रथम ह्यारिसले (सन् १९५२) उल्लेख गरेको यसै घटनालाई नै विश्लेषणको आरम्भ बिन्दु मानी त्यसपछिका पश्चात्य भाषाशास्त्रीहरू मूलतः डेभिड नुनान, लायन्स, हाइम्स, ग्याडकुर्ट, ह्यालिडे, हसन, मार्टिन, नरमन, सिङ्क्लेयर, कौथाल्ड, एडमन्सन, फ्रिम्यान आदि भाषा वैज्ञानिकहरूले सङ्कथन विश्लेषणलाई क्रमशः अगाडि बढाएको जनाइएको छ (पृ. २३९)। सङ्कथन विश्लेषणका क्षेत्रहरू भाषिक संरचना र अर्थगत सन्दर्भ गरी दुई पक्ष हुने कुरा व्यक्त गरिएको छ। कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारमा सङ्कथनलाई वर्गीकरण गरिएको छ।

सङ्कथनलाई सम्प्रेष्य बनाउन युक्तिको ठुलो भूमिका रहने भनी चर्चा गरिएको छ। पाठमा प्रयुक्त हुने बाह्य सम्बन्धलाई कोहेजन (संसक्ति) र आन्तरिक सम्बन्धलाई कोहेरेन्स ( संयुक्ति) को रूपमा हेरिनुपर्ने बताएका छन्। कोहेजनले पाठमा प्रयुक्त भाषिक संरचनालाई आपसमा जोड्ने वा संसक्त तुल्याउने हुनाले यसलाई नेपालीमा सम्बद्धक (अधिकारी, २०६७) वा संसक्ति (गौतम, २०६८) भन्ने गरिएको छ। संसक्तिले सङ्कथनात्मक पाठमा भाषिक एकाइलाई जोड्ने काम गरेको हुन्छ। भाषिक एकाइबिचको जोर्नी हो भनेर उल्लेख गरिएको छ। यसले भाषिक अभिव्यक्तिभित्र अविच्छिन्न स्थायी शृङ्खला जोड्नमा सहयोग गर्छ र सम्प्रेषणात्मक प्रभावकारिता बढाउँने बताइएको छ। संसक्तिले सङ्कथनमा स्पष्टीकरण दिने, विकल्प दिने, निषेधात्मकता देखाउने, तुलना गर्ने वा आपसी कार्यकारण सम्बन्ध देखाउने

जस्ता काममा केन्द्रीय भूमिका खेल्ने गरिएको छ (पृ.२४७)। संसक्तिलाई व्याकरणिक र कोशीय गरी दुई प्रकारमा विभाजन गर्न सकिने कुरा व्यक्त गरिएको छ। व्याकरणिक संसक्तिमा भाषाका खास व्याकरणिक एकाइहरू पर्ने कुरा उल्लेख गर्दै यसअन्तर्गत सार्वनामिक शब्द, स्थानिक र कालिक शब्द, संयोजक शब्द, प्रतिस्थापन, लोप र निपातलाई यसभित्र राख्न सकिने उल्लेख गर्दै यिनीहरूको विभिन्न उदाहरणसहित विवेचन गरिएको छ। पाठमा प्रयुक्त भएको अव्याकरणिक वा खुला किसिमको भाषिक व्यवस्था र सम्बन्धलाई कोशीय संसक्ति भनिने कुरा व्यक्त गर्दै यसअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, अनेकार्थी, समावेशी पर्ने कुरा उल्लेख गरी सोदाहरण सहित व्याख्या गर्दै संसक्तिको भाषा शिक्षणमा उपयोगी हुने समेत बताइएको छ।

गौतम (२०७६) द्वारा प्रस्तुत लेखमा सङ्कथन, सङ्कथन विश्लेषण, सङ्कथनमा ध्वनि व्यवस्था, संसक्ति, वाक्य र अनुच्छेद व्यवस्था लगायतको चर्चा गरिएको छ। उक्त लेखमा सङ्कथनमा वक्ता, स्रोता र विषय समाहित भएको हुन्छ। कथ्य भाषा, लेख्य भाषा र साङ्केतिक भाषाको समेत अध्ययन गरेको पाइन्छ। सङ्कथनमा उच्चारणको विशिष्ट ढाँचासहित शब्द चयन, वाक्य संरचना र आर्थी अभिव्यक्तिदेखि लिएर बृहत्तर भाषिक पाठको समेत विश्लेषण गरिएको छ। सङ्कथनलाई संरचनात्मक र सन्दर्भपरक गरी दुई रूपबाट परिभाषित गरिएको छ। सङ्कथनलाई कुनै सम्बद्ध विषयको आदिदेखि अन्त्यसम्मको शृङ्खलाबद्ध भाषिक अभिव्यक्तिको रूपमा व्याख्या गरिएको छ।

पाठभित्र सहभागी, विषय, सन्दर्भ र सूचना स्थिति रहने र पाठभित्र पूर्वसन्दर्भ र पश्चसन्दर्भ समेतको अध्ययन गरिने गर्दछ। पाठको आन्तरिक वा बाह्य सम्बन्ध हुने भन्दै आन्तरिक सम्बन्धमा भाषिक पक्ष (ध्वनि, शब्द, पदावली, उपवाक्य, वाक्य र व्याकरणिक पक्ष) र बाहृय सम्बन्धअन्तर्गत अमूर्त रूपमा रहेको सामाजिक रीतिस्थिति र सामाजिक संरचनाको विश्लेषण गरिएको छ (पृ. ५७३)। सङ्कथनको युक्तिको रूपमा संसक्तिलाई मुख्य रूपमा हेरिने, कुनै पाठभित्र हुने अन्तः सम्बन्धलाई अनुच्छेद भित्रका वाक्य भावप्रवाह सिर्जना विशिष्ट ढाँचाको रूपमा लिइन्छ। एक आपसमा जोड्ने संयोजीहरू (सङ्कथन शब्द) को आवश्यकता पर्ने र पाठमा एकीकृत रूपमा आबद्ध हुने कुरा व्यक्त भएको छ। संसक्ति व्यवस्था व्याकरणिक र कोशीय वा शाब्दिक गरी दुई प्रकारको हुने बताउँदै व्याकरणिक संसक्तिअन्तर्गत निदर्शन, सार्वनामीकरण, प्रतिस्थापन, लोप वा विलोपन र संयोजनको चर्चा गरिएको छ भने कोशीय वा शाब्दिक संसक्तिले पाठमा प्रयोग भएका शब्दहरूको पारस्परिक

शृङ्खला र शब्दससाहचार्यका आधारमा सङ्कथनको अर्थ स्पष्ट पार्न विचार प्रस्तुत गरिएको छ ।

उक्त लेखमा वाक्य प्रयोगमा तार्किक रूपमा जोडिएका छन् वा छैनन्, कसरी तार्किक रूपमा संयोजन गर्न सकिन्छ, त्यसको समेत कारण सहित व्याख्या गरिने कुरा व्यक्त गरिएको पाइन्छ (पृ. ५८२-५८३) । अनुच्छेदमा वाक्यहरू कुनै मालामा फूल उनिए जस्तै गरी तार्किक सम्बन्धनका आधारमा संरचित रहने, वाक्यहरूबिचमा अन्तः सम्बन्ध स्थापित भएको हुनुपर्ने कुरा व्यक्त भएको पाइन्छ । अनुच्छेद-अनुच्छेदबिचको सम्बन्धनबाट सङ्कथनका बिच तार्किक एकत्व रूपमा जोडिए नजोडिएको स्थिति हेरिने र समग्र पाठमा भएका एकाइको अन्तः सम्बन्द्धता, अन्विति र संसक्तताको अध्ययन गरिने कुरा सोदाहरण प्रस्तुत गरिएको छ ।

भुसाल (२०७८) द्वारा संसक्तिको परिचय, भूमिका, प्रकार आदिको बारेमा चर्चा गरिएको छ । सङ्कथन भाषाको सग्लो सार्थक एवम् विस्तारित अभिव्यक्तिको रूपमा रहने र सङ्कथनलाई संरचनात्मक तथा आर्थी दृष्टिले सुसरचित एवम् श्रृङ्खलित तुल्याउन संसक्ति र संयुक्तिले महत्त्वपूर्ण भूमिका निवार्ह गरेको कुरा उल्लेख गरिएको छ । यसले कथ्य वा लेख्य पाठभित्रका भाषिक एकाइहरूलाई परस्परमा सम्बन्धित तुल्याउने काम गरेको छ (पृ. ११७) । उपवाक्यको तहमा कार्य गर्ने संसक्तिलाई वाक्यान्तरिक र पाठको तहमा कार्य गर्ने संसक्तिलाई अन्तर्वाक्यीय गरी दुई तहमा विभाजन गर्न सकिने कुरा व्यक्त भएको छ । सङ्कथनिक एकाइलाई आपसमा जोड्ने गमको भूमिका निर्वाह गर्ने कुरा व्यक्त गरिएको छ । संसक्तिले अभिव्यक्तिलाई जोड्ने किलाको काम गर्ने तर यसको संरचना भाषापिच्छे भिन्न हुने भएकोले पाठको रूपान्तरणमा कठिनाइको सामना गर्नुपर्ने बताइएको छ ।

उक्त लेखमा संसक्ति आंशिक रूपमा व्याकरणबाट र आंशिक रूपमा शब्दभण्डारबाट व्यक्त हुने कुरा उल्लेख गरेको छ । संसक्तिको प्रकारअन्तर्गत व्याकरणिक र कोशीय संसक्ति गरी दुई प्रकारमा विभाजन गरेको छ । व्याकरणिक संसक्ति भन्नाले सङ्कथनमा प्रयुक्त व्याकरणिक एकाइद्वारा सृजित हुने र सङ्कथनको संरचनात्मक विषयसँग सम्बन्धित रहेको कुरा जनाएको छ । व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन (व्यक्तिवाचक सन्दर्भक, दर्शकवाचक सन्दर्भक, तुलनात्मक सन्दर्भक), अन्तः सन्दर्भक (पूर्व सन्दर्भक र पश्च सन्दर्भक), बहिः सन्दर्भक), प्रतिस्थापन (नामिक, क्रियात्मक र उपवाक्यात्मक), विलोपन (

नामिक, क्रियात्मक र उपवाक्यात्मक), संयोजन (योगात्मक संयोजक, विपरीतार्थक संयोजक, कारणात्मक संयोजक, कालिक संयोजक) रहने कुरा प्रस्तुत गर्दै यसको चर्चा गरिएको छ । त्यसै गरी कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति (पुनरावृत्ति, पर्यायवाची, समावेशी-समावेश्य, अङ्गी-अङ्ग), सन्निधान पर्ने कुरा उल्लेख गरिनुको साथै यसको सोदाहरणसहित विश्लेषण गरिएको छ । यसरी व्याकरणिक र कोशीय संसक्ति स्वरूप, कार्य र भूमिकाको दृष्टिले परस्परमा भिन्न देखिए पनि यिनका बिच अर्न्तसम्बन्ध रहने कुरा व्यक्त गरिएको छ ।


ढकाल (२०७८/०७९) द्वारा सङ्कथनभित्र भाषाको सम्पूर्ण एकाइ स्वतः समेटिएको हुने र यसमा विषयवस्तुको सिलसिलाबद्ध प्रस्तुति हुने विचार व्यक्त गरिएको छ । सङ्कथनलाई उत्पादन र प्रक्रियाका रूपमा लिइने कुरा बताइएको छ । समाज भाषा विज्ञानको विकास भएपछि सङ्कथन विश्लेषण गर्ने परम्पराको सुरुवात भएको मानिएको छ । सङ्कथन विश्लेषणका क्षेत्रमा कथ्य, लेख्य र शैलीलाई प्रस्तुत गरिएको छ । कथ्य, लेख्य र साङ्केतिक गरी सङ्कथनलाई तीन प्रकारको हुने कुरा उल्लेख गरिएको छ । सङ्कथन युक्तिले विचार वा भावलाई सङ्गतिपूर्ण बनाउन र अभिव्यक्तिलाई सन्दर्भ मिल्दो रूपमा प्रस्तुत गर्नको लागि प्रयोग गरिएको छ । सङ्कथन युक्तिमा सम्बद्धक र सम्बद्धन पर्ने बताइएको छ ।

उक्त पुस्तकमा सम्बद्धकको बारेमा चर्चा गर्दै भाषिक एकाइको बिचमा सम्बन्ध स्थापना गरेर अभिव्यक्तिलाई प्रसङ्गपूर्ण बनाउने युक्तिको रूपमा लिइन्छ । सम्बद्धकले वाक्यका बिचमा संयोजनकारी भूमिका खेल्ने जोर्नीको रूपमा कार्य गर्ने विचार प्रस्तुत गरिएको छ । यसलाई सन्दर्भक पनि भनिने गरिएको छ (पृ.२४४) । व्याकरणिक र कोशीय गरी दुई प्रकारको सम्बद्धक हुने, व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक, स्थानिक र कालिक, संयोजक, प्रतिस्थापन, लोप र निपातको उल्लेख गरी विभिन्न उदाहरण सहित व्याख्या गरिएको छ । कोशीय सम्बद्धकले विचारलाई शृङ्खलाबद्ध गर्न सघाउ पुऱ्याउने कुरा व्यक्त गरेको छ । यसअन्तर्गत पुनरावृत्ति, विपरीतार्थी, पर्यायवाची, अनेकार्थी समावेशी पर्ने र यसको सोदाहरण चर्चा गरिएको छ ।

न्यौपाने (२०७९) द्वारा प्रस्तुत लेखमा पाठ बन्नको लागि संसक्ति र संयुक्ति जस्ता युक्तिको प्रयोग वक्ता, लेखक वा सम्बोधकले गरेको हुनुपर्ने कुरा व्यक्त गरिएको छ । संसक्तिले पाठभित्र आर्थी बन्धन कायम गर्ने, पाठलाई जोड्ने तत्त्वको रूपमा हेरिने र अर्थ

संरचनासँग सम्बन्धित रहने कुरा उल्लेख गरिएको छ (पृ.६३५) । पाठलाई सम्बद्ध वा संसक्त बनाउनको लागि आउने पाठभित्रका भाषिक एकाइका बिच हुने व्याकरणिक र कोशीय सम्बन्धलाई संसक्ति भनिएको छ । यसले वाक्यहरूका बिचको सम्बन्ध र वाक्यभित्रका एकाइहरूको आर्थी सम्बन्धलाई जोड्ने महत्त्वपूर्ण काम गर्ने कुरा व्यक्त गरिएको छ । पाठको प्रयोजनलाई निर्धारित गर्ने काम संसक्तिले गर्ने र उक्त विधाको प्रयोजन भिन्न भिन्न हुने हुँदा संसक्ति पनि भिन्न भिन्न किसिमले प्रकट हुने भनी उल्लेख गरिएको छ । संसक्तिले पाठका अंश वा एकाइहरूलाई सोही पाठका अन्य एकाइ वा अरुसँग अवधारणात्मक रूपमा अन्तः सम्बन्धित गराउँदै लैजाने हुँदा यसलाई संयुक्ति चिन्हक भनिने जनाइएको छ (पृ.६३७) । कोशीय र व्याकरणिक गरी दुई किसिमले हेर्न सकिने र यस व्यवस्थाले पाठको एउटा तत्त्वलाई अर्को तत्त्वसँग जोड्न सकिने कुरा व्यक्त गरिएको छ । ह्यालिडे र हसन (सन् १९७६) ले संसक्ति सिद्धान्तमा गहन अध्ययन गरी पाठरचनामा आर्थी बन्धनको धारणा स्थापित गरेको कुरा उल्लेख गरेका छन् । सहनिदर्शन, सहवर्गीयता र सहविस्तारका जस्ता आर्थी बन्धनले पाठलाई सङ्गठित तुल्याउने र संसक्त बनाउने गरेको हुन्छ ।

यसमा व्याकरणात्मक संसक्तिअन्तर्गत निदर्शन, प्रतिस्थापन, विलोप, संयोजन र निकटस्थ युग्म पर्ने र यसले पाठमा प्रयुक्त घटकलाई औपचारिक रूपमा बाँध्ने कार्य गर्ने कुरा उल्लेख गरिएको छ । निदर्शनले पाठलाई संसक्त बनाउँने र यो पाठका घटकहरूमा प्रस्ट रूपमा देखिने जनाइएको छ । यस क्रममा ह्यालिडे र हसन (सन् १९७६) ले निदर्शनलाई निम्नानुसार देखाएका छन् :




बाह्य निदर्शन (एक्सोफोरा) ले पाठक तथा लेखकलाई परिस्थितिको सन्दर्भतिर उन्मुख गराउने र पाठभित्रका एकाइहरूलाई पाठबाहिरका एकाइसँग जोडेर हेर्ने हुँदा यो परिस्थितिगत हुने बताइएको छ । अन्तर्निदर्शन (इन्डोफोरा) भन्नाले पाठभित्र नै कुनै एउटा

एकाइले अर्को एकाइसँग सन्दर्भ स्थापित गर्ने र यसले सम्पूर्ण पाठलाई नै ढाकेर प्रस्तुत हुने गरिएको छ । यो पाठपरक हुने कुरा व्यक्त गरिएको छ । पाठमा अगाडि उल्लेखित सन्दर्भलाई पाठका पछि आउने घटकमा वा एकाइमा सन्दर्भित गरिएमा पूर्वनिदर्शन र पाठमा पछाडि उल्लेखित निदर्शनलाई अगाडिको घटक वा एकाइसँग सन्दर्भित गरिन्छ भने पश्चनिदर्शन हुने कुरा उल्लेख गरिएको छ । ह्यालिडे र हसनका अनुसार पाठको संसक्ति विश्लेषणमा ज्यादा मात्रामा पूर्वनिदर्शन (एनाफोरा) नै आउने गर्छ र पाठलाई सुशृङ्खलित तुल्याउने कुरा प्रस्तुत गरिएको छ (पृ.६४०) । लेखकले पाठमा पुनरावृत्तिलाई हटाउन प्रतिस्थापन विलोप जस्ता युक्तिको प्रयोग गरिने बताइएको छ । प्रतिस्थापनलाई भाषिक तहमा वा व्याकरणका तहमा व्याख्या गर्न सकिने कुरा व्यक्त गरिएको छ । निकटस्थ युग्मलाई संवादात्मक सङ्कथनको एउटा महत्त्वपूर्ण घटकको रूपमा लिनुको साथै सङ्कथनका दुई सहभागीका बिचमा दोहोरो निर्भरता कायम हुने कुरा उल्लेख गरिएको छ ।

कोशीय संसक्तिलाई पाठमा निहित अव्याकरणिक संसक्तिगत तत्त्वको रूपमा हेरिने कुराको उल्लेख गर्दै लेखक वा वक्ताले कस्तो किसिमको शब्द प्रयोग गरी पाठलाई ससक्त बनाएको छ भन्ने कुराको विश्लेषण यस विश्लेषणबाट प्राप्त हुने कुरा उल्लेख गरिएको छ । यसमा चयनको सम्भावना बढी रहने गरेको छ । कोशीय र व्याकरणिक संसक्तिका बिचमा अन्तः सम्बन्ध रहेको हुने कुरा उल्लेख गरेको छ । म्याक्कर्थी (सन् १९९१) का अनुसार कोशीय संसक्ति मुख्यतः पुनः कथन (रिइटिरेसन) र सन्निधान/सहचार्य (कोलोकेसन) गरी दुई आधारभूत प्रकार रहेको कुरा उल्लेख गरिएको छ (पृ.६४३) । कतै शब्दको रचनात्मक प्रयोग, कतै व्याङ्ग्य, कतै तुलना र कतै जोडका रूपमा कोशीय संसक्तिको उपयोग गरिने कुरा व्यक्त गरिएको छ ।

पौडेल र पोखरेल (२०८०) द्वारा सङ्कथनमा भाषिक एकाइहरू शब्ददेखि महाकाव्यात्मक संरचनासम्म विस्तारित भएका हुन सक्ने कुरा उल्लेख गरिएको छ । सङ्कथन संरचनात्मक र सन्दर्भपरक विशिष्ट भाषिक एकाइ मानिने बताइएको छ । सामान्य अभिव्यक्तिदेखि विशिष्ट अभिव्यक्तिसम्मका भाषिक उच्चारहरू सङ्कथनका क्षेत्रअन्तर्गत रहेका छन् । सङ्कथन विश्लेषण गर्दा कुनै व्याख्यान, भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशेष कथन, अन्तर्वार्ता, परामर्श, संवाद, कुराकानी, ठट्यौली, पत्रपत्रिकामा छापिएका लेखहरू, चिठीपत्र, निवेदन, समाचार, विज्ञापन आदिको गर्न सकिने कुरा उल्लेख गरिएको छ (पृ.३) ।

साहित्यक र साहित्येतर अभिव्यक्ति नै सङ्कथन विश्लेषणका क्षेत्रमानी सङ्कथन विश्लेषण गरिने कुरा उल्लेख गरिएको छ । सन् १९६० को दशकपछि विकसित भएको भाषिक अभिव्यक्ति वा धारणालाई नै सङ्कथन मानिएको छ । यस अध्ययनमा भाषाको व्याकरण वाक्यमा मात्र सीमित नभएर वाक्यभन्दा माथि पनि रहन सक्छ भन्ने रहेको छ । यसको विकासमा खास गरी डेभिड नुनान, लायन्स, हाइम्स, ग्याङकुर्ट, ह्यालिडे, हसन, मार्टिन, नरमन, सिङ्क्लेयर, कौथाल्ड, एडमन्सन, फ्रिम्यान आदि भाषा वैज्ञानिकहरूले विशेष योगदान गरेको बताइएको छ । सङ्कथनलाई कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारमा वर्गीकरण गरेको छ । सङ्कथनलाई संरचना र अर्थ दुबै दृष्टिकोणले मात्र आयाम निर्धारण गर्न सकिने, जसअर्न्तगत लघु आयम, मझौला आयाम र बृहत्त आयाम गरी तीनओटा सङ्कथानात्मक आयमहरू हुने भनी चर्चा गरिएको छ (पृ. १५) । सङ्कथन विश्लेषणका अध्ययन पद्धतिअन्तर्गत ऊर्ध्वगमन पद्धति, अधोगमन पद्धति र मिश्रित पद्धति पर्ने कुरा व्यक्त गरिएको छ । सङ्कथन तत्त्वतअन्तर्गत प्रस्तोता, बोद्धा, माध्यम, सूचनाको स्वरूप, कोड, परिवेश र विचार पर्ने कुरा उल्लेख गरिएको छ ।

सङ्कथनका युक्तिमा कोहेजन र कोहेरेन्स पर्ने कुरा व्यक्त गरिएको छ । कोहेजनलाई सम्बद्धक वा संसक्ति भनिएको छ । संसक्ति भाषिक पक्षसँग सम्बन्धित रहेको र भाषिक जोर्नीको रूपमा रहने कुरा उल्लेख गरिएको छ । व्याकरणिक र कोशीय गरी दुई प्रकारको संसक्ति रहने कुरा जनाइएको छ । व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक शब्द, स्थानिक र कालिक शब्द, संयोजक शब्द, प्रतिस्थापन, लोप र निपात पर्ने कुरा उल्लेख गरिनुको साथै यसको सोदाहरण सहित व्याख्या गरिएको छ । कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र समावेशी पर्ने कुरा उल्लेख गरी विभिन्न उदाहरण सहित व्याख्या गरिएको छ ।

**सङ्कथन विश्लेषणसम्बन्धी शोधकार्यको पुनरावलोकन**

शोधकार्य गर्नु पहिले पूर्व शोधकार्यको अध्ययन तथा पुनरावलोकन गर्नु महत्त्वपूर्ण हुन्छ । जसको अध्ययनले सरल, सहज र विस्तृत बन्नको लागि सहयोग पुग्दछ । जस अनुसार यहाँ पूर्व शोधकार्यको सैद्धान्तिक पुनरावलोकन निम्नानुसार प्रस्तुत गरिएको छ :

ढकाल (२०६७) को शोधकार्यमा सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरू स्पष्ट पार्दै निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनका दृष्टिले परीक्षण गरिएको छ । उक्त

अध्ययनका मुख्य उद्देश्यहरूमा सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, कथामा प्रयोग भएका सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु तथा सम्बद्धनको उपयुक्तता मूल्याङ्कन गर्नु रहेको छ। शोधका निष्कर्षअनुसार मधेसतिर कथा सङ्कथनात्मक अध्ययनका लागि उपयुक्त मानिएको छ। साथै सङ्कथनात्मक विश्लेषणका आधारमा कथामा सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक प्रयोग भएको र सबैभन्दा कम समावेशात्मकता तथा सन्निधान शब्दहरूको प्रयोग भएको भेटिएको छ।

पोखरेल (२०६९) द्वारा प्रस्तुत शोधकार्यमा सम्बद्धक र सम्बद्धनको खोजी र विश्लेषण गर्दै यी दुवैको उपयुक्तताको दृष्टिले निर्धारित पाठको मूल्याङ्कन समेत गरिएको छ। प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ। उक्त शोधमा भाषिक जोर्नी (कोहिजन) र अर्थ (कोहिरेन्स)का आधारमा उक्त पाठ उपयुक्त रहेको निष्कर्ष निकाएिको छ।

राई (२०७०) को अनुसन्धानमा प्रयुक्त कथालाई पनि सम्बद्धक र सम्बद्धनका आधारमा चर्चा गरिएको छ। यसका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक सामान्य परिचय दिनु, निर्धारित पाठलाई संसक्ति र संयुक्तिको उपयुक्तताको आधारमा विश्लेषण गर्नु रहेको छ। प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य गरिएको छ। उक्त शोधमा सबैभन्दा बढी स्थानिक, प्रतिस्थापक र सार्वनामिक संसक्ति र सबैभन्दा कम लोप संसक्तिको प्रयोग भएको निष्कर्ष निकालिएको छ।

रावल (२०७२) द्वारा शोधमा कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तताको आधारमा विश्लेषण गर्नु रहेको छ। यसमा प्रयुक्त सम्बद्धनको पहिचान गर्नु जस्ता प्रमुख उद्देश्य राखिएको छ। सम्बद्धकका दृष्टिले सार्वनामिक, कालिक, स्थानिक र संयोजक सम्बद्धक बढी प्रयोग भएको, यस शोधमा १२ ओटा सम्बद्धक र २६ ओटा सम्बद्धनको प्रयोग भएको निष्कर्ष निकालिएको छ।

ओभा (२०७४) को शोधकार्यमा बहुला काजीको सपना नाटकलाई आधार बनाई त्यसमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु जस्ता प्रमुख उद्देश्यहरू

रहेका छन् । त्यस्तै सङ्कथन विश्लेषणका प्रमुख तीन पद्धति ऊर्ध्वगमन, अधोगमन र अन्तर्क्रियात्मक पद्धतिको सैद्धान्तिक परिचय दिँदै उक्त नाटकभित्र सार्वनामिक, कालिक, स्थानिक, संयोजक, प्रतिस्थापन, लोप र निपात जस्ता सम्बद्धकहरूको प्रयोगबारे सबिस्तार चर्चा भएको कुरा उल्लेख गरिएको छ । यस्तै व्याकरणिक सम्बद्धकमध्ये सबैभन्दा बढी १४६ पटक निपात सम्बद्धक प्रयोग भएको पाइएको छ । एकपटकमात्र पदावली प्रतिस्थापन सम्बद्धक र क्रिया प्रतिस्थापन सम्बद्धकको सबैभन्दा न्यून प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

खनाल (२०७४) द्वारा प्रस्तुत शोधकार्यमा भाँडो कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको प्रयोगगत स्थितिको निरूपण गर्नु मुख्य उद्देश्य रहेका छन् । सङ्कथन विश्लेषणका स्थापित मान्यताअन्तर्गत सम्बद्धक र सम्बद्धनलाई प्रमुख आधार मानी तयार परिएको छ । उक्त कथामा सम्बद्धक र सम्बद्धनका दृष्टिले कथामा सार्वनामिक र स्थानिक सम्बद्धक एवम् अनुक्रमबोधक सम्बद्धनको अधिक प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

भुसाल (२०७४) द्वारा प्रस्तुत शोधप्रबन्धमा पाठको सङ्कथन विश्लेषणमा संसक्ति र संयुक्तिलाई प्रमुख सैद्धान्तिक आधार मानी चर्चा गरिएको छ । संसक्तिले पाठभित्र रहेका भाषिक एकाइहरूबिचको अन्तरसम्बन्ध र निरन्तरता कायम गर्न सन्दर्भण, विलोपन, प्रतिस्थापन, संयोजन जस्ता व्याकरणिक युक्ति र पुनरुक्ति तथा सन्निधान जस्ता कोशीय युक्तिको प्रयोग हुने कुरा उल्लेख गरिएको छ । यसले वाक्यभन्दा माथिल्ला एकाइहरू अनुच्छेद वा आख्यानबिच सम्बन्ध स्थापित गरी पाठलाई सुसंगत बनाएको हुन्छ । नेपाली आख्यानात्मक पाठहरूमा पारस्परिक सर्वनाम र सम्बन्धवाचक विशेषणहरूको प्रयोग पनि सन्दर्भणको रूपमा देखिएको हुन्छ । संयुक्ति भन्नाले अर्थ, प्रसङ्ग र सन्दर्भगत एकरूपतामा आधारित प्रायोगिक पक्ष मानिने जसले पाठलाई तार्किक, अर्थपूर्ण र ग्रहणयोग्य बनाउँछ भन्ने कुरा उल्लेख गरिएको छ । यो पाठको अन्तर्निहित सन्दर्भ, विषयवस्तु, सहभागी र माध्यमसँग सम्बन्धित हुने बताइएको छ । लावोभले आख्यान विश्लेषणका लागि वस्तुसार, अभिमुखीकरण, मूल्याङ्कन, आख्यान उपवाक्य, परिणाम र कथान्त जस्ता संरचनात्मक तत्त्व प्रस्ताव गरेका छन्, जसले आख्यानको सुसंगतता र प्रवाह स्पष्ट हुने बताइएको छ । माध्यमिक तहका आख्यानात्मक पाठ्यपुस्तकहरूमा संसक्ति र संयुक्तिका विविध प्रयोगहरू पहिचान गरेका छन् । ती अध्ययनहरू अनुसार व्याकरणिक र कोशीय संसक्तिहरू वस्तुतः

पुनरुक्ति र संयोजन अधिक प्रयोगमा आएका छन् भने सन्निधान जस्ता सूक्ष्म युक्तिको प्रयोग सीमित देखिने कुरा प्रस्तुत गरिएको छ । समग्रमा नेपाली आख्यानात्मक पाठहरूको सङ्गठनमा संसक्ति र संयुक्ति दुवैले पाठलाई अर्थबोधक, सुसंगत र शैक्षिक दृष्टिले प्रभावकारी बनाउन निर्णायक भूमिका खेलेको निष्कर्ष निकालिएको छ ।

**सङ्कथन विश्लेषणसम्बन्धी लेख रचनाहरूको पुनरावलोकन**

सङ्कथन विश्लेषणका विविध पक्षलाई समेटेर विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा खोजमूलक प्रकाशित लेख रचनाहरूको पुनरावलोकन गरिएको छ । जुन निम्न रहेका छन् :

भट्टराई (२०६५) ले लेखमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणामाथि चर्चा गरेका छन् । भाषाको प्रयोग सदैव कुनै न कुनै सन्दर्भमा आधारित हुने कुरालाई मुख्य कडी मान्दै पाठका विभिन्न प्रकार, वाक्य र सङ्कथनबिचको संरचनात्मक तथा कार्यात्मक भिन्नतालाई स्पष्ट पारेका छन् । यसका साथै सङ्कथनमा सन्दर्भको अपरिहार्यता, सन्दर्भका विभिन्न प्रकार र सङ्कथन निर्माणमा प्रभाव पार्ने बाह्य पक्षहरूको बारेमा समेत उनले विस्तृत विवेचना गरिएको छ ।

तिमल्सेना (सन् २०२०) द्वारा प्रस्तुत लेखमा सङ्कथनलाई भाषाको सबैभन्दा माथिल्लो र स्वयम्मा पूर्ण अभिव्यक्ति मानिएको छ । यो अर्थपूर्ण र सन्दर्भपूर्ण हुनुका साथै यसको मुख्य विशेषता सम्प्रेषणमूलक हुनु हो भन्ने कुरा व्यक्त गरिएको छ । सङ्कथनअन्तर्गत कथ्य अभिव्यक्तिहरू र लेख्य अभिव्यक्तिहरू दुवै पर्ने कुरा प्रस्तुत गरिएको छ । सङ्कथनका भाषिक एकाइहरूलाई अर्थगत रूपमा अन्वितिपूर्ण बनाउन सम्बद्धक र सम्बद्धनको बढी आवश्यकता रहने छ । संसक्ति भनेको आपसमा जुटेर वा टाँसिएर रहनु हो जसले शब्द, पदावली, उपवाक्य र वाक्यहरूबिच सम्बन्ध स्थापित गराउँने कुरा अभिव्यक्त भएको छ । यसलाई नेपाली सन्दर्भमा व्याकरणिक र कोशीय गरी दुई वर्गमा बाँड्ने गरिन्छ । सम्बद्धन सङ्कथनको आत्मा हो, जुन भाषाको अर्थ पक्षसँग सम्बन्धित हुन्छ । यसले अभिव्यक्तिको वैचारिक सिलसिला वा वाक्यहरूबिचको अन्तरसङ्गति जनाउँने कुरा व्यक्त गरिएको छ ।

उक्त लेखमा व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन र लोप गरी सात प्रकार रहेका छन् । कोशीय संसक्तिअन्तर्गत

पर्यायवाची, विपरीतार्थी, समावेशी, अनेकार्थी, सन्निधान र प्रकारान्तर कथन गरी छ प्रकार रहेको कुरा उल्लेख गरिएको छ । यी संसक्तिका एकाइहरूले पाठहरूमा भाषिक अन्वयक वा जोर्नीका रूपमा काम गर्दै वाक्यभन्दा माथिल्लो स्तरको सम्बद्धता निर्वाह गर्न र सङ्कथनमा बुनोट सिर्जना गर्न अनिवार्य यसको भूमिका रहन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

खनिया (सन् २०२२) द्वारा प्रस्तुत लेखमा निबन्धको भाषिक संरचना र अभिव्यक्तिलाई सम्बद्धकका आधारमा अध्ययन गरिएको छ । स्नातक तहमा अनिवार्य नेपालीको पाठ्यांशमा समावेश गरिएको उक्त निबन्धमा व्याकरणिक र कोशीय सम्बद्धकहरूको प्रयोगले कसरी विषयवस्तुलाई शृङ्खलाबद्ध र सम्प्रेषणीय बनाएको छ भन्ने उद्देश्य रहेको छ । यस लेखमा व्याकरणिक सम्बद्धकहरूलाई सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा वर्गीकरण गरेको छ । उक्त लेखमा कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र सन्निधानको विश्लेषण गरिएको छ । समग्रमा यी व्याकरणिक तथा कोशीय सम्बद्धकहरूको विविध र व्यापक प्रयोगले निबन्धको मूल विषयवस्तुलाई शृङ्खलाबद्ध बनाएर पाठकसमक्ष पुऱ्याउन सहयोग गरेको निष्कर्ष निकालिएको छ ।

जोशी (सन् २०२५) द्वारा प्रस्तुत लेखमा संसक्ति भनेको एउटा सङ्कथन भित्र रहेका भाषिक एकाइ (अनुच्छेद, वाक्य उपवाक्य, पद आदि) बिचको परस्परिक अर्थगत सम्बन्ध हो भनी व्यक्त गरिएको छ । भाषिक एकाइहरूलाई जोड्ने र यिनका बिचमा सम्बन्ध स्थापित गरी सङ्गठित बनाउने कार्य संसक्तिले गर्छ भनी उल्लेख गरिएको छ । उक्त लेखमा कविताको पहिलो अनुच्छेददेखि अन्तिम अनुच्छेदसम्मका  एकाइमा व्याकरणिक र कोशीय संसक्तिका कारण कवितामा भएको भावप्रवाह र संरचना पक्षको अध्ययन गरिएको देखिन्छ ( पृ. ३०) । यसमा व्याकरणिक संसक्ति सम्बद्ध निदर्शन, सर्वनामीकरण, विलोपन र संयोजन तथा कोशीय संसक्ति सम्बद्ध पुनरावृत्ति, पर्यायता र विपर्यायताको सैद्धान्तिक परिचय दिई यसको आधारमा अध्ययन गरिएको छ । प्रस्तुत लेखमा उक्त कविताको पङ्क्तिहरूलाई व्याकरणिक संसक्तिको निदर्शनअन्तर्गत (जसरी, तिम्रा, हामी, तिमी, तिम्रो, र, आफू, आज, भोलि, त्यो), सर्वनामीकरणमा (तिम्रा, हामी, तिम्रो), विलोपन (तिमी, त्यसरी, तिम्रा, लागि, त्यसरी, हामीलाई, सीमा), संयोजन (जसरी, र, तर) र कोशीय संसक्ति सम्बद्ध युक्ति पुनरावृत्ति (कहिले, घरी, बनाउँदै, हामी...), विपर्यायता (दाँया-बाँया, जिन्दावाद-मुर्दावाद,...)

आदिले भाषिक एकाइको पक्षहरूलाई जोडेर पाठलाई संसक्त तुल्याएको निष्कर्ष निकालिएको छ ।

**संसक्तिको सैद्धान्तिक अवधारणा**

पाठभित्रको भाषिक अन्तर सम्बन्धलाई संसक्ति भनिन्छ । संसक्तिलाई सम्बद्धक पनि भन्ने गरिन्छ । "सङ्कथनका संरचक एकाइहरूका बिच अन्तर्सम्बन्ध स्थापित गर्न आउने भाषिक तत्त्वलाई सम्बद्धक भनिन्छ" (भुसाल, २०६९, पृ. १६५) । संसक्तिले वाक्य, संवाद, अनुच्छेद आदि भाषिक एकाइलाई सुगठित र अन्वितिपूर्ण तुल्याउनुका साथै भावलाई संसक्त बनाउँछ । "सम्बद्धक भनेको भाषिक एकाइबिचमा सम्बन्ध स्थापना गरेर प्रस्तुतिलाई प्रसङ्गानुकूल बनाउने युक्ति हो" (लामिछाने, २०६८, पृ. १८६) । संसक्तिलाई भाषिक जोर्नीका रूपमा पनि लिइन्छ (भट्टराई, प्रधान र ढुङ्गेल, २०७२, पृ. १०४) । पाठमा रहेका भाषिक एकाइलाई परस्पर र सम्बद्ध बनाउन प्रयोग हुने संरचनात्मक कोशीय शब्द नै संसक्ति हुन् । न्यौपाने (२०७९) ले क्रिस्टल (२००३, पृ. १८१) को सन्दर्भ दिँदै भनेका छन् : "संसक्तिले वाक्यका बिचको सम्बन्ध र वाक्यको आर्थी सम्बन्धलाई जोड्ने महत्त्वपूर्ण कार्य गर्छ । यसलाई मुख्यतः पाठको बाह्य संरचनामा वाक्यहरूका विभिन्न जोड्ने महत्त्वपूर्ण कार्य गर्ने पाठ संरचक तत्त्व मानिन्छ" (पृ. ६३७) ।

एक आपसमा जुटेर रहनु वा टाँसिएर रहनुलाई संसक्ति भनिन्छ । "सम्बद्धकले वाक्य-वाक्यका बिचमा संयोजनकारी भूमिका खेल्ने जोर्नीको रूपमा काम गर्छन्" (ढकाल, २०७८/०७९, पृ. २२४) । संसक्तिले वाक्यभित्र र वाक्यका बिचमा श्रृङ्खला बनाउँछ । "सङ्कथनमा अभिव्यक्तिगत वैचारिक शृङ्खलालाई विस्तार गर्न, स्पष्टीकरण दिन, विकल्प दिन, निषेधात्मकता देखाउन, तुलना गर्न र कार्य कारण सम्बन्ध देखाउन यस्ता भाषिक जोर्नीहरूले केन्द्रीय भूमिका खेलेका पाइन्छ" (पौडेल र पोखरेल, २०८०, पृ. २४) । यसमा पाठमा रहेका भाषिक एकाइहरूलाई एक आपसमा जोड्ने, सङ्गठित बनाउने, छोट्याउने र विस्तार गर्ने कार्य पर्छ ।

संसक्तिले सङ्कथन रचनामा प्रयुक्त भाषिक एकाइको अनावश्यक र लम्बेतान पुनरावृत्तिबाट सङ्कथनलाई बचाउने काम गर्छ । "संसक्ति प्रक्रिया त्यस्तो रसायन हो, जसले कुनै पाठभित्रका एकाइहरू (संवाद, मनोवाद, अनुच्छेद, वाक्य, उपवाक्य, पदावली आदि) लाई एकताबद्ध गर्दछ, सुसङ्गठित बनाउँछ" (गौतम, २०७६, पृ. ५७५) । संसक्तिले

अभिव्यक्तिलाई व्यवस्थित, शृङ्खलित र भाषिक एकाइका बिच सम्बन्ध स्थापना गर्न आउने वा भाषिक एकाइलाई आपसमा जोड्ने भाषिक जोर्नी वा जोडक नै संसक्ति हो । "यसले भाषिक घटकहरूलाई आपसमा जोड्ने, सङ्गठित गर्ने, विचारलाई व्यवस्थित गर्ने, फौलाउने तथा छोट्याउने लगायतका कार्यमा महत्त्वपूर्ण भूमिका निवार्ह गर्दछ" (भुसाल, २०६९, पृ. १६५) । संसक्तिलाई पाठ निर्माण गर्ने स्रोतहरूको रूपमा परिभाषित गरिन्छ । यसले व्याकरणिक संरचनाभन्दा बाहिरका सम्बन्धहरू स्थापना गर्छ ।

संसक्ति एक अर्थपरक अवधारणा हो । यसले पाठभित्र रहेका अर्थका सम्बन्धहरूलाई बुझाउँछ । कुनै पनि रचनालाई वाक्यहरूको थुप्रो मात्र नभएर एकीकृत एकाइ बनाउँछ ( ह्यालिडे र हसन, सन् १९७६, पृ. १५६) । यसले भाषिक एकाइलाई जोड्ने पुलको काम गर्छ । अधिकारी (२०६७, पृ. २५२) ले सम्बद्धकका बारेमा भनेका छन् : "वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, देशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ" । सम्बद्धकका भाषिक एकाइको समन्वयकर्ता भएकाले सङ्कथनभित्रका औपचारिक सम्बन्ध, विभिन्न प्रकारका अन्तरवाक्य, उपवाक्य आदि सम्बन्धलाई जोड्ने काम सम्बद्धकले गर्छ । विद्यार्थीहरूको लेखनमा संसक्तिगत सम्बन्धहरूको प्रयोगले उनीहरूको सञ्चारगत दक्षता र जटिल विचारहरूलाई जोड्ने क्षमता झल्काउँछ (टनेन् र अन्य, सन् २०१५) । प्राज्ञिक विमर्शमा किनभने र त्यसैले जस्ता संयोजकहरूको प्रयोगले विद्यार्थीको तार्किक विकासलाई सङ्केत गर्दछ (गी, सन् १९९९) । संसक्तिले वाक्यहरूलाई अर्थपूर्ण रूपमा गाँसेर एउटा सुगठित पाठ तयार पार्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने विभिन्न भाषिक एकाइहरूलाई परस्पर जोडेर अन्वितिपूर्ण बनाउने महत्त्वपूर्ण एकाइ संसक्ति हो । यसलाई कोशीय र व्याकरणिक गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

**व्याकरणिक संसक्ति**

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने संसक्तिलाई नै व्याकरणिक संसक्ति भनिन्छ । "सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु नै हो" (पौडेल, २०६९ पृ. २४) । सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने संसक्ति व्याकरणिक संसक्ति हुन्

। त्यस्ता संसक्ति विशेष सन्दर्भमा प्रयोग भएर सन्दर्भगत अर्थ प्रदान गर्दछ । यस्ता व्याकरणिक संसक्तिलाई निम्नानुसार रहेको छ :

***सार्वनामिक संसक्ति***

नामको सट्टामा प्रयोग हुन आउने व्याकरणिक सम्बद्धकलाई सार्वनामिक संसक्ति भनिन्छ । पाठको निर्माणमा प्रयोग भएका सर्वनाम शब्द नै सार्वनामिक संसक्ति हुन् । “सार्वनामिक संसक्तिहरू अग्रसन्दर्भक र पश्चसन्दर्भक भई वाक्यमा विस्तार हुने गर्दछन्” ( अधिकारी, २०६२, पृ. २५५) । यसको आफ्नै अर्थ हुँदैन तर वाक्यको प्रसङ्गअनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यस्ता सार्वनामिक संसक्ति जनाउने शब्दको पाठमा व्यक्त भाव वा विचारलाई सङ्गठित बनाउने तथा कार्यकारण श्रृङ्खलामा बाँध्ने र पाठलाई सन्दर्भयुक्त बनाउने काममा सहयोग पुऱ्याउँछन् । यस्ता संसक्ति पाठमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुबै रूपमा आउन सक्छन् । “सर्वनामसँग सम्बन्धित सन्दर्भकले अर्ग वा पश्च सन्दर्भमा आएर विषयवस्तु वा विचारलाई सन्दर्भपूर्ण बनाउने काम गर्दछ । सार्वनामिक सम्बद्धकले विचारलाई शृङ्खलाबद्ध, सङ्गठित र सघन बनाउँछ” (ढकाल, २०७८/०७९, पृ. २४४) । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएमा त्यहाँ अग्रसन्दर्भक हुन्छ भने पहिले सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्च सन्दर्भक हुन्छ । “अनुच्छेदभित्रको कुनै व्यक्तिवाचक तथा स्थानावाचक नामलाई पटक पटक प्रयोग गर्दा हुने नीरसताको अन्त्यका लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग गर्नु सार्वनामिकीकरण हो” (गौतम, २०७६, पृ. ५७७) । सार्वनामिक संसक्तिहरू पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र आत्मवाचक गरी पाँच किसिमको हुने गर्छ ।

***कालिक संसक्ति***

पाठमा कुनै पनि कार्य वा घटनाको समय बुझाउन प्रयोगमा आउने शब्दहरू नै कालिक संसक्ति हुन् । कालिक संसक्तिका रूपमा नामयोगी र क्रियायोगी आउने गर्छ । “सङ्कथनमा समय सम्बन्धी सूचना दिनका निम्ति विभिन्न भाषिक शब्द सूचकहरूको पनि पर्याप्त प्रयोग भएको पाइन्छ” (पौडेल, २०७४, पृ. २४९) । कालिक संसक्तिमा हिजो, आज, अहिले, भरे, बेलुका, भोलि, पर्सि, पोहोर, बिहान, साँझ, राति, अस्ति, परार, २००३, २०४६

साल आदि पर्छ । यसै गरी भित्र, तिर, अघि-पछि, नजिक, भर, भरि, सम्म, यता, पहिले, उता, बिच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुबै संसक्तिका रूपमा प्रयोग हुन सक्छ ।

***स्थानिक संसक्ति***

ठाँउ विशेष बुझाउने शब्दहरूलाई स्थानिक संसक्ति भनिन्छ । “साङ्कथनिक संरचनामा आएर कथन घटनाका विभिन्न स्थान, ठाउँ वा परिवेश जनाउने सम्बद्धकलाई स्थानिक सम्बद्धक भनिन्छ” (भुसाल, २०६९, पृ. १६७) । सङ्कथनमा विभिन्न ठाउँ, स्थान, परिवेश जनाउन आउने सम्बद्धकलाई स्थानिक संसक्ति भनिन्छ । स्थान र परिवेश बुझाउने काठमाडौं, भक्तपुर, दोलखा, त्यहाँ, यहाँ, कता, यता, जता, यता, तल, माथि, भित्र, बाहिर, अगाडि, पछाडि, कोठामा, बजारतिर, विद्यालयबाट आदि स्थानिक संसक्ति हुन् । यस्ता संसक्तिले जोडकको रूपमा कार्य गर्छ । पाठ वा भनाइलाई परस्पर जोडेको हुन्छ । स्थानिक संसक्तिले कहाँ र कताको सन्दर्भलाई सङ्केत गर्छ ।

***प्रतिस्थापन***

कुनै प्रसङ्गमा प्रयोग भएको कुनै शब्दको सट्टामा अर्को शब्दको प्रयोग गर्नुलाई प्रतिस्थापन भनिन्छ । “कुनै पहिले भनिएको कथन, कार्य, घटना विवरण आदिको पुनरुक्तिका सट्टा त्यसका ठाउँमा अर्को विशिष्ट सन्दर्भकको प्रयोगलाई प्रतिस्थापन भनिन्छ” (गौतम, २०७६, पृ. ५७७) । पाठमा अगिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरु नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । “कथनमा नवीनता दिन एउटा अर्थ र अभिप्राय दिने भाषिक एकाइका सट्टा अर्को एकाइको प्रयोग उपयोग हुनुलाई प्रतिस्थापन भनिन्छ” (ढकाल, २०७८/०७९, पृ. २४५) । प्रतिस्थापन संसक्तिले अभिव्यक्तिमा पृथकता ल्याउन, एउटै भाषिक एकाइको बारम्बार हुने आवृत्तिबाट जोगाउन, लामा पदावली र उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग गर्दछ (गौतम, २०६८, पृ. ५७७) । यसले पाठमा शब्दको झर्कोलाग्दो एकोहोरोपनलाई हटाई विविधता प्रदान गर्दछ ।

सङ्कथनमा एउटा भाषिक एकाइको सट्टामा त्यसैलाई बुझाउने गरी अर्को शब्द वा पदको प्रयोग हुनु नै प्रतिस्थापन हो । यसले पाठमा भाषिक जोर्नीको कार्य गर्दछ । शब्दका ठाउँमा त्यसैलाई जनाउने गरी अर्को शब्द प्रयोग गर्नु नै प्रतिस्थापन हो । यो विशेष

गरी नामिक, क्रिया र उपवाक्य गरी तीन स्तरमा विभाजन गरिएको पाइन्छ । यसै गरी नामिक प्रतिस्थापन भन्नाले कुनै नाम पदका सट्टा अर्को कुनै शब्द वा पदको प्रयोग हुन्छ । त्यस्तै अगिल्लो वाक्यमा आएको क्रियालाई पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा पदले प्रतिस्थापन गर्नुलाई क्रियाको प्रतिस्थापन भनिन्छ । उपवाक्यका प्रतिस्थापन भन्नाले अगिल्लो वाक्यमा रहेको सिङ्गो उपवाक्यलाई नै पछिल्लो वाक्यमा कुनै पदले प्रतिस्थापन गर्नुलाई उपवाक्य प्रतिस्थापन भनिन्छ । अतः प्रतिस्थापनले वाक्यबिचको पुनरावृत्तिलाई कम गर्दै सङ्कथनमा अर्थगत निरन्तरता र संरचनात्मक सुगठन कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

***संयोजक***

दुई वा सोभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई जोड्ने भाषिक जोर्नी नै संयोजक हो । यसले व्याकरणिक एकाइहरूलाई जोड्ने काम गर्छ । “कुनै भाषिक एकाइहरूलाई जोड्नु संयोजन हो” (खनिया, सन् २०२२, पृ. ५) । संयोजकको आफ्नै कुनै स्वतन्त्र अर्थ हुँदैन तर यिनले सङ्कथनमा गर्ने कार्यका आधारमा यिनको पहिचान गर्न सकिन्छ । गौतम (२०७८) ले पाठमा रहने संयोजकलाई “विकल्पवाचकता, विरोध सूचकता, परिणाम वाचकता, समानाधीकरण सूचकता, कारणवाचकता, सङ्केत सूचकता, स्थान वाचकता, रीति वाचकता, व्यतिरेक वाचकता, प्रयोजन वाचकता, काल वाचकता, सम्बन्ध वाचकता, विकल्प सूचकता, स्थानापन्नता, प्रतिकथनात्मकता, निःसर्तपरकता, सङ्क्रमण सूचकता र सन्दर्भ सूचकता प्रकारमा विभाजन गरेका छन्” । नेपाली भाषामा प्रचलनमा रहेका सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् । र, तर, पनि, किनभने, किन्तु, परन्तु, अथवा जस्ता निरपेक्ष संयोजक जो, जे, जसरी, जहिले, भनेर आदि सापेक्ष संयोजक भनिन्छ । यस्ता संयोजकले अभिव्यक्तिलाई सुसम्बद्ध बनाउन मद्दत पुऱ्याउँछ ।

***लोप***

कुनै कुराको पूर्णताका लागि कुनै शब्द प्रस्तुत गर्नुपर्ने हुँदाहुँदै पनि केही सीमित शब्द वा पदावली प्रयोग गरेर अन्य पदहरू प्रयोग नगर्नु नै लोप हो । “पुनरुक्त हुने पद, पदावली र वाक्य आदिलाई हटाउने पक्रिया लोप हो” (दाहाल, २०७६, पृ. ११४) । पाठमा अभिव्यक्तिकर्ताले अगिल्लो वाक्यमा प्रयोग गरेको कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ र प्रसङ्गबाट

खुल्न आएमा त्यहाँ लोपको स्थिति रहन्छ । "लोपमा अर्थको सहचार सम्बन्ध भने रहिरहेको हुन्छ तर संरचनाको भने उपस्थिति हुँदैन" (गौतम, २०७६, पृ. ५७८) । यसको प्रयोग कथ्य सङ्कथनमा अत्यधिक र लेख्य सङ्कथनमा अलि कम हुन्छ । कुनै अवस्थामा लेखक र पाठक/प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा पनि लोपको स्थिति देखा पर्दछ । जस्तै : (क) तिमीले खाना खायौ ? (ख) खाए । भन्ने शब्दमा अगिल्लो वाक्यको खाना पछिल्लो वाक्यमा लोप भएको छ । लोपलाई पनि विभिन्न प्रकारमा विभाजन गरेका छन् । पाठभित्र नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप, संयोजकको लोप भएको हुन्छ । लोप पनि पूर्ण र आंशिक गरी दुवै रूपमा देखिन सक्छ । कुनै वाक्यमा अगाडि प्रयोग नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अगिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएमा आंशिक लोप हुन्छ ।

**कोशीय संसक्ति**

पाठमा कोशीय संसक्तिले पनि भाषिक जोर्नीको भूमिका खेलेका हुन्छन् । "पाठमा प्रयुक्त भएको अव्याकरणिक वा खुला किसिमको भाषिक व्यवस्था र सम्बन्धलाई कोशीय सम्बद्धक भनिन्छ" (पौडेल, २०७४, पृ. २५१) । कोशीय शब्द भन्नाले खास गरी नाम, विशेषण, क्रियायोगी र क्रियालाई बुझाउँछ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । यस्ता कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यसको सङ्ख्या असीमित हुन्छ । यी शब्दका बिच आपसी अर्थगतसम्बन्ध हुनु नै कोशीय संसक्तिको रचना हो । यस्ता कोशीय शब्द मुक्त वर्गका शब्दअन्तर्गत पर्छन् । पाठमा कोशीय शब्दलाई व्यवस्थित रूपले एकआपसमा मिलाएर राख्नाले कोशीय संसक्तिको सिर्जना हुन्छ । यस्ता संसक्ति निम्नानुसार रहेका छन् :

***पुनरावृत्ति***

सङ्कथनमा अगिल्लो वाक्यमा प्रयुक्त भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । सङ्कथनमा कुनै शब्द, वाक्य, पदावली तथा सन्दर्भकै दोहोऱ्याई तेऱ्याई प्रयोग हुनुलाई पुनरावृत्ति संसक्ति भनिन्छ । कतै पूर्ण कतै आंशिक पुनरावृत्तिको प्रयोगले सम्बद्धकको काम गरेको हुन्छ (भण्डारी, २०६८, पृ. २०) । एउटै भाषिक एकाइको पटक पटक प्रयोगबाट पुनरावृत्तिको सिर्जना हुन्छ । अगिल्ला प्रसङ्ग र

पछिल्ला प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुऱ्याउँछ । फलस्वरूप अर्थगत निरन्तरता कायम हुन्छ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन्छ । पुनरावृत्ति अन्तरवाक्यीय र वाक्यान्तरिक दुबै रूपमा देखा पर्दछ ।

***पर्यायवाची***

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । "एउटै अर्थ बोकेको तर भिन्न भिन्न रूप र संरचना भएका शब्दहरूले पाठलाई विविधतायुक्त बनाएर पनि अर्थ सम्प्रेषणमा भूमिका निर्वाह गरिरहेको देखिन्छन्" (पौडेल र पोखरेल, २०८०, पृ. ३१) । सङ्कथनमा यिनले विचारको श्रृङ्खला निर्माण गर्न सघाउ पुऱ्याउँछन् । यस्ता पर्यायवाची शब्द पनि पूर्ण पर्याय र आंशिक पर्याय गरी दुई प्रकारका हुन्छन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएमा पूर्ण पर्याय र आंशिक किसिमका वा झन्डै समान किसिमको अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । "पर्यायवाची शब्दका भाषिकागत, सन्दर्भगत, स्रोतगत र शैलीगत गरी चार भेद छन्" (पोखरेल, २०५९, पृ. १५५) । यस्ता शब्दले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण र सुश्रृङ्खलित बनाउन सहयोग पुऱ्याउँछन् ।

***विपरीतार्थी***

शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भइरहेको हुन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि श्रेणीवद्ध, परिपूरक र विरुद्धार्थक गरी तीन किसिमका हुन्छन् (पौडेल र पोखरेल, २०८०, पृ. ३१) । श्रेणीबद्ध (अग्लोको होचो), परिपूरक (विद्वान्-मुर्ख) र विरूद्धार्थक (बाबु-छोरा) हुन् । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्दछन् ।

***सन्निधान***

कुनै पनि पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्दछ भने तिनलाई सन्निधान भनिन्छ । "सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बिचको साहचर्चात्मक सम्बन्धलाई सन्निधान भनिन्छ" (भुसाल, २०७८, पृ. १६२) । सन्निधान भनेको सहप्रयोग पनि हो । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र

आउन सक्छ तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । त्यसैले सन्निधानले दुई शब्द निकट रहने बुझाउँछ । सङ्कथनका सन्दर्भमा शब्द र वाक्यबिच शृङ्खला मिलाउन तथा विचार र भावनालाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

***समावेशात्मकता***

एउटै पदमा अरु पद वा पदावलीको अर्थ समावेश हुने गरी उपयोग गरिने शब्दलाई समावेशात्मकता संसक्ति भनिन्छ । यसलाई भाषाविज्ञानमा हाइपोनिमी पनि भनिन्छ । शब्दहरूबिचको श्रेणीबद्ध र सोपानगत सम्बन्धमा आधारित हुन्छ । यसमा एउटा व्यापक अर्थ दिने मूल शब्द र त्यसको परिधि भित्र पर्ने विशिष्ट शब्दहरूबिचको अन्तरसम्बन्धलाई प्रयोग गरिन्छ । कुनै एउटा शब्दका अर्थमा अर्का शब्दको अर्थ पनि समावेश हुने स्थितिलाई समावेशात्मकता भनिन्छ । यसमा समावेशक र समावेशित गरी दुई खालका पद रहन्छन् । “जुन शब्दले अन्य शब्दको अर्थ आफूभित्र समेट्न सक्छ त्यसलाई समावेशक शब्द र जुन शब्दको अर्थ अर्को शब्दको अर्थमा समाहित हुन जान्छ त्यसलाई समावेशित शब्द भनिन्छ” ( भुसाल, २०७८, पृ. १५९) । जस्तै ‘विषय’ एउटै शब्दभित्र नेपाली, विज्ञान, गणित, सामाजिक, अङ्ग्रेजी आदि समावेश हुन्छन् । अतः यी शब्द समावेशक हुन् । समावेशकले पनि पाठमा जोर्नीको भूमिका निर्वाह गर्ने हुँदा यसलाई संसक्ति भनिन्छ ।

**पुनरावलोकनको उपयोगिता**

संसक्तिका विविध पक्षमा केन्द्रित सैद्धान्तिक र प्रायोगिक साहित्यहरूको पुनरावलोकनले प्रस्तुत शोधकार्यका लागि एउटा स्पष्ट मार्गचित्र प्रदान गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा सङ्कथन र संसक्ति विश्लेषणको क्षेत्र निकै व्यापक बनिसकेको भए तापनि नेपाली भाषा शिक्षणको राष्ट्रिय सन्दर्भमा यो अझै पनि विस्तार र विकासकै चरणमा रहेको देखिन्छ । विभिन्न भाषाविद्का लेख, रचना र सैद्धान्तिक अवधारणाहरूको गहन अध्ययनबाट संसक्ति विश्लेषणका आधारभूत सिद्धान्तहरूलाई यस शोधको जगका रूपमा स्थापित गर्न महत्त्वपूर्ण प्राज्ञिक सहयोग प्राप्त भएको छ । विशेष गरी ह्यालिडे र हसन जस्ता विद्वानका स्थापित मान्यताहरूलाई नेपाली भाषाको परिवेशमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने दिशानिर्देश यसै पुनरावलोकनबाट प्राप्त भएको छ ।

यस अनुसन्धानको उद्देश्य निश्चयन, शोध क्षेत्रको परिसीमन र अध्ययनको कार्यविधि निर्धारण गर्न आधारभूत जगको काम गरेको छ । यस प्रक्रियाबाट सामग्रीको सङ्कलन र परीक्षणका लागि आवश्यक उपकरण निर्माण गर्न स्पष्ट मार्गदर्शन प्राप्त भएको छ । सङ्कथनका क्षेत्रमा संसक्तिलाई एउटा विशिष्ट एकाइका रूपमा कसरी मापन गर्ने र साङ्ख्यिकीय नतिजालाई कसरी व्याख्या गर्ने भन्ने प्राविधिक ज्ञान प्राप्त गर्न अघिल्ला शोधकार्यहरू उपयोगी सिद्ध भएका छन् । अतः प्रस्तुत अनुसन्धानलाई सही दिशामा डोहोऱ्याउन, सम्भावित त्रुटिहरूलाई न्यूनीकरण गर्न र शोधको प्राज्ञिक वैज्ञानिकता सुनिश्चित गर्न पूर्वकार्यको पुनरावलोकन अत्यन्त उपादेयता सिद्ध भएको छ ।

**अनुसन्धानको रिक्तता**

उपर्युक्त विभिन्न पूर्वकार्यहरूको पुनरावलोकनबाट सङ्कथन विश्लेषण र पाठ विश्लेषणका क्षेत्रमा पहिलेदेखि नै प्रशस्त प्राज्ञिक कार्यहरू हुँदै आएको देखिन्छ । यी अध्ययनहरू मुख्यतया पाठको संरचना र सङ्कथनका सैद्धान्तिक पक्षमा मात्र बढी केन्द्रित रहेको पाइन्छ । स्नातक तहका विद्यार्थीको सङ्कथनमा संसक्ति पहिचान प्रयोग क्षमता र सोसँग सम्बन्धित व्यावहारिक सामर्थ्यका बारेमा केन्द्रित भएर विशिष्ट रूपमा कुनै अनुसन्धान भएको भेटिँदैन । विशेष गरी संसक्ति पहिचान गर्ने क्षमताको मापन गर्नु आफैँमा सङ्कथन विश्लेषणको क्षेत्रमा एउटा नवीन आयाम हो ।


स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा संसक्तिलाई समावेश गरी अध्यापन हुने गरेको छ । यसरी पाठ्यक्रममा समावेश गरिएको नवीन विषयको शिक्षण र सिकाइका क्रममा विद्यार्थीले कस्ता अनुभव, चुनौती र समस्याहरू सामना गरिरहेका छन् भन्ने पक्षमा गहिरो प्राज्ञिक अन्तराल विद्यमान छ । संसक्तिको पहिचान र प्रयोगका सम्बन्धमा पाठ्यक्रमको उद्देश्य, कक्षाकोठाको शिक्षण पद्धित र विद्यार्थीको वास्तविक कार्यसम्पादन क्षमताका बिचमा कस्तो अवस्था छ भन्ने कुराको निर्क्योल गर्नु आजको मुख्य आवश्यकता रहेको देखिन्छ ।

यसका अतिरिक्त, संसक्तिको सान्दर्भिकता र यसका समस्या समाधानका उपायहरूका बारेमा प्रत्यक्ष विद्यार्थीहरूको बुझाइ सङ्कलन गरी विश्लेषण गर्ने कार्य नेपालको सन्दर्भमा अत्यन्तै न्यून रहेको छ । विद्यार्थीको संसक्तिप्रतिको बुझाइ र संसक्तिअन्तर्गत व्याकरणिक र कोशीय संसक्तिको पहिचान प्रयोग गरी विश्लेषण गर्न यो

अनुसन्धान केन्द्रित रहेको छ । अतः नेपाली भाषा शिक्षणलाई वस्तुनिष्ठ र प्रयोगात्मक बनाउन विद्यमान देखिएको प्राज्ञिक रिक्ततालाई पूर्ति गर्ने लक्ष्य राखिएकाले प्रस्तुत अनुसन्धान अनुसन्धेय रहेको छ ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत अनुसन्धान सम्पन्न गर्नका लागि निम्नानुसारको अवधारणात्मक ढाँचा निर्माण गरिएको छ :



प्रस्तुत शोधप्रवन्धको अवधारणात्मक ढाँचाले विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमताको मापनलाई व्यवस्थित मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ । यसमा ह्यालिडे र हसन (सन् १९७६) को व्याकरणिक र कोशीय संसक्ति सिद्धान्तलाई प्रमुख सैद्धान्तिक आधार मानी साङ्कथनिक संरचनाको पहिचान र प्रयोग क्षमताको तुलना गर्ने उद्देश्य राखिएको छ । अध्ययनको उद्देश्यलाई पूर्णता दिन संस्थाको प्रकृति, विषयगत आधार, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय तहको पृष्ठभूमि जस्ता पाँचवटा चरहरूका आधारमा विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । शोधलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउन प्रत्यक्षवादी अनुसन्धाको दार्शनिक आयाम र परिमाणात्मक ढाँचाको अवलम्बन गरिएको छ । सम्भावनायुक्त नमुना छनोटअन्तर्गत सरल यादृच्छिक नमुना छनोट विधिद्वारा अध्ययनरत विद्यार्थी छनोट गरिएको छ । यसमा संरचित प्रश्नावलीलाई प्रमुख साधनका रूपमा उपयोग गरिएको छ । यस प्रक्रियाबाट प्राप्त नतिजा वा प्राप्तिहरूका आधारमा शोधको अन्तिम निष्कर्ष निकालिएको छ । विद्यार्थीको साङ्कथनिक संरचनाको ज्ञान र बोधसम्बन्धी सैद्धान्तिक बुझाइ र संसक्तिको पहिचान र प्रयोग क्षमताबिचको सम्बन्धलाई प्रस्ट पारिएको छ ।

## सारांश

यस अध्यायको पूर्वार्द्धमा नेपाली र अङ्ग्रेजी भाषामा सम्पादित पूर्ववर्ती शोधकार्यहरूको चर्चा गर्दै संसक्तिको क्षेत्रमा विद्यमान ज्ञानको रिक्ततालाई ठम्याउने प्रयास गरिएको छ । साहित्यको पुनरावलोकनका क्रममा विगतका अध्ययनहरूले संसक्तिलाई मुख्यतया साहित्यिक कृति वा अनुवादको दृष्टिकोणबाट मात्र विश्लेषण गरेको पाइन्छ । यस सन्दर्भमा स्नातक तहमा अध्ययनरत विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमता मापन गर्ने दिशामा पर्याप्त अनुसन्धान भएको छैन । संसक्तिलाई व्याकरणिय र कोशीय गरी दुई प्रमुख प्रकारमा वर्गीकरण गरी तिनका बारेमा सैद्धान्तिक स्पष्टता प्रदान गरिएको छ ।

# अध्याय : तीन
# अध्ययन विधि र प्रक्रिया

## विषयप्रवेश

प्रस्तुत अनुसन्धान कार्यलाई वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउनका लागि अवलम्बन गरिने चिन्तन, पद्धति र प्रक्रियाको समष्टिलाई नै अनुसन्धान विधिशास्त्र भनिन्छ । अनुसन्धानकर्ताले आफ्नो अध्ययनलाई निश्चित दिशा प्रदान गर्न र निर्धारित उद्देश्यहरू हासिल गर्नका लागि विशिष्ट विधिहरूको सहयोग लिनु अनिवार्य हुन्छ । बटर किसबर (२०१०) का अनुसार "अनुसन्धान विधिअन्तर्गत अनुसन्धानका सहभागी, प्रतिक्रिया, तथ्य सङ्कलन प्रक्रिया तथा व्याख्या र विश्लेषण आदिको चर्चा गरिन्छ" (पृ. २-७) । यस कार्यलाई विश्वसनीय र तार्किक निष्कर्षमा पुऱ्याउनको लागि परिमाणात्मक अनुसन्धान ढाँचाअन्तर्गत प्रत्यक्षवादी दार्शनिक चिन्तनलाई मुख्य आधार मानिएको छ । यस विधिशास्त्रले ह्यालिडे र हसन (सन् १९७६) द्वारा प्रतिपादित संसक्तिको सिद्धान्तलाई आधार मानी विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतालाई साङ्ख्यिकीय रूपमा मापन गरिएको छ । यसमा साधानको रूपमा संरचित प्रश्नावलीको प्रयोग गरिएको छ । स्नातक तहको प्रथम वर्षमा अध्ययन पूरा गरेका र दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीको संसक्ति पहिचान प्रयोग क्षमतामा केन्द्रित रही स्थलगत अध्ययनका आधारमा अध्ययनलाई अगाडि बढाइएको छ ।

## अनुसन्धान आयाम

अनुसन्धान आयामलाई अनुसन्धान कार्यको मार्गनिर्देश गर्ने दृष्टिकोणका रूपमा लिइन्छ । यसलाई अनुसन्धान कार्य अगाडि बढाउने ढाँचाका रूपमा पनि अर्थ्याउने गरिन्छ । सामान्यतया अनुसन्धान गर्दा के कस्ता अवधारणा र सिद्धान्त प्रयोग गर्न सकिन्छ भन्ने कुराको विस्तृत रूपरेखालाई अनुसन्धान आयाम (प्याराडाइम) भनिन्छ (क्रेस्वेल, सन् २००७) । यसलाई सत्यताको सामान्य बुझाइ पनि भनिन्छ (डेन्जिन र लिन्कोल्न्, सन् २०१८) । त्यसै गरी क्रेसवलले यसलाई अनुसन्धान कार्यको दृष्टिकोण भनेका छन् । क्रेस्वेल (सन् २००७) ले अनुसन्धान ढाँचा भनेको अध्ययनको दार्शनिक पक्ष हो । यसमा ज्ञान के हो र कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुराको व्याख्या गर्छ । प्रस्तुत अनुसन्धान प्रत्यक्षवादी ( पोजिटिभिजम प्याराडाइम) आयाममा आधारित छ । प्रत्यक्षवादले अनुभवजन्य प्रमाण,

वस्तुगत मापन र स्थापित सिद्धान्तको परीक्षणमा जोड दिन्छ (क्रेस्वेल, सन् २०१४) । यसमा ह्यालिडे र हसन (सन् १९७६) को संसक्तिसम्बन्धी स्थापित सिद्धान्तलाई एउटा मानक मानी विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतालाई अङ्कमा मापन गरिन्छ । प्रत्यक्षवादी आयामले मानवीय बुझाइ र आत्मपरकताभन्दा पनि बाह्य प्रमाण र साङ्ख्यिकीय नतिजालाई सत्यको आधार मान्दछ (न्युम्यान, सन् २०१४) । यसले गर्दा अनुसन्धानमा अनुसन्धानकर्ताको व्यक्तिगत पूर्वाग्रहमा नपरी नतिजा, प्राप्ताङ्क, वस्तुनिष्ठ र वैज्ञानिक हुने अपेक्षा गरिएको छ ।

**अनुसन्धानात्मक दार्शनिक आधार**

अनुसन्धानमा प्रयोग गरिने आधारभूत विचारलाई अनुसन्धानको दार्शनिक आधार भनिन्छ । यसले अनुसन्धान कार्यलाई मार्गनिर्देशन गर्दछ । अनुसन्धानमा निश्चित दार्शनिक आधारलाई टेकेर सामग्री सङ्कलन तथा विश्लेषण गरिन्छ । यसमा शोधकर्ताले अनुसन्धान गर्दा प्राप्त गर्न खोजेको ज्ञान कस्तो हुने र यथार्थ ज्ञान कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुराको निर्धारण दार्शनिक आधारमा गरिन्छ । यस अध्ययनमा प्रत्यक्षवादी (पोजिटिभिजम) दार्शनिक आयामलाई आधार मानिएको छ । प्रत्यक्षवादले स्थापित सिद्धान्तको परीक्षण गर्ने र तथ्यहरूलाई वस्तुनिष्ठ रूपमा मापन गर्ने कुरामा विश्वास गर्दछ (क्रेस्वेल, सन् २०१४) । यस शोधमा माइकल ह्यालिडे र रुकैया हसन (सन् १९७६) को संसक्ति सिद्धान्तलाई एउटा पूर्व स्थापित मानक मानी विद्यार्थीको क्षमतालाई अङ्क र तथ्याङ्कमा मापन गरिने हुनाले प्रत्यक्षवादी आयामको छनोट सान्दर्भिक देखिन्छ । यस आयामअन्तर्गत तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसालाई शोधको विषयवस्तुसँग जोडेर निम्नबमोजिम चर्चा गरिएको छ :

***तत्त्वमीमांसा***

तत्त्वमीमांसालाई सत्यवादी विचार वा वास्तविक सिद्धान्त पनि भनिन्छ । तत्त्वमीमांसाले यथार्थ वा वास्तविकताको स्वरूपका बारेमा बहस गर्छ । प्रत्यक्षवादी तत्त्वमीमांसाले यथार्थलाई एउटा वस्तुनिष्ठ, स्वतन्त्र र एकल सत्यका रूपमा स्वीकार गर्दछ । यसलाई अनुसन्धानकर्ताको व्यक्तिगत दृष्टिकोणले प्रभाव पार्दैन (न्युम्यान, सन् २०१४) । त्यसै गरी (गुबा, सन् १९९०) का अनुसार तत्त्वमीमांसा भनेको वस्तुको सामाजिक वास्तविकता कसरी बुझ्न सकिन्छ भन्ने कुरासँग सम्बन्धित छ । प्रस्तुत शोधको सन्दर्भमा

स्नातक तहका विद्यार्थीमा रहेको संसक्ति पहिचान र प्रयोगको क्षमतालाई एउटा मापनयोग्य वस्तुगत यथार्थ मानिएको छ । ह्यालिडे र हसन (सन् १९७६) ले निर्धारण गरेका व्याकरणिक संसक्ति र कोशीय संसक्तिका जोर्नीहरू पाठिभत्र विद्यमान हुने स्थिर र वस्तुगत भाषिक तथ्यहरू हुन् । यी भाषिक संरचनाहरूलाई विद्यार्थीले ठम्याउन सक्छन् वा सक्दैनन् भन्ने कुरा अनुसन्धानकर्ताको मस्तिष्कमा नभई बाह्य भाषिक यथार्थ र विद्यार्थीको प्राप्ताङ्कका रूपमा बाहिरै विद्यमान हुन्छ । गुबा (सन् १९९०) ले वास्ताविक यथार्थ कसरी प्राप्त हुन्छ र त्यो के हुने भन्ने कुरा अध्येताले आफ्नो दृष्टिकोण तयार गर्ने बताएका छन् । अतः यस शोधले विद्यार्थीहरूको क्षमतालाई एक स्थिर र साङ्ख्यिकीय रूपमा मापन गर्न सकिने वास्तविकताको रूपमा ग्रहण गरेको छ ।

***ज्ञानमीमांसा***

अनुसन्धानका क्रममा सत्य ज्ञानको स्रोत के हुने, ज्ञानको प्राप्ति कसरी गर्ने र ज्ञान कँहाबाट आउँछ भन्ने कुरालाई बताएका छन् । ज्ञानमीमांसाले ज्ञानको स्रोत, प्रकृति र अनुसन्धानकर्ता तथा अनुसन्धानको विषयवस्तुबिचको सम्बन्धलाई प्रस्ट पार्दछ । प्रत्यक्षवादी ज्ञानमीमांसाले ज्ञानलाई अनुभवजन्य प्रमाण र वस्तुगत अवलोकनबाट प्राप्त हुने विषयका रूपमा लिन्छ (कोहेन, मनिओन् र मोरि्रइसन्, सन् २००७) । यस शोधमा ज्ञान प्राप्तिका लागि निगमनात्मक पद्धितको अवलम्बन गरिएको छ । ह्यालिडे र हसनको स्थापित सिद्धान्तबाट संसक्ति प्रकारहरूको पहिचान गरी सोही आधारमा निर्माण गरिएको क्षमता पहिचान परीक्षण साधन र प्रश्नावली ज्ञान प्राप्तिको मुख्य माध्यम हो । विद्यार्थीको संसक्तिसम्बन्धी ज्ञानको स्तरलाई तथ्याङ्कीय प्रमाण र साङ्ख्यिकीय नतिजाका माध्यमबाट प्राप्त गरिने हुनाले यसलाई वस्तुनिष्ठ ज्ञानका रूपमा लिइएको छ (क्रेस्वेल, सन् २०१४) । अनुसन्धानकर्ताले सहभागी विद्यार्थीसँग कुनै व्यक्तिगत वा भावनात्मक सम्बन्ध नराखी तटस्थ पर्यवेक्षकका रूपमा उनीहरूको परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई नै ज्ञानको आधार मानेको छ ।

***मूल्यमीमांसा***

अनुसन्धानको विश्वसनीयता र वैद्यता प्राप्त गर्ने आधार मूल्यमीमांसा हो । मूल्यमीमांसा भन्नाले व्यक्तिहरूले कुनै वास्तविकता ज्ञानलाई कसरी हेर्ने र त्यसको मूल्य निर्धारण कसरी गर्ने भन्ने कुराको अध्ययन गर्छ । मूल्यशास्त्र ज्ञानको मूल्यसँग सम्बन्धित

हुन्छ । यसले व्यक्तिको ज्ञान तथा सत्यतालाई हेर्ने दृष्टिकोणमा प्रभाव पार्छ । बोगदान र बिक्लेन (सन् २००७) का अनुसार मूल्यशास्त्रमा व्यक्तिहरूले सत्यतालाई कसरी ग्रहण गर्छन् भन्ने कुराको अध्ययन गरिन्छ । मूल्यमीमांसाले अनुसन्धानमा मूल्य र मान्यताहरूको भूमिकाका बारेमा चर्चा गर्छ । प्रत्यक्षवादी मूल्यमीमांसाले अनुसन्धानलाई मूल्य मुक्त र निष्पक्ष हुनुपर्ने कुरामा जोड दिन्छ (बेस्ट र कह्न, सन् २००६) । प्रस्तुत शोधमा अनुसन्धानकर्ताको व्यक्तिगत धारणा, आग्रह, पूर्वाग्रह वा मूल्य-मान्यताले अनुसन्धानको प्रक्रिया र नतिजालाई प्रभाव पार्न दिइएको छैन । विद्यार्थीले संसक्ति पहिचानको परीक्षणमा प्रदर्शन गरेको वास्तविक कार्यसम्पादन र प्राप्त गरेको प्राप्ताङ्कलाई नै अन्तिम नतिजाको आधार बनाइएको छ । तथ्याङ्कको विश्लेषण गर्दा प्रतिशत, औसत, मानक विचलन र टी परीक्षण जस्ता वस्तुनिष्ठ साङ्ख्यिकीय उपकरणहरूको प्रयोग गरिएको छ । यसमा निष्कर्ष अनुसन्धानकर्ताको चाहनाअनुसार नभई तथ्याङ्कीय सूत्रका आधारमा निकालिएको छ । यसरी अनुसन्धानलाई पूर्ण रूपमा पूर्वाग्रहरहित, निष्पक्ष र वैज्ञानिक बनाउन मूल्य मुक्त (Value-free) पद्धति अपनाइएको छ ।

**अनुसन्धान ढाँचा**

अनुसन्धान ढाँचा भनेको अनुसन्धानको रणनीति योजना र व्यापक संरचना हो । यसले अनुसन्धानमा के, कसलाई, कसरी र किन जस्ता कुरासँग सम्बन्ध राख्छ । "सामान्यतया अनुसन्धानको क्षेत्रमा तीन प्रकारका अनुसन्धान ढाँचा : परिमाणात्मक, गुणात्मक र मिश्रित (परिमाणात्मक र गुणात्मक) प्रयोगमा रहेको पाइन्छ" (क्रेस्वेल, सन् २००९) । यस अनुसन्धानमा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । कर्लिङ्गर (सन् १९८६) का अनुसार परिमाणात्मक अनुसन्धानले चरहरूबिचको सम्बन्धलाई साङ्ख्यिकीय रूपमा व्याख्या गर्छ । प्रस्तुत अध्ययन विशेष गरी विवरणात्मक र तुलनात्मक प्रकृतिमा आधारित छ । विद्यार्थीहरूको संसक्ति पहिचान र प्रयोगको वर्तमान अवस्था र उनीहरूको भाषिक सामर्थ्यको चित्रण गर्ने हुनाले यस अध्ययन विवरणात्मक हो । संस्थाको प्रकृति (आङ्गिक र सामुदायिक), विषयका प्रकृति (मूल विषय नेपाली र मूल विषय अन्य), भाषिक पृष्ठभूमि (नेपाली मातृभाषी र अन्य मातृभाषी), लैङ्गिकता (छात्र र छात्रा), विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) अध्ययन गरेका विद्यार्थी र मुख्य चरहरूबिचको क्षमता तुलना गरिएकाले तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

**अध्ययनको कार्यक्षेत्र र जनसङ्ख्या**

यस अनुसन्धानको जनसङ्ख्या काठमाडौं उपत्यकाभित्रका त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध चारओटा क्याम्पसहरूमा स्नातक तह दोस्रो वर्षमा अध्ययन गरिरहेका विद्यार्थीलाई बनाइएको छ । उपत्यकाका शैक्षिक संस्थाहरूमा देशका विभिन्न भूगोल र परिवेशबाट आएका विद्यार्थीको प्रतिनिधित्व हुने भएकाले यस क्षेत्रलाई अध्ययनको केन्द्र बनाइएको हो । आ.व. २०८२/०८३ का शिक्षाशास्त्र सङ्कायअन्तर्गतका दुईओटा आङ्गिक (सानोठिमी क्याम्पस, भक्तपुर र महेन्द्ररत्न क्याम्पस, ताहाचल) र दुईओटा सामुदायिक (कोटेश्वर बहुमुखी क्याम्पस, कोटेश्वर र बानेश्वर बहुमुखी क्याम्पस, बानेश्वर) क्याम्पसका ६३४ जना (सम्बन्धित क्याम्पस प्रशासन शाखा, २०८२) विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

**नमुना छनोट प्रक्रिया**

प्रस्तुत अनुसन्धानको प्रकृतिअनुसार अध्ययनलाई प्रतिनिधित्वमूलक बनाउनका लागि सरल यादृच्छिक नमुना छनोट विधि (कोठारी, सन् २००४, पृ.६१) का आधारमा २०२ जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ । उक्त जनसङ्ख्यालाई स्लोभिनको सूत्रको प्रयोग गरी नमुना छनोट गरिएको छ :

[n = N / (1 + Ne2)]

N = ६३४

e = ०.०५८ (५.८%) (त्रुटि सिमा)

n = २०२ जना

यसअनुसार ५.८ प्रतिशतको त्रुटि सीमा राख्दा २०२ जना हुने भएकोले उक्त विद्यार्थीलाई नमुना छनोटको रूपमा लिइएको छ । कुल जनसङ्ख्याको ३१.५ प्रतिशत हिस्सा समेटिएकोले यसले अध्ययनमा प्रतिनिधित्व सुनिश्चित गरेको छ । सहभागी विद्यार्थीको छनोटका लागि सम्भावनायुक्त नमुना छनोट विधिअन्तर्गत सरल यादृच्छिक नमुना छनोट विधिको प्रयोग गरिएको छ (कोहेन, मनिओन र मोरिरइसन, सन् २००७) । यस प्रक्रियाअन्तर्गत संस्थाको प्रकृति, लैङ्गिकता, मूल विषयको प्रकृति, भाषिक पृष्ठभूमि र विद्यालय तहको शिक्षाको माध्यमलाई आधार मानी विद्यार्थीको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसबाट प्राप्त नतिजालाई जनसङ्ख्यामा सामान्यीकरण गर्न सहज बनेको छ । यस अध्ययनमा नमुनाका रूपमा छनोटलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १

*जनसङ्ख्या र नमुना छनोट*

| क्र. सं. | क्याम्पसको नाम | प्रकृति | विद्यार्थी सङ्ख्या | नमुना विद्यार्थी | छनोट विधि |
|---|---|---|---|---|---|
| १ | सानोठिमी क्याम्पस | आङ्गिक | १७० | ५० | सरल |
| २ | महेन्द्ररत्न क्याम्पस | आङ्गिक | १४३ | ४९ | यादृच्छिक |
| ३ | कोटेश्वर बहुमुखी क्याम्पस | सामुदायिक | १९५ | ५३ | नमुना छनोट |
| ४ | बानेश्वर बहुमुखी क्याम्पस | सामुदायिक | १२६ | ५० | |
| | **जम्मा** | | **६३४** | **२०२** | |

(स्रोत : स्थलगत अध्ययन, २०८२)

**तथ्याङ्क सङ्कलनका स्रोत**

तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतहरूको उपयोग गरिएको छ । छानिएका क्याम्पसका विद्यार्थीबाट प्रत्यक्ष रूपमा संरचित प्रश्नावली र क्षमता पहिचान परीक्षण गर्न संरचित प्रश्नावलीबाट लिइएको उत्तरहरूलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ । सङ्कथन र संसक्ति विश्लेषणसँग सम्बन्धित पुस्तक, पाठ्यसामग्री, पत्रपत्रिका, विभिन्न जर्नल, लेख, शोधपत्र र विभिन्न वेवसाइटहरूबाट सङ्कलित सामग्रीलाई द्वितीयक स्रोतको सामग्रीका रूपमा उपयोगमा आएका छन् ।

**तथ्याङ्क सङ्कलनका साधन**

तथ्याङ्क सङ्कलनका लागि मुख्य साधनका रूपमा दुई प्रकारका संरचित प्रश्नावली निर्माण गरिएको थियो । विद्यार्थीको संसक्तिसम्बन्धी सैद्धान्तिक धारणा बुझाइ मापन गर्नका लागि पाँचओटा सूचक वा आधार निर्धारण गरिएको थियो । जसमा लिकर्ट स्केलमा आधारित संरचित प्रश्नावली तयार गरिएको थियो । त्यसै गरी ह्यालिडे र हसन (सन् १९७६) को वर्गीकरणमा आधारित संसक्तिमध्ये व्याकरणिक (सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप) र कोशीय (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान र समावेशात्मक) संसक्तिको पहिचान र प्रयोग क्षमता परीक्षण गर्नका लागि पनि संरचित प्रश्नावली साधनको निर्माण गरिएको थियो । सामग्री निमार्ण पश्चात प्रश्नावलीलाई सानो समूहमा पूर्वपरीक्षण गरी मानकीकरण अर्थात् परिष्कार गरिएको थियो ।

### तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया

तथ्याङ्क सङ्कलन प्रक्रियालाई व्यवस्थित चरणहरूमा सम्पन्न गरिएको छ । सर्वप्रथम छनोटमा परेका क्याम्पसका प्रशासन, विभागीय प्रमुख र विषय शिक्षकसँग समन्वय गरी शोधको उद्देश्य प्रस्ट पारिएको छ । यस कार्य सम्पन्न गर्नको लागि आवश्यक प्रशासनिक अनुमति लिइएको छ । त्यसपछि सहभागी विद्यार्थीलाई शोधको महत्त्व र गोपनीयताका बारेमा जानकारी दिई उनीहरूको स्वेच्छिक सहमति मागिएको छ । निर्धारित कक्षामा एक घण्टा समय निर्धारण गरी ६० पूर्णाङ्कको परीक्षा लिइएको छ । विद्यार्थीलाई तयार पारिएका दुई सेट संरचित प्रश्नहरू वितरण गरी स्वतन्त्र रूपमा उत्तर भर्न लगाइएको छ । उक्त सेट क मा लिकर्ट स्केलअन्तर्गत पाँचओटा सूचक दिइएकोमा कुनै एकमा चिह्न लगाउने व्यवस्था गरिएको छ । संसक्तिको पहिचान र प्रयोग परीक्षण गर्नको लागि सेट ख मा दुईओटा अनुच्छेद दिई पहिलो अनुच्छेदबाट पाँचओटा व्याकरणिक संसक्ति र दोस्रो अनुच्छेदबाट पाँचओटा कोशीय संसक्तिको पहिचान गरी अर्थगत सम्बन्ध देखाउन लगाइएको छ । उक्त सङ्कलित २०० ओटा उत्तरपुस्तिकालाई व्यवस्थित रूपमा कोडिङ गरी परीक्षण गरिएको छ । प्राप्त तथ्याङ्कीयलाई प्रतिशत, औसत, मानक विचलन र टी परीक्षणको माध्यमबाट विश्लेषण गरिएको छ । यसको लागि चाहिने आवश्यक सामग्रीहरू सबै अध्येताद्वारा नै व्यवस्था गरिएको छ ।

### तथ्याङ्कको विश्लेषण र व्याख्या विधि

सङ्कलित तथ्याङ्कलाई शोधको उद्देश्यअनुरूप विश्लेषण गर्न विवरणात्मक र निष्कर्षात्मक दुवै साङ्ख्यिकीय विधिहरूको प्रयोग गरिएको छ । विवरणात्मक साङ्ख्यिकीअन्तर्गत औसत, मानक विचलन र प्रतिशतको प्रयोग गरी संसक्ति पहिचान प्रयोग क्षमताको सामान्य अवस्था चित्रण गरिएको छ (बेस्ट र कह्न, सन् २००६) । त्यसै गरी चरहरूबिचको क्षमतामा रहेको भिन्नता साङ्ख्यिकीय रूपमा परीक्षण गर्न स्वतन्त्र नमुना टी परीक्षण विधिको प्रयोग गरिएको छ । प्राप्त नतिजाहरूलाई थप प्रस्ट पार्नका लागि तालिका निर्माण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### अध्ययनको नैतिक पक्ष

यस शोधमा अनुसन्धानका नैतिक मूल्य र मान्यताहरूको पूर्ण पालना गरिएको छ । सहभागी विद्यार्थीको गोपनीयतालाई उच्च प्राथमिकता दिँदै उनीहरूको व्यक्तिगत

विवरणलाई गोप्य राखिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई कोड नम्बरहरू मात्र प्रयोग गरी विश्लेषण गरिएको छ । स्वैच्छिक सहभागिता सहभागी हुनका लागि कसैलाई पनि बाध्य पारिएको छैन । यस प्रयोजनका लागि सङ्कलन गरिएको तथ्याङ्कलाई अन्य सन्दर्भमा दुरूपयोग गरिने छैन । सहभागीहरूलाई कुनै पनि बेला छोड्ने अधिकार सुरक्षित रहेको छ । सङ्कलित सबै तथ्याङ्क र अभिलेखहरूलाई गोप्य रूपमा र सुरक्षित तरिकाले राखिएको छ । शोध कार्य समाप्त भएपछि नष्ट गरिएको छ । प्राप्त नतिजालाई कुनै पनि पूर्वाग्रह विना इमानदारीपूर्वक र वस्तुनिष्ठ रूपमा प्रस्तुत गरिएको छ ।

**सारांश**

प्रस्तुत परिच्छेदमा अध्ययन विधि तथा प्रक्रिया बारे परिचर्चा गरिएको छ । अध्ययनलाई वस्तुनिष्ठ र प्रमाणिक बनाउनका लागि प्रत्यक्षवादी दार्शनिक चिन्तनअन्तर्गत परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा काठमाडौं उपत्यकाका चारवटा क्याम्पसहरू (आङ्गिक र सामुदायिक) बाट स्नातक तह दोस्रो वर्षमा अध्ययनरत २०२ जना विद्यार्थीलाई सम्भावनायुक्त नमुना छनोटअन्तर्गत सरल यादृच्छिक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि संसक्तिका व्याकरणिक र कोशीय प्रकारहरूमा आधारित विद्यार्थीहरूको सैद्धान्तिक बुझाइ मापन गर्न लिकर्ट स्केलमा आधारित संरचित प्रश्नावलीलाई साधनका रूपमा प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरूलाई व्यवस्थित रूपमा प्रशोधन र विश्लेषण गर्नका लागि साङ्ख्यिकीय सूत्रहरू (प्रतिशत, औसत, मानक विचलन र टी परीक्षण) को प्रयोग गरिएको छ । समग्रमा अध्ययनको नैतिक पक्षलाई केन्द्रमा राखी अनुसन्धानात्मक मान्यतालाई विशेष प्राथमिकता दिइएको छ ।

# अध्याय : चार
# विद्यार्थीको साङ्कथनिक संरचनाको ज्ञान र बोध

## विषयप्रवेश

निश्चित सन्दर्भमा प्रयोग हुने भाषाको पूर्ण एकाइ नै सङ्कथन हो । कथित वा लिखित जुनसुकै प्रकारको भाषिक प्रयोग भए पनि जहाँ सन्दर्भ विद्यमान हुन्छ त्यहाँ साङ्कथनिक संरचना निर्माण हुन्छ । खास सन्दर्भमा प्रयोग भएको लिखित र मौखिक भाषाको स्वरूप नै सङ्कथन हो । यसलाई संरचनामा भएको वाक्यात्मक व्याकरणको नियमबद्धताभन्दा सान्दर्भिक रूपमा प्रयोग भएको सामाजिक सम्प्रेषणका रूपमा लिने गरिन्छ । प्रस्तुत अनुसन्धानमा काठमाडौं उपत्यकाका चारओटा क्याम्पसबाट नमुनाका रूपमा छनोट गरिएका २०० जना विद्यार्थीबाट प्राप्त प्राथमिक सामग्रीहरूलाई यस अध्यायमा व्यवस्थित रूपमा विश्लेषण गरिएको छ । यस अध्यायले स्नातक तहका दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमताको वास्तविक अवस्थालाई चित्रण गरेको छ । विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कहरूलाई साङ्ख्यिकीय सूत्रहरू (प्रतिशत, औसत) प्रयोग गरी यसलाई क्रमैसँग तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । विद्यार्थीको संसक्तिप्रतिको बोधलाई विद्यार्थीको प्रतिक्रिया के कस्तो रहेको छ भन्ने कुरालाई यस अध्यायमा चर्चा गरिएको छ :

## संसक्तिप्रतिको बुझाइ

संसक्तिको बुझाइ लेखनको स्पष्टता, क्रमबद्धता र अर्थपूर्णतासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । विद्यार्थीले संसक्तिलाई कति प्रभावकारी रूपमा बुझेका छन् भन्ने जानकारी उनीहरूको भाषिक अभिव्यक्तिबाट प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा स्नातक तहमा अध्ययनरत विद्यार्थीको संसक्तिप्रतिको बोध पत्ता लगाउन विभिन्न कथनहरू प्रस्तुत गरी उनीहरूको प्रतिक्रिया सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कले संसक्तिप्रति विद्यार्थीको सचेतता र बुझाइको स्तर देखाएको छ । समग्रमा स्नातक तहको दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीको संसक्तिप्रतिको बुझाइको अवस्थालाई  निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २

*संसक्तिप्रतिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संसक्ति प्रयोग गर्दा मेरो लेखन व्यवस्थित र स्पष्ट हुन्छ । | ४१ (२१.४% ) | ११२ (५८.३ %) | ३० (१५.६%) | ७ (३.६%) | २ (१.०%) | १९२ |
| २ | शिक्षकले दिएको पृष्ठपोषणले मेरो संसक्ति प्रयोग क्षमता सुधार गरेको छ । | ६० (३२.१ %) | ९१ (४८.७%) | ३२ (१७.१%) | ३ (१.६%) | १ (०.५%) | १८७ |
| ३ | राम्रो लेखनका लागि संसक्ति अत्यन्त आवश्यक छ । | ६२ (३१.८%) | १०९ (५५.९%) | २२ (११.३%) | २ (१%) | ० (०%) | १९५ |

प्रस्तुत तालिका नं. २ मा जम्मा २०० जना विद्यार्थीमध्ये ८ जना विद्यार्थीले कुनै प्रतिक्रिया नदिइएको र बाँकी १९२ जना उत्तरदाताले व्यक्त गरेको धारणाअनुसार पहिलो कथनमा उत्तरदाता १५३ जना (७९.७%) विद्यार्थीले (पूर्ण सहमत वा सहमत) प्रतिक्रिया दिएका छन् । यसले संसक्ति प्रयोगले लेखनलाई व्यवस्थित र स्पष्ट बनाउने भन्ने बुझाइ बलियो रहेको देखाउँछ । सीमित मात्रामा तटस्थ तथा असहमत प्रतिक्रिया प्राप्त भएको छ ।

उपर्युक्त दोस्रो कथनमा १५१ जना ८०.७% (पूर्ण सहमत र सहमत) विद्यार्थीले शिक्षकबाट प्राप्त पृष्ठपोषणले संसक्ति प्रयोग क्षमता सुधार भएको स्वीकार गरेका छन् । यसले संसक्ति विकासमा शिक्षकको भूमिका प्रभावकारी रहेको देखाउँछ । तेस्रो कथनमा १७१ जना (८७.७%) विद्यार्थीहरूले राम्रो लेखनका लागि संसक्ति अत्यन्त आवश्यक हुने विचार व्यक्त गरेका छन् ।

समग्रमा यस तथ्याङ्कले स्नातक तहका विद्यार्थीमा संसक्तिको सैद्धान्तिक महत्त्वबारे उच्च स्तरको बुझाइ रहेको देखाउँछ । केही तटस्थ तथा असहमत प्रतिक्रियाले संसक्तिको व्यावहारिक प्रयोग अझ सुदृढ गर्न अभ्यासमुखी शिक्षण आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## व्याकरणिक संसक्तिको बुझाइ

व्याकरणिक संसक्ति सङ्कथन वा पाठमा प्रयुक्त वाक्य वा विषयलाई परस्परमा संयोजन गर्ने भाषिक युक्ति हुन् । यसअन्तर्गत सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप संसक्ति पर्छन् । उक्त तहमा अध्ययनरत विद्यार्थीको व्याकरणिक संसक्तिप्रतिको बुझाइको विश्लेषण निम्नानुसार गरिएको छ :

### ***सार्वनामिक संसक्ति***

कुनै पद पदावली वा वाक्यको पुनरावृत्तिलाई रोकी सङ्कथनलाई साङ्गठनिक बनाउन आउने सर्वनामलाई सार्वनामिक संसक्ति भनिन्छ । व्याकरणिक संसक्ति भाषिक एकाइहरूबिचको संरचनात्मक सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण साधन हो । विशेषतः सर्वनामको प्रयोगले दोहोरिने नामहरूको सट्टा सन्दर्भलाई स्पष्ट र पाठलाई छरितो, अर्थपूर्ण र सुसम्बद्ध बनाउँछ । लेखनमा सार्वनामिक संसक्तिको उचित प्रयोगले भाषिक स्पष्टता र निरन्तरता कायम गर्छ । ह्यालिडे र हसन (सन् १९७६) का अनुसार सार्वनामिक संसक्तिले पाठकलाई पूर्ववर्ती सन्दर्भ वा परवर्ती सन्दर्भसँग जोडेर विचारको निरन्तरता कायम गर्न सघाउँछ । यस अध्ययनमा विद्यार्थीको सार्वनामिक संसक्तिप्रतिको बुझाइ निम्नानुसार रहेको छ :

तालिका ३

*सार्वनामिक संसक्तिको बुझाइ*

| क्र. सं | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लेखनमा नाम आवृत्ति नहोस् भनी सर्वनाम प्रयोग । | ८० (४२.३%) | ८० (४२.३%) | १७ (९.०%) | १० (५.३%) | २ (१.१%) | १८९ |
| २ | सर्वनामले केलाई जनाइरहेको छ भन्ने बोध । | ८४ (४३.५%) | ९४ (४८.७%) | ९ (४.७%) | २ (१.०४%) | ४ (२.१%) | १९३ |
| ३ | सर्वनामको उचित प्रयोगले गर्दा लेखन स्पष्ट हुने बुझाइ । | ७५ (३९.७%) | ९२ (४८.७%) | ११ (५.८%) | ८ (४.२%) | ३ (१.६%) | १८९ |

प्रस्तुत तालिका नं. ३ का अनुसार सार्वनामिक संसक्तिको बुझाइप्रति विद्यार्थीको धारणा समग्रमा उच्च स्तरको सकारात्मक धारणा रहेको पाइन्छ । पहिलो कथनमा ८४.७ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत ४२.३ % र सहमत ४२.३%) लेखनमा नामको अनावश्यक पुनरावृत्ति टार्न सर्वनाम प्रयोग गर्ने बताएका छन् । दोस्रो कथनमा ९२.२ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) सर्वनामले जनाउने सन्दर्भ पहिचान गर्न सक्ने धारणा व्यक्त गरेका छन् । यसले सार्वनामिक संसक्तिको अर्थगत बुझाइ अपेक्षाकृत सुदृढ रहेको सङ्केत गर्छ । तेस्रो कथनमा ८८.४ प्रतिशत विद्यार्थीहरूले (पूर्ण सहमत र सहमत) सर्वनामको उचित प्रयोगले लेखन स्पष्ट हुने स्वीकार गरेका छन् ।

***कालिक संसक्ति***

सङ्कथनमा कुनै पनि कार्य वा घटनाको समय बुझाउन आउने शब्दहरू नै कालिक संसक्ति हुन् । यसले पाठमा वर्णित घटनाहरूलाई समयको क्रमअनुसार व्यवस्थित गर्छ । पाठमा घटनाक्रमको समयगत निरन्तरता र क्रमबद्धता स्थापित गर्न महत्त्वपूर्ण साधनको रूपमा लिइन्छ । समयसूचक शब्द तथा संरचनाको प्रयोगले लेखनलाई तार्किक र बोधगम्य बनाउँछ । विशेषतः कथन र वर्णनात्मक लेखनमा कालिक संसक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ । यस अध्ययनमा विद्यार्थीको कालिक संसक्ति प्रयोगसम्बन्धी बुझाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४

*कालिक संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | घटनाहरूलाई समय-क्रमअनुसार प्रस्तुत गर्ने क्षमता । | ५१ (२६.८४%) | १०३ (५४.२१%) | २९ (१५.२६%) | ५ (२.६३%) | २ (१.०५%) | १९० |
| २ | समय सूचक शब्दहरू प्रयोग गर्ने सक्षमता । | ३७ (१९.८९%) | १०५ (५६.४५%) | ३१ (१६.६७%) | ८ (४.३०%) | ५ (२.६९%) | १८६ |

उक्त तालिका नं. ४ का अनुसार कालिक संसक्तिप्रतिको बुझाइ समग्रमा सकारात्मक देखिन्छ । जसमध्ये पहिलो कथनमा ८१ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) घटनालाई समय-क्रमअनुसार प्रस्तुत गर्न सक्ने धारणा व्यक्त गरेका छन् । यसले विद्यार्थीमा कालिक संरचनाको आधारभूत ज्ञान रहेको देखाउँछ । दोस्रो कथनमा ७६.३४ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) समयसूचक शब्द प्रयोग गर्न सक्षम रहेको स्वीकार गरेका छन् ।

***स्थानिक संसक्ति***

सङ्कथनमा कथनको स्थान, ठाउँ र परिवेश बुझाउने शब्दहरू नै स्थानिक संसक्ति हुन् । स्थानिक संसक्ति पाठमा वस्तु, स्थान र परिवेशबिचको सम्बन्ध स्पष्ट पार्ने साधन हो । स्थानसूचक शब्दहरूको उचित प्रयोगले वर्णनलाई स्पष्ट र दृश्यात्मक बनाउँछ । विशेषतः वर्णनात्मक र व्याख्यात्मक लेखनमा स्थानिक संसक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यार्थीको स्थानिक संसक्ति प्रयोगसम्बन्धी बुझाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ५

*स्थानिक संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थान जनाउने शब्दहरूको उपयुक्त प्रयोग । | १०० (५२.६%) | ८१ (४२.६%) | ७ (३.७%) | ० (०%) | २ (१.१%) | १९० |
| २ | वस्तु/स्थानलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमता । | ४७ (२४.९%) | ११४ (६०.३%) | २० (१०.६%) | ३ (१.६%) | ५ (२.६%) | १८९ |

प्रस्तुत तालिका नं. ५ का अनुसार स्थानिक संसक्तिको बुझाइ पहिलो कथनमा ९५.३ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) स्थानसूचक शब्दहरू उपयुक्त रूपमा प्रयोग गर्न सक्ने बताएका छन् । यसले विद्यार्थीमा स्थानिक संसक्तिको उच्च स्तरको सचेतता रहेको देखाउँछ । दोस्रो कथनमा ८५.२ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) वस्तु तथा स्थानलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न सक्ने स्वीकार गरेका छन् ।

***प्रतिस्थापन संसक्ति***

एकपटक प्रयोग भइसकेको शब्द अथवा पदावलीका सट्टामा अर्को शब्द अथवा पदावलीको प्रयोग गरी पहिलेको शब्द वा पदावलीलाई प्रतिस्थापन गर्छ भने त्यसलाई प्रतिस्थापन संसक्ति भनिन्छ । यसले पाठमा दोहोरिएका भाषिक एकाइहरूको सट्टा समान अर्थ दिने तर संरचनात्मक रूपमा फरक शब्द वा वाक्यांश (जस्तै : तेसो, त्यही, यस्तो) को प्रयोगलाई बुझाउँछ । प्रतिस्थापन संसक्ति लेखनमा दोहोरिने शब्द वा संरचनाको सट्टा उपयुक्त भाषिक साधन प्रयोग गरी पाठलाई सुसम्बद्ध बनाउने प्रक्रिया हो । यसले भाषिक प्रवाह कायम गर्दै अर्थ स्पष्टता प्रदान गर्छ । प्रतिस्थापनको उचित प्रयोगले लेखनलाई सङ्क्षिप्त र प्रभावकारी बनाउँछ । यस अध्ययनमा विद्यार्थीको प्रतिस्थापन संसक्तिप्रतिको बुझाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ६

*प्रतिस्थापन संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | शब्दको सट्टा उपयुक्त संरचना प्रयोग गरी प्रतिस्थापन गर्न सक्षम । | ५२ (२७.३७%) | १०३ (५४.२१%) | २६ (१३.६८%) | ६ (३.१६%) | ३ (१.५८%) | १९० |
| २ | प्रतिस्थापन प्रयोगले लेखनको अर्थ स्पष्ट बनाउने कुरामा सचेतता । | ३३ (१६.९२%) | ८२ (४२.०५%) | ५७ (२९.२३%) | २० (१०.२६%) | ३ (१.५४%) | १९५ |

उक्त तालिका नं. ६ का अनुसार प्रतिस्थापन संसक्तिको बुझाइ मध्यमदेखि सन्तोषजनक देखिन्छ । पहिलो कथनमा ८१.६ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) प्रतिस्थापन गर्न सक्षम रहेको धारणा व्यक्त गरेका छन् । दोस्रो कथनमा भने तटस्थ तथा असहमत प्रतिक्रियाको प्रतिशत तुलनात्मक रूपमा बढी देखिएको छ ।

***संयोजक संसक्ति***

संयोजक संसक्ति वाक्य तथा विचारहरूबिच तार्किक सम्बन्ध स्थापना गर्ने प्रमुख साधन हो । यस संसक्तिले वाक्य वा उपवाक्यहरूबिच तार्किक सम्बन्ध (जस्तै : कारण-परिणाम, विरोध, थप) स्थापित गर्छ । यसले छरिएका विचारलाई एउटै सूत्रमा उनेर पाठलाई सुगठित र एकीकृत बनाउँछ । लेखनमा संयोजकको उचित प्रयोगले विचारलाई एकीकृत र प्रवाहयुक्त बनाउँछ । यस अध्ययनमा विद्यार्थीको संयोजक संसक्तिप्रतिको बुझाइ निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ७

*संयोजक संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कारण-परिणाम जनाउने संयोजकहरूको उपयुक्त प्रयोग । | ९५ (४७.९८%) | ७८ (३९.३९%) | ९ (४.५५%) | ८ (४.०४%) | ८ (४.०४%) | १९८ |
| २ | विपरीत अर्थ दिने संयोजक प्रयोगमा सहजता । | ५२ (२७.०८%) | ११५ (५९.९%) | ९ (४.६९%) | ८ (४.१७%) | ८ (४.१७%) | १९२ |
| ३ | संयोजकका विचारहरूलाई एकीकृत गर्ने बुझाइ । | ५६ (२९.३२%) | १०१ (५२.८८%) | २५ (१३.०९%) | ५ (२.६२%) | ४ (२.०९%) | १९१ |

प्रस्तुत तालिका नं ७ का अनुसार संयोजक संसक्तिको बुझाइ सकरात्मक देखिएको छ । तीनवटै कथनमा ८० प्रतिशतभन्दा बढी विद्यार्थीले सकारात्मक धारणा व्यक्त गरेका छन् । विशेषतः कारण-परिणाम र विपरीतार्थक संयोजकको प्रयोगमा विद्यार्थी अपेक्षाकृत सक्षम देखिएका छन् ।

***लोप संसक्ति***

लोप संसक्ति लेखनमा अनावश्यक शब्दहरू हटाई अर्थ स्पष्ट, छोटो, मिठो र प्रवाहयुक्त बनाउने साधन हो । यसले भाषिक सङ्क्षिप्तता र प्रभावकारिता बढाउँछ । लोपको उचित प्रयोगले लेखन क्षमताको स्तरीयता कायम रहन्छ । यस अध्ययनमा स्नातक तहमा

अध्ययनरत विद्यार्थीको लोप संसक्तिप्रतिको बुझाइसम्बन्धीको धारणा निम्नबमोजिम प्रस्तुत गरिएको छ :

तालिका ८

*लोप संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लेखनमा अर्थ स्पष्ट हुँदा अनावश्यक शब्द हटाउने अभ्यास । | ६२ (३१.९६%) | ८० (४१.२४%) | ३७ (१९.०७%) | १५ (७.७३%) | ० (०%) | १९४ |
| २ | लोपले लेखनलाई छोटो र प्रवाहयुक्त बनाउने अनुभव । | ३९ (१९.८%) | ९५ (४८.२२%) | ५१ (२५.८९%) | ८ (४.०६%) | ४ (२.०३%) | १९७ |
| ३ | सन्दर्भअनुसार लोपको उपयुक्तता बुझ्ने क्षमता । | २२ (११.६४%) | ९५ (५०.२६%) | ५१ (२६.९८%) | १५ (७.९४%) | ६ (३.१७%) | १८९ |

उक्त तालिका नं. ८ का अनुसार लेखनमा अनावश्यक शब्द हटाउने र प्रवाहयुक्त बनाउन लोप संसक्तिको प्रयोग गर्छु भन्ने प्रश्नको उत्तरमा लोप संसक्तिको बुझाइ अन्य व्याकरणिक संसक्तिको तुलनामा केही कमजोर देखिन्छ । माथिको तथ्याङ्कबाट तटस्थमा विद्यार्थीको प्रतिक्रियाको प्रतिशत बढी देखिनुले लोपको सन्दर्भगत प्रयोगमा अझै स्पष्टता आवश्यक रहेको स्पष्ट सङ्केत गर्छ ।

**समग्रमा व्याकरणिक संसक्ति**

प्रस्तुत अध्ययनमा विश्लेषण गरिएका व्याकरणिक संसक्तिप्रति स्नातक तहका विद्यार्थीको बुझाइ समग्रमा सन्तोषजनक देखिन्छ । सार्वनामिक संसक्तिमा विद्यार्थीले नामको अनावश्यक पुनरावृत्ति टार्न सर्वनाम प्रयोग गर्ने र त्यसले लेखन स्पष्ट हुन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् । कालिक संसक्तिको सन्दर्भमा घटनालाई समय क्रमअनुसार प्रस्तुत गर्ने क्षमता देखिए पनि समयसूचक शब्दको सुसङ्गत प्रयोगमा केही कमजोरी देखिएको छ । स्थानिक संसक्तिमा भने स्थान जनाउने शब्द तथा वस्तु स्थानको क्रमबद्ध प्रस्तुतिमा विद्यार्थी अपेक्षाकृत सक्षम देखिएको छ ।

प्रतिस्थापन संसक्तिमा दोहोरिएका शब्दको सट्टा उपयुक्त संरचना प्रयोग गर्ने आधारभूत बुझाइ देखिए तापनि सूक्ष्म सन्दर्भगत प्रयोगमा अझै स्पष्टता आवश्यक देखिन्छ । संयोजक संसक्तिमा कारण परिणाम, विरोध तथा विचार एकीकरणका संयोजक प्रभावकारी रूपमा प्रयोग गर्ने क्षमता विद्यार्थीको उच्च रहेको पाइन्छ । यसले लेखनको तार्किक संरचना सुदृढ भएको सङ्केत गर्छ । लोप संसक्तिमा भने अनावश्यक शब्द हटाई लेखन सङ्क्षिप्त र प्रवाहयुक्त बनाउने सैद्धान्तिक बुझाइ अन्य (प्रकार) को तुलनात्मक रूपमा कमजोर रहेको पाइन्छ ।

**कोशीय संसक्तिको बुझाइ**

कोशीय संसक्ति पाठमा शब्दहरूबिचको अर्थगत सम्बन्धमार्फत पाठलाई सुसम्बद्ध, स्पष्ट र प्रभावकारी बनाउने प्रमुख साधन हो । पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान तथा समावेशात्मक सम्बन्धमार्फत कोशीय संसक्ति स्थापित हुन्छ । लेखनमा कोशीय संसक्तिको उचित प्रयोगले विचारको निरन्तरता, विविधता, ससक्त र प्रभावकारिता बनाउँछ । स्नातक तहका विद्यार्थीको कोशीय संसक्तिसम्बन्धी बुझाइ के कस्तो रहेका छ भन्ने कुराको अध्ययन गर्न खोजिएको छ । यसअन्तर्गत नमुना विद्यार्थीहरूको धारणाहरूलाई निम्नानुसार प्रस्तुत गरी व्याख्या गरिएको छ :

***पुनरावृत्ति संसक्ति***

पुनरावृत्ति संसक्ति लेखनमा एउटै शब्द वा संरचनाको बारम्बार प्रयोगसँग सम्बन्धित हुन्छ । कुनै भाषिक अभिव्यक्तिमा आवश्यक सन्दर्भमा पुनरावृत्ति उपयोगी भए पनि अनावश्यक पुनरावृत्तिले स्तरीय लेखनको प्रभावकारिता घटाउँछ । भाषिक सम्प्रेषणका लागि पुनरावृत्तिको नियन्त्रण तथा वैकल्पिक शब्द प्रयोग आवश्यक मानिन्छ भन्ने सोधिएको प्रश्नमा स्नातक तहका दोस्रे वर्षमा अध्ययनरत विद्यार्थीले दिएको प्रतिक्रियालाई मुख्य आधार मानिएको छ । यस अध्ययनमा स्नातक तहका विद्यार्थीको पुनरावृत्ति संसक्तिसम्बन्धीको बुझाइलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९

*पुनरावृत्ति संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | पुनरावृत्ति संसक्ति लेखनमा अनावश्यक पुनरावृत्ति कम गर्न संरचनामा सावधानी । | ३४ (२६.२%) | ७० (५३.८%) | १९ (१४.६%) | ४ (३.१%) | ३ (२.३%) | १३० |
| २. | समान अर्थ व्यक्त गर्न भिन्न-भिन्न शब्दको प्रयोग । | ५७ (२९.४%) | १०३ (५३.१%) | २५ (१२.९%) | ५ (२.६%) | ४ (२.१%) | १९४ |
| ३. | शब्दको बारम्बारताले लेखनको प्रभावकारितामा पार्ने ह्रासप्रति सचेतता । | ७५ (३९.३%) | ८४ (४४%) | २२ (११.५%) | ७ (३.७%) | ३ (१.६%) | १९१ |

प्रस्तुत तालिका नं. ९ का अनुसार पुनरावृत्ति संसक्तिप्रतिको बुझाइ विद्यार्थीमा समग्र रूपमा सकरात्मक रहेको देखिन्छ । कथन एकमा ८० प्रतिशत भन्दा बढी विद्यार्थीहरूले (पूर्ण सहमत र सहमत) लेखनमा अनावश्यक पुनरावृत्ति कम गर्न सचेत रहेको स्वीकार गरेका छन् ।

दोस्रो कथनमा ८२.४७ प्रतिशत विद्यार्थी (पूर्ण सहमत र सहमत) समान अर्थ व्यक्त गर्न फरक शब्द प्रयोग गर्न सक्ने धारणा व्यक्त गरेका छन् । यसले विद्यार्थीमा शब्द-विविधता अपनाउने क्षमता राम्रो रहेको सङ्केत गर्छ । तथापि तटस्थ प्रतिक्रियाको उपस्थितिले सन्दर्भअनुसार उपयुक्त शब्द छनोट अझै चुनौतीपूर्ण रहेको देखाउँछ ।

तेस्रो कथनमा ८३.२५ प्रतिशत विद्यार्थीले (पूर्ण सहमत र सहमत) पटक-पटक शब्द दोहोरिनुले लेखन कम प्रभावकारी हुने बुझाइ राखेका छन् । यसले विद्यार्थीमा पुनरावृत्तिको नकारात्मक प्रभावबारे स्पष्ट धारणा विकसित भइसकेको देखाउँछ । असहमत तथा बिल्कुल असहमत प्रतिक्रियाको प्रतिशत न्यून देखिनुले पुनरावृत्ति संसक्तिको सैद्धान्तिक बुझाइ राम्रो रहेको पाइन्छ ।

***पर्यायवाची संसक्ति***

पर्यायवाची संसक्तिले लेखनमा एउटै अर्थ बुझाउने फरकफरक शब्दहरूको प्रयोग गरी पाठमा नवीनता र विविधता प्रदान गर्छ । यसले शब्दको यान्त्रिक पुनरावृत्तिबाट सिर्जना हुने एकोहोरोपनलाई हटाएर लेखनलाई जीवन्त, सुस्पष्ट र कलात्मक बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । यसका क्रममा उत्तरदाताहरूको भाषिक दक्षता र पर्यायवाची शब्दको प्रयोगप्रतिको सहजतालाई यस खण्डमा मापन गरिएको छ । यस अध्ययनमा विद्यार्थीहरूको पर्यायवाची संसक्ति प्रयोगसम्बन्धीको बुझाइको धारणालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १०

*पर्यायवाची संसक्तिको बुझाइ*

| क.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | लेखनलाई विविधतायुक्त र स्पष्ट बनाउन उचित पर्यायवाची शब्द छनोट । | ६७ (३६.४%) | ८८ (४७.८%) | २० (१०.९%) | ७ (३.८%) | २ (१.१%) | १८४ |
| २. | एउटै विचार प्रस्तुत गर्दा शब्द-विविधता ल्याउन पर्यायवाची शब्द प्रयोगमा सहजता । | ३५ (१७.९%) | १०५ (५३.८%) | ३७ (१९%) | १३ (६.७%) | ५ (२.६%) | १९५ |
| ३. | शब्द धेरै दोहोरिन लागेमा उपयुक्त पर्यायहरू खोज्ने प्रवृत्ति । | ६३ (३२.६%) | ९९ (५१.३%) | २० (१०.४%) | ८ (४.१%) | ३ (१.६%) | १९३ |

उक्त तालिका नं. १० का अनुसार विद्यार्थीमा पर्यायवाची संसक्तिप्रतिको बुझाइ समग्र रूपमा  सकारात्मक रहेको देखिन्छ । कथन एकको विश्लेषण गर्दा ८४.२ प्रतिशत ( ३६.४% पूर्ण सहमत र ४७.८% सहमत) उत्तरदाताहरूले आफ्नो लेखनलाई स्पष्ट र विविधतायुक्त बनाउन सचेत रूपमा पर्यायवाची शब्दहरूको छनोट गर्ने गरेको पाइन्छ । कथन ३ मा ८३.९ प्रतिशत उत्तरदाताहरूले शब्दको पुनरावृत्ति भएको अवस्थामा विकल्पका रूपमा पर्यायवाची शब्दहरूको खोजी गर्ने कुरामा सहमति जनाएका छन् । यसले विद्यार्थीको सचेततालाई पुस्टि गर्छ । यहाँ उनीहरू लेखन प्रक्रियाको क्रममा आफ्नै शब्द चयनको

निरन्तर मूल्याङ्कन गरिरहेका हुन्छन् । कथन २ मा १९ प्रतिशत उत्तरदाताहरू तटस्थ देखिनुले केही लेखकहरूमा पर्यायवाची शब्दको सटिक प्रयोगमा अझै पनि केही द्विविधा वा अभ्यासको कमी रहेको देखाउँछ ।

***विपरीतार्थी संसक्ति***

विपरीतार्थी संसक्ति विचारमा तुलना, विरोध र भिन्नता स्पष्ट गर्न प्रयोग गरिन्छ । यस्ता शब्दले लेखनलाई तार्किक र प्रभावकारी बनाउँछ । ह्यालिडे र हसनका अनुसार विपरीतार्थी शब्दहरूको प्रयोगले पाठको पाठ्यवस्तुलाई बलियो बनाउँछ । यसले पाठकलाई एउटै सन्दर्भ भिन्न भिन्न ध्रुवहरूमा रहेर विषयवस्तुको सीमाङ्कन गर्न सघाउँछ । यस अध्ययनमा विद्यार्थीको विपरीतार्थी संसक्ति प्रयोगसम्बन्धी बुझाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ११

*विपरीतार्थी संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | विपरीत अर्थका शब्दले वाक्य बढी प्रभावकारी हुन्छन् भन्ने बुझाइ । | ५६ (२९.३%) | ७१ (३७.२%) | ३५ (१८.३%) | २५ (१३.१%) | ४ (२.१%) | १९१ |
| २. | तुलना वा भिन्नता देखाउन विपरितार्थी शब्दको उपयोगिता । | ४३ (२२.५%) | ९७ (५०.८%) | ३६ (१८.८%) | ८ (४.२%) | ७ (३.७%) | १९१ |
| ३. | उपयुक्त विपरितार्थी शब्द छनोटमा सक्षमता । | ३४ (१८.४%) | ९७ (५२.४%) | ३६ (१९.५%) | १७ (९.२%) | १ (०.५%) | १८५ |

प्रस्तुत तालिका नं. ११ का अनुसार तथ्याङ्कको विश्लेषण गर्दा उत्तरदाताहरूमा विपरितार्थी संसक्तिको बुझाइप्रति सकरात्मक रहेको देखिन्छ । कथन २ मा ७३.३ प्रतिशत सहभागीहरूको सकारात्मक मतले के पुस्टि गर्छ भने लेखनमा विद्यार्थीको विचारलाई द्वन्द्वात्मक ढाँचामा प्रस्तुत गर्ने र पाठकलाई विषयको दुवै पक्षको बोध गराउने क्षमतालाई प्रतिविम्वित गर्छ । कथन १ मा १३.१ प्रतिशत असहमतिको मत र कथन ३ मा १९.५ प्रतिशत तटस्थताले केही महत्त्वपूर्ण सङ्केतहरू गर्छ । समग्रमा ७० प्रतिशत लेखकहरू

उपयुक्त विपरितार्थी शब्द छनोटमा आफूलाई सक्षम ठान्नुले उनीहरूको भाषिक सामर्थ्य र संवादात्मक दक्षता राम्रो रहेको देखाउँछ ।

### ***सन्निधान संसक्ति***

सन्निधान संसक्ति सहघटन हुने शब्दहरूको प्रयोगसँग सम्बन्धित हुन्छ । यस्ता शब्दले लेखनलाई स्वाभाविक र प्रवाहयुक्त बनाउँछन् । सन्निधान संसक्ति भाषाको केही शब्दहरू भाषिक सन्दर्भमा एकअर्कासँगै आउने वा झुन्डिने प्रवृत्ति राख्दछ । यसलाई भाषिक पूर्वानुमानको आधार पनि मानिन्छ । सन्निधानले शब्दहरूबिचको पार्टनरसिपलाई बुझाउँछ । लेखनलाई कृत्रिम र बोझिलो हुनबाट जोगाएर प्राकृतिक प्रवाह प्रदान गर्छ । यसमा विद्यार्थीको सन्निधान संसक्तिप्रतिको बुझाइलाई निम्नलिखित तालिका प्रस्तुत गरिएको छ :

तालिका १२

*सन्निधान संसक्तिको बुझाइ*

| क.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सन्दर्भ अनुसार सह-घटन हुने शब्द प्रयोगमा सजगता । | २५ (१३.०%) | ८७ (४५.३%) | ६० (३१.३%) | १३ (६.८%) | ७ (३.६%) | १९२ |
| २. | सन्निधानले लेखनलाई स्वभाविक र प्रवाहयुक्त बनाउने विश्वास । | २१ (११.१%) | ८६ (४५.३%) | ६५ (३४.२%) | १४ (७.४%) | ४ (२.१%) | १९० |
| ३. | सन्निधान सम्बन्धले लेखन सीप विकासमा गरेको मद्दत । | ४० (२१.७%) | ५५ (२९.९%) | ६६ (३५.९%) | २३ (१२.५%) | - | १८४ |

प्रस्तुत तालिका नं. १२ का अनुसार सन्निधान संसक्तिको तथ्याङ्कीय विवरण अत्यन्त रोचक र विमर्शयोग्य देखिन्छ । यहाँ ३१ देखि ३६ प्रतिशतसम्म उत्तरदाताहरू तटस्थ श्रेणीमा रहनुले एउटा महत्त्वपूर्ण तथ्यलाई सङ्केत गर्छ । कथन १ र २ मा करिब ५६-५८ प्रतिशतको सहमतिले के पुस्टि गर्छ भने विद्यार्थीको ठुलो हिस्सा भाषिक प्रवाह र स्वभाविकताका लागि शब्दहरूको सहघटनप्रति सचेत छन् । सन्निधानको प्रयोगले लेखनलाई

प्रवाहयुक्त प्रदान गर्ने कुरामा उनीहरू विश्वस्त देखिन्छन् । तर असहमतिको १० प्रतिशत हाराहारीको विद्यार्थी सङ्ख्याले स्थापित सन्निधान भन्दा बाहिर गएर नवीन र अपरम्परागत शब्द संयोजनमार्फत लेखनमा प्रयोगधर्मिता ल्याउन चाहने कुरा व्यक्त गरेका छन् ।

### ***समावेशात्मक संसक्ति***

समावेशात्मक संसक्तिले लेखनमा सामान्यीकरण र विशिष्टीकरणको प्रक्रियालाई सुव्यवस्थित गर्छ । यस संसक्तिको माध्यमबाट लेखकले विस्तृत विवरणलाई सङ्क्षिप्तमा समेट्न वा सङ्क्षिप्त विचारलाई उदाहरण मार्फत विस्तार गर्न सकिन्छ । यो संसक्तिले पाठको सूचनात्मक संरचनालाई तार्किक रूपमा सङ्गठित गर्छ । पाठकको बोध क्षमतालाई सहज बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । समावेशात्मक संसक्ति सामान्य विशेष सम्बन्धमार्फत अर्थ विस्तार गर्न प्रयोग गरिन्छ । यसले लेखनलाई सङ्क्षिप्त र स्पष्ट बनाउँछ । यस अध्ययनमा विद्यार्थीको समावेशात्मक संसक्तिसम्बन्धी बुझाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १३

*समावेशात्मक संसक्तिको बुझाइ*

| क.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुलै असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | जनावर-कुकुर वा फल-केरा जस्ता समावेशात्मक सम्बन्धको प्रयोग । | ६९ (३५.८%) | ७७ (३९.९%) | ३६ (१८.७%) | ९ (४.७%) | २ (१%) | १९३ |
| २. | विस्तृत विचारलाई छोटकरीमा व्यक्त गर्न समावेशात्मक प्रयोग । | ३६ (१८.९%) | १०६ (५५.८%) | ३४ (१७.९%) | ९ (४.७%) | ५ (२.६%) | १९० |

उक्त तालिका नं. १३ का अनुसार समावेशात्मक संसक्तिमा अधिकांश विद्यार्थीको धारणा सकारात्मक देखिन्छ । कथन १ मा ७५.७ प्रतिशत उत्तरदाताहरूले समावेशात्मक सम्बन्धको प्रयोगमा सहजता हने कुरा व्यक्त गरेका छन् । कथन २ मा ७४.७ प्रतिशत सहभागीहरूले विस्तृत विचारलाई सङ्क्षिप्त बनाउन यस विधिको प्रयोग गर्नुले भाषिक मितव्ययिताको सिद्धान्तलाई समर्थन गर्छ । तटस्थ र असहमत हुनेहरूको सङ्ख्या न्यून (५

प्रतिशत भन्दा कम) हुनुले समावेशात्मक संसक्तिलाई नेपाली लेखनमा सफलताको रूपमा स्थापित गरेको छ ।

**समग्रमा कोशीय संसक्ति**

नेपाली भाषिक सम्प्रेषणमा कोशीय संसक्तिप्रतिको बुझाइलाई विश्लेषण गर्दा सहभागीहरूमा उच्चस्तरको भाषिक दक्षता, संज्ञानात्मक स्पष्टता र सचेत लेखन प्रक्रिया विद्यमान रहेको देखिन्छ । कोशीय संसक्तिका पाँच प्रकारहरू (पुनरावृत्ति, पर्यायवाची, विपरितार्थी, सन्निधान र समावेशात्मक संसक्ति) को तथ्याङ्कीयलाई आधारमान्दा समग्रमा ७५ देखि ८५ प्रतिशत उत्तरदाताहरूले यिनलाई आफ्नो लेखनमा सफलतापूर्वक परिचालन गर्ने गरेको प्रतिक्रिया व्यक्त गरेका छन् । विशेषतः शब्दको यान्त्रिक पुनरावृत्तिले लेखनको ओज घटाउने कुरामा ८३.३ प्रतिशत सहभागीहरू सचेत रहनु र त्यसको विकल्पका रूपमा ८४ प्रतिशत भन्दा बढीले पर्यायवाची शब्दहरूको प्रयोग गरी लेखनलाई विविधतायुक्त बनाउनुले समग्र विद्यार्थीमा भएको उच्च संवेदनशीलतालाई देखाउन खोजेको छ । विपरितार्थी संसक्तिको विश्लेषण गर्दा ७३ प्रतिशत सहभागीहरूले तुलना र वैचारिक भिन्नता प्रस्तुत गर्न विपरीत अर्थका शब्दहरूलाई प्रभावकारी मानेका छन् । यसमा ७५ प्रतिशत भन्दा बढीले समावेशात्मक सम्बन्ध मार्फत जटिल र विस्तृत विचारहरूलाई वर्गीकृत गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने कुरा व्यक्त गरेका छन् । अर्कोतर्फ सन्निधान संसक्तिको सन्दर्भमा ३१ देखि ३६ प्रतिशतसम्म उत्तरदाताहरू तटस्थ देखिनुले धेरै हदसम्म अवचेतन र व्यावहारिक रहेको र यसको सैद्धान्तिक नामकरणप्रति केही अस्पष्टता रहेको भए तापनि बहुसङ्ख्यक विद्यार्थी सन्दर्भअनुसार स्वभाविक शब्द संयोजनप्रति सजग रहेको तथ्यले पुस्टि गर्छ ।

समग्रमा असहमतिको अत्यन्त न्यून दर (औसत ५ प्रतिशत भन्दा कम) ले के प्रमाणित गर्छ भने उत्तरदाताहरूमा आफ्नो लेखनलाई थप वस्तुनिष्ठ, परिष्कृत र पाठकमैत्री बनाउनका लागि कोशीय संसक्तिका सिद्धान्तहरूलाई आत्मसात गर्ने उच्चस्तरको मेटा-लिङ्गुइस्टिक सामर्थ्य विद्यमान छ । यसले नेपाली प्राज्ञिक लेखनको गुणस्तर र व्यावसायिकतामा निरन्तर वृद्धि हुने कुराको अनुमान गर्न सकिन्छ ।

**सारांश**

प्रस्तुत अध्यायमा सङ्कलित प्राथमिक तथ्याङ्कहरूको साङ्ख्यिकीय उपकरण पद्धतिमार्फत विश्लेषण र व्याख्या गरिएको छ । यसबाट स्नातक तहका विद्यार्थीहरूको संसक्ति पहिचान र प्रयोग क्षमताको एउटा वस्तुनिष्ठ र प्रमाणिक चित्र उजागर भएको छ । तथ्याङ्कीय विश्लेषणका आधारमा स्नातक तहका विद्यार्थीमा व्याकरणिक संसक्ति पहिचान प्रयोग गर्ने क्षमता अपेक्षाकृत सन्तोषजनक देखिएको छ । कोशीय संसक्तिमा लोप र सन्निधानको पहिचान एवम् प्रयोगमा भने अपेक्षाकृत न्यून दक्षता रहेको पुष्टि भएको छ । यसमा चरहरूका आधारमा तुलनात्मक विश्लेषण (टी परीक्षण) ले लैङ्गिकता (छात्र र छात्रा) एवम् संस्थाको प्रकृति (आङ्गिक र सामुदायिक) का आधारमा संसक्ति पहिचान प्रयोग क्षमतामा कुनै सार्थक भिन्नता नरहेको तथ्य उजागर गरेको छ । विद्यालय तहको पृष्ठभूमि (सामुदायिक र संस्थागत) र भाषिक पृष्ठभूमि (नेपाली मातृभाषी र अन्य मातृभाषी) का आधारमा विद्यार्थीको संसक्ति पहिचान प्रयोग क्षमतामा उल्लेखनीय अन्तर रहेको पाइएको छ ।

# अध्याय : पाँच

# विद्यार्थीको व्याकरणिक र कोशीय संसक्ति पहिचान र प्रयोग

## व्याकरणिक संसक्ति

व्याकरणिक संसक्तिका ६ ओटा मुख्य प्रकार (सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप) लाई मापनको मुख्य आधार बनाइएको छ । यसमा संस्थाको प्रकृति (आङ्गिक र सामुदायिक), विषयको प्रकृति (मूल नेपाली विषय र मूल अन्य विषय), भाषिक पृष्ठभूमि (नेपाली मातृभाषी र अन्य मातृभाषी), लैङ्गिकता (छात्र र छात्रा) र विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) लाई मुख्य चर मानिएको छ । प्राप्त नतिजाको परीक्षणका लागि प्रत्येक तालिकामा औसत प्राप्ताङ्क, प्रतिशतसँगै प्रत्येकको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणलाई तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

### *संस्थाको प्रकृतिका आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग*

प्रस्तुत तालिकाले संस्थाको प्रकृतिका आधारमा (आङ्गिक र सामुदायिक क्याम्पस) स्नातक तह दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक अवस्थालाई चित्रण गर्छ । यस अध्ययनमा आङ्गिक क्याम्पसका ९७ जना र सामुदायिक क्याम्पसका १०३ जना गरी कुल २०० जना विद्यार्थीलाई सहभागी गराइएको छ । यसका ६ ओटा मुख्य प्रकार (सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप) लाई मापनको आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि तालिकामा प्रतिशत, औसत प्राप्ताङ्कसँगै प्रत्येक विधाको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १४

*संस्थाको प्रकृतिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता*

| क्र.स. | व्याकरणिक संसक्ति | आङ्गिक क्याम्पस (N=९७) | | | | | सामुदायिक क्याम्पस (N=१०३) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | सार्वनामिक | ५८२ | ३००.५ | ५१.६ | ३.१ | ०.७५ | ६१८ | ३१५ | ५१ | ३.१ | ०.७२ | ०.० | >०.०५ |
| २ | कालिक | ५८२ | १७९ | ३०.८ | १.८ | ०.४० | ६१८ | २२६ | ३६.६ | २.२ | ०.४८ | ६.४ | <०.०५ |
| ३ | स्थानिक | ३८८ | २३६ | ६०.८ | २.४ | ०.५५ | ४१२ | २२६ | ५४.९ | २.२ | ०.५० | २.७ | <०.०५ |
| ४ | प्रतिस्थापन | ३८८ | ११० | २८.४ | १.१ | ०.२५ | ४१२ | ११४ | २७.७ | १.१ | ०.२८ | ०.० | >०.०५ |
| ५ | संयोजक | ५८२ | २८९ | ४९.७ | ३.० | ०.६८ | ६१८ | २६५ | ४२.९ | २.६ | ०.६२ | ४.४ | <०.०५ |
| ६ | लोप | ३८८ | १३८ | ३५.६ | १.४ | ०.३५ | ४१२ | १०२ | २४.८ | १.० | ०.३० | ८.७ | <०.०५ |
| | जम्मा | २९१० | १२५२.५ | ४३ | १२.९ | ३.१ | ३०९० | १२४८ | ४०.४ | १२.१ | २.८५ | १.९ | >०.०५ |

प्रस्तुत तालिका नं. १४ मा समाविष्ट तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यार्थीको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा संस्थागत प्रकृतिअनुसार केही विशिष्ट भिन्नता पाइएका छन् । आङ्गिकको कुल मानक विचलन (३.१) र सामुदायिकको कुल मानक विचलन (२.८५) रहेको छ । यसले दुवै समूहका विद्यार्थीको व्याकरणिक सिकाइको स्तर लगभग समान र सन्तुलित रहेको देखाउँछ । कुनै पनि समूहमा विद्यार्थीबिच क्षमताको धेरै ठुलो अन्तर छैन ।

यस अध्ययनमा दुई संस्थाका विद्यार्थीबिचको क्षमतागत भिन्नतालाई अझ गहिराइबाट बुझ्न टी परीक्षणको नतिजालाई हेर्नुपर्ने हुन्छ । सार्वनामिक र प्रतिस्थापन जस्ता पक्षहरूमा दुवै संस्थाका विद्यार्थीहरूको औसत प्राप्ताङ्क र प्रतिशत झन्डै बराबर (३.१ र १.१) हुनु र टी-मान शून्य (०) आउनुले यी क्षेत्रमा संस्थाको प्रकृतिले कुनै प्रभाव नपारेको स्पष्ट पार्छ । यद्यपि कालिक पहिचानमा सामुदायिक क्याम्पसका विद्यार्थीहरू (औसत २.२) र स्थानिक, संयोजक तथा लोप जस्ता पक्षहरूमा आङ्गिक क्याम्पसका विद्यार्थीको क्षमता सार्थक रूपमा राम्रो देखिएको छ । विशेष गरी लोप पहिचानमा देखिएको टी-मान (८.६८) ले यस विधामा आङ्गिक क्याम्पसका विद्यार्थी सामुदायिकको तुलनामा निकै सक्षम रहेको पुस्टि गर्दछ ।

समग्रमा आङ्गिक क्याम्पसको (कुल औसत प्राप्ताङ्क १२.९ र प्रतिशत ४३%) सामुदायिक क्याम्पसको (औसत १२.१ र प्रतिशत ४०.४%) भन्दा केही बढी देखिए तापनि समग्र टी मान (१.९) र P value (०.०५ भन्दा बढी) ले यो समग्र भिन्नतालाई तथ्याङ्कीय रूपमा सार्थक वा निर्णायक मान्दैन । त्यसैले प्रकारगत रूपमा केही पक्षहरूमा एउटा संस्था राम्रो देखिएको पाइन्छ । समग्रमा व्याकरणिक संसक्तिको पहिचान गर्ने सक्षमतामा दुवै प्रकारका क्याम्पसका विद्यार्थीहरू समान स्तरमा रहेका छन् ।

***विषयको प्रकृतिका आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग***

प्रस्तुत अध्ययनले विद्यार्थीहरूले अध्ययन गर्ने विषयको प्रकृति (मूल नेपाली विषय र मूल अन्य विषय) का आधारमा उनीहरूमा रहेको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा मूल नेपाली विषय अध्ययन गर्ने ९३ जना र मूल अन्य विषय अध्ययन गर्ने १०७ जना गरी कुल २०० जना विद्यार्थीहरूलाई सहभागी गराइएको छ । व्याकरणिक संसक्तिका ६ ओटा प्रकारलाई मापनको आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि तालिकामा प्रतिशत, औसत प्राप्ताङ्कसँगै मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १५

*विषयको प्रकृतिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता*

| **क.स.** | **व्याकरणिक संसक्ति** | **मूल नेपाली विषय (N=९३)** | | | | | **मूल अन्य विषय (N=१०७)** | | | | | **टी-परीक्षण** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **प्रतिशत** | **औसत** | **SD** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **प्रतिशत** | **औसत** | **SD** | **t-value** | **P-value** |
| १ | सार्वनामिक | ५५८ | २९१ | ५२.२ | ३.१ | ०.७५ | ६४२ | ३२३.५ | ५०.४ | ३.० | ०.७० | ०.९७ | >०.०५ |
| २ | कालिक | ५५८ | १८३ | ३२.८ | २.० | ०.५२ | ६४२ | २२३.० | ३४.७ | २.१ | ०.५५ | १.३१ | >०.०५ |
| ३ | स्थानिक | ३७२ | २०८.५ | ५६.० | २.३ | ०.५४ | ४२८ | २५१.५ | ५८.८ | २.४ | ०.५८ | १.२५ | >०.०५ |
| ४ | प्रतिस्थापन | ३७२ | ९८ | २६.३ | १.१ | ०.३० | ४२८ | १२६ | २९.४ | १.२ | ०.३५ | २.१७ | <०.०५ |
| ५ | संयोजक | ५५८ | २५०.५ | ४४.९ | २.७ | ०.६५ | ६४२ | ३०१.५ | ४७.० | २.८ | ०.६८ | १.०६ | >०.०५ |
| ६ | लोप | ३७२ | ९८ | २६.३ | १.१ | ०.२८ | ४२८ | १४२ | ३३.२ | १.३ | ०.३८ | ४.१८ | <०.०५ |
| | **जम्मा** | २७९० | ११२९ | ४०.५ | १२.३ | ३.०० | ३२१० | १३६७.५ | ४२.६ | १२.८ | ३.२० | १.१३ | >०.०५ |

प्रस्तुत तालिका नं. १५ मा समाविष्ट तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यार्थीले अध्ययन गर्ने विषयको प्रकृतिको आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा केही समानता र केही भिन्नताहरू पाइएका छन् । तालिकामा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको ज्ञानको स्थिरता वा एकरूपतालाई बुझाउँछ । मूल नेपाली विषयका विद्यार्थीको कुल मानक विचलन (३.०) र मूल अन्य विषयका विद्यार्थीको मानक विचलन (३.२०) झन्डै समान रहेको पाइन्छ । दुवै समूहभित्रका विद्यार्थीको व्याकरणिक सिकाइको स्तर लगभग एकैनासको छ । यसमा दुवै समूहभित्र विद्यार्थीबिच सक्षमताको धेरै ठुलो अन्तर छैन । यस तथ्याङ्कमा धेरैजसो विद्यार्थीको क्षमता उनीहरूको समूहको औसत प्राप्ताङ्कको वरिपरि नै सन्तुलित अवस्थामा रहेको छ ।

दुई समूहबिचको क्षमतागत भिन्नता परीक्षण गर्न टी टेस्टको नतिजालाई हेर्नुपर्ने हुन्छ । समग्र रूपमा मूल अन्य विषय अध्ययन गर्ने विद्यार्थीको कुल औसत प्राप्ताङ्क ( १२.८) र प्रतिशत (४२.६%) मूल नेपाली विषयका विद्यार्थीको (औसत १२.३ र प्रतिशत ४०.५%) भन्दा केही बढी देखिएको छ । समग्र टी मान (१.१३) र P value (०.०५ भन्दा बढी) ले यो भिन्नतालाई तथ्याङ्कीय रूपमा सार्थक वा निर्णायक मान्दैन । समग्र व्याकरणिक पहिचानको सक्षमतामा विषयको प्रकृतिले विद्यार्थीमा धेरै ठुलो सक्षमतागत अन्तर सिर्जना गरेको देखिँदैन ।

व्याकरणिक संसक्तिका प्रकारगत रूपमा विश्लेषण गर्दा प्रतिस्थापन र लोप जस्ता पक्षहरूमा दुई समूहबिचको टी मान सार्थक पाइएको छ । विशेष गरी लोप पहिचान गर्ने क्षमतामा मूल अन्य विषयका विद्यार्थी (औसत १.३) मूल विषय नेपालीका विद्यार्थी (औसत १.१) भन्दा (t=४.१८) अगाडि देखिएका छन् । त्यस्तै सार्वनामिकको पहिचानमा मूल विषय नेपालीका विद्यार्थीको क्षमता (३.१) अन्य विषयका विद्यार्थी (३) भन्दा केही राम्रो पाइएको छ । अन्य पक्षहरू जस्तै कालिक, स्थानिक र संयोजकमा भने दुवै समूहको सक्षमता झन्डै बराबर रहेको टी परीक्षणले पुस्टि गर्छ । निष्कर्षमा व्याकरणका छुट्टाछुट्टै विधामा कतै मूल विषय नेपाली त कतै मूल अन्य विषयका विद्यार्थी सक्षम देखिए तापनि समग्र व्याकरणिक संसक्ति पहिचान गर्ने क्षमतामा दुवै समूहका विद्यार्थीहरूको स्तर समान र सन्तुलित पाइएको छ ।

### *भाषिक पृष्ठभूमिका आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग*

प्रस्तुत तालिकामा विद्यार्थीको भाषिक पृष्ठभूमि (नेपाली मातृभाषी र अन्य मातृभाषी) का आधारमा उनीहरूको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक तथ्याङ्कहरू प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली मातृभाषी भएका १४१ जना र अन्य मातृभाषी भएका ५९ जना गरी कुल २०० जना विद्यार्थी सहभागी रहेका छन् । व्याकरणिक संसक्तिका ६ ओटा प्रकारहरूलाई मापनको आधार बनाइएको छ । यस तालिकामा विद्यार्थीको औसत प्राप्ताङ्कसँगै उनीहरूको सिकाइको सन्तुलन मापन गर्न मानक विचलन र दुई समूहबिचको सक्षमतामा रहेको भिन्नताको परीक्षण गर्न टी परीक्षणको प्रयोग गरिएको छ । यसले भाषिक पृष्ठभूमिले व्याकरणिक संसक्तिको पहिचान र प्रयोगमा कस्तो प्रभाव पार्छ भन्ने कुराको निम्नानुसार चित्रण गरिएको छ :

तालिका : १६

*भाषिक पृष्ठभूमिको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता*

| क्र. सं. | व्याकरणिक संसक्ति | नेपाली मातृभाषी (N=१४१) | | | | | इतर मातृभाषी नेपाली (N=५९) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | सार्वनामिक | ८६४ | ४२४ | ४९.१ | ३.० | ०.७५ | ३५४ | १९१.५ | ५४.१ | ३.२ | ०.७० | २.२२ | <०.०५ |
| २ | कालिक | ८६४ | २६६ | ३०.८ | १.९ | ०.४५ | ३५४ | १३९ | ३९.३ | २.४ | ०.५२ | ६.३६ | <०.०५ |
| ३ | स्थानिक | ५६४ | ३२२ | ५७.१ | २.३ | ०.५८ | २३६ | १४० | ५९.३ | २.४ | ०.६० | १.१२ | >०.०५ |
| ४ | प्रतिस्थापन | ५६४ | १५१ | २६.८ | १.१ | ०.३० | २३६ | ७३ | ३०.९ | १.२ | ०.३५ | २.०६ | <०.०५ |
| ५ | संयोजक | ८६४ | ३८८.५ | ४५ | २.८ | ०.६५ | ३५४ | १६५.५ | ४६.८ | २.८ | ०.६२ | ०.०० | >०.०५ |
| ६ | लोप | ५६४ | १६५ | २९.३ | १.२ | ०.३२ | २३६ | ७५ | ३१.८ | १.३ | ०.३८ | १.८४ | >०.०५ |
| | जम्मा | ४२८४ | १७१६.५ | ४०.१ | १२.२ | ३.०० | १७७० | ७८४ | ४४.३ | १३.३ | ३.२० | २.३३ | <०.०५ |

प्रस्तुत तालिकामा समेटिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यार्थीको भाषिक पृष्ठभूमिले उनीहरूको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा प्रभाव पारेको पाइएको छ । यसमा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको प्राप्ताङ्कमा रहेको स्थिरता वा एकरूपतालाई बुझाउँछ । नेपाली मातृभाषी समूहको कुल मानक विचलन (३.०) र अन्य मातृभाषीको मानक विचलन (३.२) झन्डै समान हुनुले दुवै समूहभित्रका विद्यार्थीको व्याकरणिक संसक्तिको स्तर लगभग सन्तुलित रहेको छ । आफ्नै समूहभित्रका

विद्यार्थीबिच क्षमताको धेरै ठुलो उतारचढाव छैन । यसमा धेरैजसो विद्यार्थीको क्षमता समूहको औसतको वरिपरि नै रहेको छ ।

दुई समूहबिचको क्षमतागत भिन्नता जाँच्न टी परीक्षणको प्रयोग गरिएको छ । समग्र रूपमा अन्य मातृभाषी नेपाली विद्यार्थीको (कुल औसत प्राप्ताङ्क १३.३ र प्रतिशत ४४.३%) नेपाली मातृभाषी विद्यार्थीको (औसत १२.२ र प्रतिशत ४०.१%) भन्दा बढी देखिएको छ । समग्र टी मान (२.३२) र P मान (०.०५ भन्दा कम) ले के प्रमाणित गर्छ भने इतर मातृभाषी नेपाली विद्यार्थीको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमता मातृभाषीहरूको तुलनामा तथ्याङ्कीय रूपमा सार्थक र राम्रो रहेको छ ।

यसका प्रकारगत रूपमा विश्लेषण गर्दा सार्वनामिक, कालिक र प्रतिस्थापन जस्ता पक्षहरूमा अन्य मातृभाषी विद्यार्थीको क्षमता (टी परीक्षणअनुसार सार्थक) राम्रो देखिएको छ । विशेष गरी कालिक पहिचानमा अन्य मातृभाषी (२.४) नेपाली मातृभाषी (१.९) भन्दा निकै सक्षम देखिएका छन् । स्थानिक, संयोजक र लोप पक्षमा भने दुवै समूहको सक्षमता झन्डै उस्तै रहेको छ । यसलाई टी परीक्षणले पनि खासै ठुलो अन्तर मानेको छैन । निष्कर्षमा नेपालीलाई अन्य मातृभाषीका रूपमा सिक्ने विद्यार्थीहरूमा व्याकरणिक संरचनाप्रति बढी सचेतता हुन सक्ने कारणले उनीहरूको व्याकरणिक संसक्ति पहिचान क्षमता मातृभाषीहरूको तुलनामा केही परिपक्व र राम्रो देखिएको छ ।

***लैङ्गिकताका आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग***

प्रस्तुत तालिकाले विद्यार्थीको लैङ्गिकता (छात्र र छात्रा) का आधारमा उनीहरूमा रहेको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक विवरणलाई चित्रण गरिएको छ । यसमा ७५ जना छात्र र १२५ जना छात्रा गरी कुल २०० जना विद्यार्थीलाई सहभागी गराइएको छ । यसका ६ ओटा मुख्य प्रकारहरूलाई मापनको आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि प्रतिशत, औसत प्राप्ताङ्क, मानक विचलन र टी परीक्षणको प्रयोग गरी छात्र र छात्राबिचको क्षमतागत भिन्नतालाई प्रस्तुत गरिएको छ :

तालिका : १७

*लैङ्गिकताको आधारमा व्याकरणिक संसक्तिको पहिचान र प्रयोगको क्षमता*

| क्र.स. | व्याकरणिक संसक्ति | छात्र (N=७५) | | | | | छात्रा (N=१२५) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | सार्वनामिक | ४५० | २३५ | ५२.२ | ३.१ | ०.७५ | ७५० | ३८०.५ | ५०.७ | ३.० | ०.७० | १.०३ | >०.०५ |
| २ | कालिक | ४५० | १६० | ३५.६ | २.१ | ०.५२ | ७५० | २४५ | ३२.७ | २.० | ०.४८ | १.३५ | >०.०५ |
| ३ | स्थानिक | ३०० | १७५.५ | ५८.५ | २.३ | ०.५५ | ५०० | २८६.५ | ५७.३ | २.३ | ०.५० | ० | >०.०५ |
| ४ | प्रतिस्थापन | ३०० | ९२ | ३०.७ | १.२ | ०.३० | ५०० | १३२ | २६.४ | १.१ | ०.२८ | २.४६ | <०.०५ |
| ५ | संयोजक | ४५० | १९२.५ | ४२.८ | २.६ | ०.६२ | ७५० | ३६१.५ | ४८.२ | २.९ | ०.६८ | ३.१३ | <०.०५ |
| ६ | लोप | ३०० | ९२.५ | ३०.८ | १.२ | ०.२८ | ५०० | १४७.५ | २९.५ | १.२ | ०.३० | ० | >०.०५ |
| | जम्मा | २२५० | ९४७.५ | ४२.१ | १२.६ | ३.२० | ३७५० | १५५३ | ४१.४ | १२.४ | ३.०५ | ०.४४ | >०.०५ |

प्रस्तुत तालिका नं. १७ मा समाविष्ट तथ्याङ्कहरूलाई विश्लेषण गर्दा छात्र र छात्राबिच व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा समानता र केही विशिष्ट भिन्नताहरू रहेका छन् । उक्त तालिकामा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको क्षमताको स्थिरतालाई बुझाउँछ । छात्रहरूको कुल मानक विचलन (३.२०) र छात्राहरूको कुल मानक विचलन (३.०५) झन्डै समान हुनुले दुवै समूहका विद्यार्थीको व्याकरणिक संसक्ति सिकाइको स्तर लगभग एकैनाशको छ । यसले दुवै समूहभित्र विद्यार्थीबिच सक्षमताको धेरै ठुलो भिन्नता छैन ।

प्रस्तुत तथ्याङ्कलाई आधार मानी हेर्दा समग्र रूपमा छात्रहरूको (कुल औसत प्राप्ताङ्क १२.६ र प्रतिशत ४२.१%), छात्राहरूको (औसत १२.४ र प्रतिशत ४१.४%) भन्दा झिनो अन्तरले मात्र बढी देखिएको छ । समग्र टी मान (०.४४) र P value (०.०५ भन्दा बढी) ले समग्र व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा छात्र र छात्राबिच कुनै तथ्याङ्कीय रूपमा सार्थक वा ठुलो भिन्नता छैन । लैङ्गिकताले समग्र व्याकरणिक संसक्ति पहिचान र प्रयोग क्षमतामा कुनै खास प्रभाव पारेको देखिँदैन ।

यसमा प्रकारगत रूपमा विश्लेषण गर्दा प्रतिस्थापन र संयोजक जस्ता पक्षहरूमा छात्र र छात्राबिचको टी मान सार्थक पाइएको छ । प्रतिस्थापन पहिचानमा छात्रहरूको क्षमता छात्राहरूको तुलनामा केही राम्रो देखिएको छ । संयोजक पहिचानमा छात्राहरू ( औसत २.९) छात्रहरू (औसत २.६) भन्दा अगाडि देखिएका छन् । सार्वनामिक, कालिक,

स्थानिक र लोप जस्ता पक्षहरूमा भने दुवै समूहको सक्षमता झन्डै बराबर रहेको टी परीक्षणले पुस्टि गर्छ । निष्कर्षमा व्याकरणका छुट्टाछुट्टै विधामा कतै छात्र त कतै छात्रा सक्षमता देखिएको पाइन्छ । समग्रमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा दुवै लैङ्गिक समूहका विद्यार्थीहरूको स्तर समान र सन्तुलित रहेको छ ।

***विद्यालय तहको पृष्ठभूमिको आधारमा व्याकरणिक संसक्ति पहिचान र प्रयोग***

यसमा विद्यालय तहको शिक्षाको माध्यम भाषामा सामुदायिक र संस्थागतमा अध्ययन गरेका विद्यार्थीलाई लिइएको छ । यस अध्ययनमा स्नातक तहको दोस्रो वर्षमा अध्ययन गरिरहेका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई मुख्य आधार मानी व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययन गरेका १०४ जना र संस्थागत विद्यालयमा अध्ययन गरेका ९६ जना गरी कुल २०० जना विद्यार्थी सहभागी रहेका छन् । यसका ६ ओटा मुख्य प्रकारलाई मापनको आधार मानिएको छ । प्राप्त तथ्याङ्कलाई अझ बढी विश्वसनीय बनाउन प्रतिशत, औसत प्राप्ताङ्कसँगै मानक विचलन र टी परीक्षणको प्रयोग गरिएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका : १८

*विद्यालय तहको पृष्ठभूमिको आधारमा (सामुदायिक र संस्थागत) व्याकरणिक संसक्तिको पहिचान र प्रयोग क्षमता*

| क.स. | व्याकरणिक संसक्ति | सामुदायिक (N=१०४) | | | | | संस्थागत (N=९६) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | सार्वनामिक | ६२४ | २९७ | ४७.६ | २.९ | ०.७५ | ५७६ | ३१८.५ | ५५.३ | ३.३ | ०.८२ | ३.६१ | <०.०५ |
| २ | कालिक | ६२४ | १८३ | २९.३ | १.८ | ०.४२ | ५७६ | २२२ | ३८.५ | २.३ | ०.५५ | ७.२५ | <०.०५ |
| ३ | स्थानिक | ४१६ | २२७.५ | ५४.७ | २.२ | ०.५४ | ३८४ | २३४.५ | ६१.१ | २.४ | ०.५८ | २.५४ | <०.०५ |
| ४ | प्रतिस्थापन | ४१६ | १०४ | २५.० | १.० | ०.२६ | ३८४ | १२० | ३१.३ | १.३ | ०.३२ | ७.१५ | <०.०५ |
| ५ | संयोजक | ६२४ | २८८ | ४६.२ | २.८ | ०.६८ | ५७६ | २६६ | ४६.२ | २.८ | ०.६५ | ०.० | >०.०५ |
| ६ | लोप | ४१६ | १२३.५ | २९.७ | १.२ | ०.३० | ३८४ | ११६.५ | ३०.३ | १.२ | ०.३२ | ०.० | >०.०५ |
| | **जम्मा** | ३१२० | १२२३ | ३९.२ | ११.८ | २.९० | २८८० | १२७७.५ | ४४.४ | १३.३ | ३.१ | ३.५५ | <०.०५ |

प्रस्तुत तालिका नं. १८ मा समेटिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीको व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा स्पष्ट भिन्नता पाइएको छ । यसमा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको प्राप्ताङ्कमा रहेको एकरूपतालाई बुझाउँछ । सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीको कुल मानक विचलन (२.९) र संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीको मानक विचलन (३.१) झन्डै समान हुनुले दुवै समूहभित्रका विद्यार्थीको व्याकरणिक संसक्तिको स्तर लगभग सन्तुलित रहेको पाइन्छ । आफ्नै समूहभित्रका विद्यार्थीबिच सक्षमताको ठुलो उतारचढाव वा अन्तर छैन । विद्यार्थीको क्षमता समूहको औसत प्राप्ताङ्कको वरिपरि नै रहेको पाइन्छ ।

दुई समूहबिचको क्षमतमा समग्र रूपमा संस्थागत विद्यालयको पृष्ठभूमि भएका विद्यार्थीको (कुल औसत प्राप्ताङ्क १३.३ र प्रतिशत ४४.४%), सामुदायिक विद्यालयका विद्यार्थीको (औसत ११.८ र प्रतिशत ३९.२%) भन्दा उल्लेख्य रूपमा बढी देखिएको छ । समग्र टी मान (३.५४) र P value (०.०५ भन्दा कम) ले यो भिन्नतालाई तथ्याङ्कीय रूपमा सार्थक र वास्तविक मानिन्छ । यसमा संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थी व्याकरणिक संसक्ति पहिचान र प्रयोगमा सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीभन्दा बढी सक्षम रहेका छन् ।

यसलाई प्रकारगत रूपमा विश्लेषण गर्दा सार्वनामिक, कालिक, स्थानिक र प्रतिस्थापन जस्ता पक्षहरूमा संस्थागत विद्यालयका विद्यार्थीको संसक्ति पहिचान र प्रयोगगत क्षमता सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा निकै राम्रो छ । यसलाई उच्च टी मानहरूले पुस्टि गरेका छन् । संयोजक (२.८) र लोप (१.२) पहिचान गर्ने क्षमतामा भने सामुदायिक र संस्थागत दुवै विद्यालयका विद्यार्थी समान स्तरमा देखिएका छन् । यसलाई टी परीक्षणले पनि शून्य भिन्नता देखाएर पुस्टि गरेको छ ।

**कोशीय संसक्ति**

यस अध्ययनमा कोशीय संसक्तिका ५ ओटा मुख्य प्रकार (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान र समावेश) लाई सक्षमता मापनको मुख्य आधार बनाइएको छ । यसमा संस्थाको प्रकृति, विषयगत, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय तहमा अध्ययन गरेका आधारलाई मुख्य चर मानिएको छ । प्राप्त नतिजाको परीक्षणका लागि प्रत्येक

तालिकामा प्रतिशत, औसत प्राप्ताङ्कसँगै प्रत्येक विधाको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

***संस्थाको प्रकृतिका आधारमा कोशीय संसक्ति पहिचान र प्रयोग***

प्रस्तुत तालिकामा संस्थाको प्रकृतिका आधारमा (आङ्गिक र सामुदायिक क्याम्पस) स्नातक तहका दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीमा कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा ९७ जना आङ्गिक र १०३ जना सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई सहभागीको रूपमा छनोट गरिएको छ । कोशीय संसक्तिका ५ ओटा मुख्य प्रकार (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान र समावेशी) लाई क्षमता मापनको आधार बनाइएको छ । प्राप्त प्राप्ताङ्कको विश्वश्निनयता परीक्षणका लागि प्रतिशत, औसत प्राप्ताङ्कसँगै प्रत्येक कोशीय संसक्तिको वा विधाको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणको प्रयोग गरी तथ्याङ्कीय रूपमा प्रस्तुत गरिएको छ :

तालिका नं. १९

*संस्थाको प्रकृतिको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता*

| | | आङ्गिक क्याम्पस (N=९७) | | | | | सामुदायिक क्याम्पस (N=१०३) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | कोशीय संसक्ति | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-alue |
| १ | पुनरावृत्ति | ३८८ | १४६ | ३७.६ | १.५ | ०.४५ | ४१२ | २१३ | ५१.७ | २.१ | ०.५२ | ८.५ | <०.०५ |
| २ | पर्यायवाची | ५८२ | १९४ | ३३.३ | २.० | ०.५८ | ६१८ | १७३ | २८.० | १.७ | ०.४८ | ३.८ | <०.०५ |
| ३ | विपरीतार्थी | ७७६ | २६२.५ | ३३.८ | २.७ | ०.७५ | ८२४ | ३०० | ३६.४ | २.९ | ०.८० | १.८ | >०.०५ |
| ४ | सन्निधान | ७७६ | १९९ | २५.६ | २.१ | ०.६२ | ८२४ | १६४ | १९.९ | १.६ | ०.४५ | ६.४ | <०.०५ |
| ५ | समावेशी | ३८८ | १३३.५ | ३४.४ | १.४ | ०.३८ | ४१२ | १२० | २९.१ | १.२ | ०.३५ | ३.८ | <०.०५ |
| | जम्मा | २९१० | ९३५ | ३२.१ | ९.६ | २.७५ | ३०९० | ९७० | ३१.४ | ९.४ | २.६० | ०.५ | >०.०५ |

प्रस्तुत तालिका नं. १९ मा समेटिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्दा आङ्गिक र सामुदायिक क्याम्पसका विद्यार्थीको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा मिश्रित नतिजा पाइएको छ । उक्त तालिकामा प्रत्येक संस्थाको प्रकारगतमा प्रयोग गरिएको मानक

विचलनले विद्यार्थीको प्राप्ताङ्कमा रहेको एकरूपतालाई बुझाउँछ । आङ्गिक क्याम्पसका विद्यार्थीको कुल मानक विचलन (२.७५) र सामुदायिकका विद्यार्थीको मानक विचलन (२.६) झन्डै समान हुनुले दुवै समूहभित्रका विद्यार्थीहरूको कोशीय संसक्तिको स्तर लगभग सन्तुलित रहेको छ । आफ्नै समूहभित्रका विद्यार्थीबिच सक्षमताको धेरै ठुलो असमनता रहेको छैन । उनीहरूको क्षमता समूहको औसत प्राप्ताङ्कको वरिपरि नै रहेको छ ।

दुई समूहबिचको क्षमतागत भिन्नतालाई हेर्दा समग्र रूपमा आङ्गिक क्याम्पसका विद्यार्थीको (कुल औसत प्राप्ताङ्क ९.६ र प्रतिशत ३२.१%), सामुदायिक क्याम्पसका विद्यार्थीको (औसत ९.४ र प्रतिशत ३१.४%) भन्दा झिनो अन्तरले मात्र बढी देखिएको छ । समग्र टी मान (०.५३) र P value (०.०५ भन्दा बढी) ले के प्रमाणित गर्छ भने समग्र कोशीय पहिचान गर्ने सक्षमतामा आङ्गिक र सामुदायिक क्याम्पसका विद्यार्थीबिच कुनै तथ्याङ्कीय रूपमा सार्थक वा ठुलो भिन्नता रहेको छैन ।

यस अध्ययनमा प्रकारगत रूपमा विश्लेषण गर्दा पुनरावृत्ति संसक्ति विधामा सामुदायिक क्याम्पसका विद्यार्थी (औसत २.१) आङ्गिक (१.५) भन्दा निकै सक्षम देखिएका छन् । पर्यायवाची, सन्निधान र समावेशी जस्ता पक्षहरूमा आङ्गिक क्याम्पसका विद्यार्थीहरूको संसक्ति पहिचान र प्रयोग गर्ने क्षमता टी परीक्षणअनुसार सार्थक वा राम्रो पाइएको छ । विपरीतार्थी पहिचानमा भने दुवै समूहको सक्षमता झन्डै बराबर रहेको टी परीक्षणले पुस्टि गरेको छ । निष्कर्षमा कोशीय संसक्तिका छुट्टाछुट्टै विधामा कतै आङ्गिक त कतै सामुदायिक क्याम्पसका विद्यार्थी सबल देखिए तापनि समग्र पहिचान गर्ने क्षमतामा दुवै संस्थाका विद्यार्थीको स्तर झन्डै समान रहेको देखिन्छ ।

***विषयगतका आधारमा कोशीय संसक्ति पहिचान र प्रयोग***

प्रस्तुत तालिकाले विद्यार्थीले अध्ययन गर्ने विषयको प्रकृति (मूल विषय नेपाली र मूल अन्य विषय) का आधारमा उनीहरूमा रहेको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा मूल विषय नेपाली अध्ययन गर्ने ९३ जना र मूल अन्य विषय अध्ययन गर्ने १०७ जना गरी कुल २०० जना विद्यार्थीलाई सहभागीको रूपमा छनोट गरिएको छ । कोशीय संसक्तिका ५ ओटा मुख्य प्रकारलाई मापनको मुख्य आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि प्रतिशत, औसत प्राप्ताङ्क, मानक विचलन र टी परीक्षणलाई प्रयोग गरिएको छ । यसले विषयगत

पृष्ठभूमिले विद्यार्थीको कोशीय पहिचान क्षमतामा कस्तो प्रभाव पार्छ भन्ने कुराको चित्रण गरिएको छ :

तालिका : २०

*विषयगतको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता*

| क. स. | | मूल नेपाली विषय (N=९३) | | | | | मूल अन्य विषय (N=१०७) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोशीय संसक्ति | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P- value |
| १ | पुनरावृत्ति | ३७२ | १८२.५ | ४९.१ | २.० | ०.५२ | ४२८ | १७७.५ | ४१.५ | १.७ | ०.४८ | ४.३ | < ०.०५ |
| २ | पर्यायवाची | ५५८ | १५९ | २८.५ | १.७ | ०.४२ | ६४२ | २०९ | ३२.६ | २ | ०.५४ | ४.४ | <०.०५ |
| ३ | विपरीतार्थी | ७४४ | २५२.५ | ३४.९ | २.७ | ०.७५ | ८५६ | ३०९ | ३६.१ | २.९ | ०.८० | १.८ | >०.०५ |
| ४ | सन्निधान | ७४४ | १५८ | २१.२ | १.७ | ०.४५ | ८५६ | २०६ | २४.१ | १.९ | ०.५२ | २.९ | <०.०५ |
| ५ | समावेशी | ३७२ | ११८ | ३१.७ | १.३ | ०.३५ | ४२८ | १३४.५ | ३१.४ | १.३ | ०.३५ | ० | >०.०५ |
| | जम्मा | २७९० | ८७० | ३१.२ | ९.४ | २.५० | ३२१० | १०३६ | ३२.३ | ९.७ | २.६५ | ०.८ | >०.०५ |

प्रस्तुत तालिकामा समाविष्ट तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यार्थीले अध्ययन गर्ने विषयको प्रकृतिअनुसार कोशीय संसक्ति पहिचान गर्ने क्षमतामा निकै रोचक भिन्नताहरू पाइएका छन् । तालिकामा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीहरूको सिकाइ स्तरमा रहेको एकरूपतालाई बुझाउँछ । मूल विषय नेपालीका विद्यार्थीको कुल (२.५) र मूल अन्य विषयका विद्यार्थीको मानक विचलन (२.६५) कम र झन्डै समान हुनुले दुवै समूहभित्रका विद्यार्थीको कोशीय ज्ञानको स्तर सन्तुलित छ । आफ्नै समूहभित्रका विद्यार्थीबिच सक्षमताको धेरै ठुलो उतारचढाव छैन । उनीहरूको क्षमता आफ्नै समूहको औसत प्राप्ताङ्कको वरिपरि नै रहेको छ ।

दुई समूहबिचको क्षमतागत भिन्नता जाँच्न टी परीक्षणको नतिजालाई हेर्नुपर्ने हुन्छ । समग्र रूपमा मूल अन्य विषय अध्ययन गर्ने विद्यार्थीको (कुल औसत प्राप्ताङ्क ९.७ र प्रतिशत ३२.३%), मूल विषय नेपालीका विद्यार्थीको (औसत ९.४ र प्रतिशत ३१.२%) भन्दा झिनो अन्तरले मात्र बढी देखिएको छ । समग्र टी मान (०.८) र P-value (०.०५ भन्दा बढी) ले के प्रमाणित गर्छ भने समग्र कोशीय पहिचान गर्ने सक्षमतामा मूल विषय नेपाली र मूल अन्य विषयका विद्यार्थीबिच कुनै तथ्याङ्कीय रूपमा सार्थक वा वास्तविक भिन्नता छैन । समग्रमा दुवै समूहका विद्यार्थी समान स्तरमा रहेका छन् ।

कोशीय संसक्तिको प्रकारगत रूपमा विश्लेषण गर्दा पुनरावृत्ति संसक्तिमा मूल विषय नेपालीका विद्यार्थी (औसत २.०) अन्य मूल विषयका (१.७) भन्दा राम्रो देखिएका छन् । पर्यायवाची र सन्निधानमा मूल अन्य विषयका विद्यार्थीको क्षमता सार्थक रूपमा (p < ०.०५) अगाडि रहेको पाइएको छ । विपरीतार्थी र समावेशी पहिचानमा भने दुवै समूहको सक्षमता झन्डै बराबर रहेको टी परीक्षणले पुस्टि गर्छ । निष्कर्षमा विषयगत प्रकृतिले कोशीय संसक्तिका छुट्टाछुट्टै विधामा कतै मूल विषय त कतै मूल अन्य विषयका विद्यार्थी राम्रो देखिए तापनि समग्र कोशीय पहिचान गर्ने क्षमतामा दुवै समूहका विद्यार्थीको स्तर समान र सन्तुलित पाइएको छ ।

### *भाषिक पृष्ठभूमिको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग*

प्रस्तुत तालिकाले विद्यार्थीको भाषिक पृष्ठभूमि (मातृभाषी नेपाली र अन्य मातृभाषी) का आधारमा उनीहरूमा रहेको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक अध्ययनलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा मातृभाषी नेपाली भएका १४१ जना र अन्य मातृभाषी भएका ५९ जना गरी कुल २०० जना विद्यार्थीलाई सहभागीको रूपमा लिइएको छ । कोशीय संसक्तिका ५ ओटा मुख्य प्रकारलाई मापनको आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि औसत प्राप्ताङ्कसँगै प्रत्येक विधाको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता परीक्षण गर्न टी परीक्षणको प्रयोग गरी तथ्याङ्कीय विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका नं. २१

*भाषिक पृष्ठभूमिको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग क्षमता*

| क.स. | कोशीय संसक्ति | मातृभाषी नेपाली (N=१४१) | | | | | इतर मातृभाषी नेपाली (N=५९) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | पुनरावृत्ति | ५६४ | २३३.० | ४१.३ | १.७ | ०.४८ | २३६ | १२६ | ५३.४ | २.१ | ०.५५ | ५.१ | <०.०५ |
| २ | पर्यायवाची | ८४६ | २५५.५ | ३०.२ | १.८ | ०.५२ | ३५४ | १११.५ | ३१.५ | १.९ | ०.५० | १.२ | >०.०५ |
| ३ | विपरीतार्थी | ११२८ | ३८५.५ | ३४.२ | २.७ | ०.७० | ४७२ | १७७ | ३७.५ | ३.० | ०.७५ | २.६ | <०.०५ |
| ४ | सन्निधान | ११२८ | २४९.० | २२.१ | १.८ | ०.४५ | ४७२ | ११४ | २४.२ | १.९ | ०.४८ | १.४ | >०.०५ |
| ५ | समावेशी | ५६४ | १७३.५ | ३०.८ | १.२ | ०.३५ | २३६ | ८० | ३३.९ | १.४ | ०.३८ | ३.५ | <०.०५ |
| | जम्मा | ४२३० | १२९६.५ | ३०.७ | ९.२ | २.७० | १७७० | ६०८.५ | ३४.४ | १०.३ | २.८५ | २.६ | <०.०५ |

प्रस्तुत तालिका नं. २१ मा समेटिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यार्थीको भाषिक पृष्ठभूमिले उनीहरूको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा प्रभाव पारेको पाइएको छ । नेपाली मातृभाषी समूहको कुल मानक विचलन २.७ र अन्य मातृभाषीको मानक विचलन २.८५ हुनुले के देखाउँछ भने दुवै समूहभित्रका विद्यार्थीको कोशीय संसक्तिको स्तर लगभग समान र सन्तुलित रहेको छ । आफ्नै समूहभित्र विद्यार्थीबिच सक्षमताको धेरै ठुलो भिन्नता रहेको छैन । विद्यार्थीको क्षमता औसतको वरपर नै रहेको पाइन्छ ।

यसरी समग्र रूपमा अन्य मातृभाषी विद्यार्थीहरूको (कुल औसत प्राप्ताङ्क १०.३ र प्रतिशत ३४.४%), नेपाली मातृभाषी विद्यार्थीको (औसत ९.२ र प्रतिशत ३०.७%) भन्दा उल्लेख्य रूपमा बढी देखिएको छ । समग्र टी मान (२.६) र P value (०.०५ भन्दा कम) ले के प्रमाणित गर्छ भने अन्य मातृभाषी विद्यार्थीको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमता नेपाली मातृभाषीहरूको तुलनामा तथ्याङ्कीय रूपमा सार्थक र राम्रो रहेको छ ।

यसलाई प्रकारगत रूपमा विश्लेषण गर्दा पुनरावृत्ति, विपरीतार्थी र समावेशी जस्ता पक्षहरूमा इतर मातृभाषी विद्यार्थीहरूको क्षमता (T test अनुसार सार्थक) राम्रो देखिएको छ । विशेष गरी पुनरावृत्ति संसक्तिमा अन्य मातृभाषी विद्यार्थी (औसत २.१) मातृभाषी विद्यार्थी (औसत १.७) भन्दा निकै सक्षम देखिएका छन् । पर्यायवाची र सन्निधानमा भने दुवै समूहको सक्षमता बराबर रहेको टी परीक्षणले पुस्टि गरेको छ । निष्कर्षमा नेपालीलाई इतर भाषाका रूपमा सिक्ने विद्यार्थी कोशीय संसक्तिप्रति बढी सचेत र अभ्यस्त हुन सक्ने कारणले उनीहरूको कोशीय पहिचान क्षमता नेपाली मातृभाषीको तुलनामा र सवल देखिएको छ ।

***लैङ्गिकताको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोग***

प्रस्तुत तालिकामा लैङ्गिकताका आधारमा स्नातक तहका विद्यार्थीको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा ७५ जना छात्र र १२५ जना छात्रा गरी कुल २०० जना विद्यार्थीलाई सहभागीको रूपमा गरिएको छ । कोशीय संसक्तिका ५ ओटा मुख्य प्रकारलाई मापनको आधार बनाइएको छ । प्राप्त नतिजाको परीक्षणका लागि औसत प्राप्ताङ्कसँगै प्रत्येक विधाको मानक विचलन र दुई समूहबिचको भिन्नताको सार्थकता जाँच्न टी परीक्षणको प्रयोग गरी तथ्याङ्कीय विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका नं. २२

*लैङ्गिकताको आधारमा कोशीय संसक्तिको पहिचान र प्रयोगको क्षमता*

| | | छात्र (N=७५) | | | | | छात्रा (N=१२५) | | | | | टी-परीक्षण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | कोशीय संसक्ति | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | औसत | SD | t-value | P-value |
| १ | पुनरावृत्ति | ३०० | १४३.५ | ४७.८ | १.९ | ०.५२ | ५०० | २१५.५ | ४३.१ | १.७ | ०.४८ | २.६ | <०.०५ |
| २ | पर्यायवाची | ४५० | १४२.५ | ३१.७ | १.९ | ०.५० | ७५० | २२४.५ | २९.९ | १.८ | ०.४८ | १.३ | >०.०५ |
| ३ | विपरीतार्थी | ६०० | १९७ | ३२.८ | २.६ | ०.७५ | १००० | ३६५.५ | ३६.६ | २.९ | ०.७८ | २.७ | <०.०५ |
| ४ | सन्निधान | ६०० | १३८ | २३.० | १.८ | ०.४५ | १००० | २२५ | २२.५ | १.८ | ०.४५ | ०.० | >०.०५ |
| ५ | समावेशी | ३०० | ९३.५ | ३१.२ | १.२ | ०.३५ | ५०० | १६० | ३२.० | १.३ | ०.३८ | १.८ | >०.०५ |
| | **जम्मा** | २२५० | ७१४.५ | ३१.८ | ९.५ | २.७० | ३७५० | ११९०.५ | ३१.७ | ९.५ | २.६५ | ०.० | >०.०५ |

प्रस्तुत तालिका नं. २२ मा समाविष्ट तथ्याङ्कहरूलाई विश्लेषण गर्दा छात्र र छात्राबिच कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा रोचक समानता पाइएको छ । तालिकामा प्रत्येक संस्थाको खण्डमा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको ज्ञानको स्थिरता वा एकरूपतालाई बुझाउँछ । छात्रहरूको कुल मानक विचलन (२.७) र छात्राहरूको कुल मानक विचलन (२.६५) लगभग उस्तै हुनुले के देखाउँछ भने दुवै समूहभित्रका विद्यार्थीको कोशीय पहिचान गर्ने क्षमता सन्तुलित छ र समूहभित्र विद्यार्थीबिच प्राप्ताङ्क प्राप्तिको उतारचढाव निकै कम छ ।

समग्र रूपमा हेर्दा छात्र र छात्रा दुवैको कुल औसत प्राप्ताङ्क समान (९.५) रहेको छ । यसैले गर्दा समग्र टी मान शून्य (०) र P value (०.०५ भन्दा बढी) देखिएको छ । यसमा कोशीय पहिचान गर्ने क्षमतामा छात्र र छात्राबिच कुनै तथ्याङ्कीय रूपमा सार्थक वा वास्तविक भिन्नता छैन । लैङ्गिकताले समग्र कोशीय संसक्ति पहिचान र प्रयोग क्षमतामा कुनै खास प्रभाव पारेको देखिँदैन ।

यसमा प्रकारगत रूपमा विश्लेषण गर्दा केही पक्षहरूमा भिन्नता देखिएको छ । पुनरावृत्ति विधामा छात्रहरू (औसत १.९) छात्राहरू (१.७) भन्दा केही सक्षम देखिएका छन् । यसमा विपरीतार्थी पहिचानमा छात्राहरू (२.९) छात्रहरू (२.६) भन्दा अगाडि देखिएका छन्, जसलाई टी मानले सार्थक भिन्नताको रूपमा प्रमाणित गरेको छ । सन्निधान, पर्यायवाची र समावेशी जस्ता पक्षहरूमा भने छात्र र छात्राको क्षमता झन्डै बराबर रहेको टी परीक्षणले

पुस्टि गर्छ । निष्कर्षमा कोशीय संसक्तिका छुट्टाछुट्टै विधामा कतै छात्र त कतै छात्रा थोरै सबल देखिए तापनि समग्र कोशीय पहिचान गर्ने क्षमतामा दुवै लैङ्गिक समूहका विद्यार्थीको स्तर समान र सन्तुलित रहेको छ ।

***विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) कोशीय संसक्ति पहिचान र प्रयोग***

प्रस्तुत तालिकामा विद्यालय तहको शिक्षाको माध्यम भाषामा अध्ययन गरेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू हाल स्नातक तहका प्रथम वर्षमा अनिवार्य नेपाली विषय अध्ययन गरिसकेका विद्यार्थीले कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमताको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा अध्ययन गरेका १०४ जना र संस्थागत विद्यालयमा अध्ययन गरेका ९६ जना गरी कुल २०० जना विद्यार्थीलाई सहभागी गराइएको छ । यसमा पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान र समावेशी गरी पाँचओटा प्रकारलाई आधार मानी विश्लेषण गरिएको छ । प्राप्त नतिजाको औसतका साथै मानक विचलन र टी परीक्षणलाई निम्नानुसार तालिकामा समावेशी गरिएको छ :

तालिका : २३

*विद्यालय तहको पृष्ठभूमिका आधारमा (सामुदायिक र संस्थागत) कोशीय संसक्ति पहिचान र प्रयोगको क्षमता*

| | | **सामुदायिक (N=१०४)** | | | | | **संस्थागत (N=९६)** | | | | | **टी-परीक्षण** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क.स.** | **कोशीय संसक्ति** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **प्रतिशत** | **औसत** | **SD** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **प्रतिशत** | **औसत** | **SD** | **t-value** | **P-value** |
| १ | पुनरावृत्ति | ४१६ | १५४ | ३७ | १.५ | ०.४५ | ३८४ | २०५ | ५३.४ | २.१ | ०.५ | ८.५ | <०.०५ |
| २ | पर्यायवाची | ६२४ | १८१ | २९ | १.७ | ०.५८ | ५७६ | १८६ | ३२.३ | १.९ | ०.५५ | २.५ | <०.०५ |
| ३ | विपरीतार्थी | ८३२ | २७१.५ | ३२.६ | २.६ | ०.७५ | ७६८ | २९१ | ३७.९ | ३.० | ०.८ | ३.७ | <०.०५ |
| ४ | सन्निधान | ८३२ | १७३ | २०.८ | १.७ | ०.५२ | ७६८ | १९० | २४.७ | २.० | ०.५८ | ४.३ | <०.०५ |
| ५ | समावेशी | ४१६ | १२५ | ३० | १.२ | ०.३८ | ३८४ | १२८.५ | ३३.५ | १.३ | ०.४ | १.८ | >०.०५ |
| | जम्मा | ३१२० | ९०४.५ | २९ | ८.७ | २.८५ | २८८० | १०००.५ | ३४.७ | १०.४ | ३.१ | ४.६ | <०.०५ |

प्रस्तुत तालिका नं. २३ मा समेटिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्दा विद्यालय तहको शिक्षाको माध्यम भाषामा अध्ययन गरेका सामुदायिक र संस्थागत विद्यालयको

पृष्ठभूमि भएका विद्यार्थीको कोशीय संसक्ति पहिचान र प्रयोग गर्ने क्षमतामा स्पष्ट भिन्नता देखिएको छ । उक्त तालिकामा प्रयोग गरिएको मानक विचलनले विद्यार्थीको प्राप्ताङ्कमा रहेको एकरूपतालाई बुझाउँछ । सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीको कुल मानक विचलन २.८५ र संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीको मानक विचलन ३.१ हुनुले के देखाउँछ भने दुवै समूहभित्रका विद्यार्थीको क्षमता स्तरमा धेरै ठुलो असमनता छैन । उनीहरूको कोशीय संसक्ति सन्तुलित अवस्थामा रहेको छ । यसमा धेरैजसो विद्यार्थीको क्षमता उनीहरूको आफ्नै समूहको औसत प्राप्ताङ्कको वरिपरि नै रहेको छ ।

यसमा संस्थागत विद्यालयको पृष्ठभूमि भएका विद्यार्थीको (कुल औसत प्राप्ताङ्क १०.४ र प्रतिशत ३४.७%), सामुदायिक विद्यालयका विद्यार्थीको (औसत ८.७ र प्रतिशत २९.०%) भन्दा उल्लेख्य रूपमा बढी देखिएको छ । समग्र टी मान ४.६ र P value ०.०५ भन्दा कमले यो भिन्नतालाई तथ्याङ्कीय रूपमा सार्थक र वास्तविक मान्दछ ।

यस तथ्याङ्कलाई विश्लेषण गर्दा पुनरावृत्ति, विपरीतार्थी र सन्निधान जस्ता पक्षहरूमा संस्थागत विद्यालयबाट अध्ययन गरेर आएका विद्यार्थीको क्षमता सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीको तुलनामा राम्रो छ । यसलाई उच्च टी मानहरूले पुस्टि गरेका छ । विशेष गरी पुनरावृत्ति पहिचानमा संस्थागत विद्यालयका विद्यार्थी (औसत २.१) सामुदायिक विद्यालयका विद्यार्थी (१.५) भन्दा निकै अगाडि छन् । समावेशी संसक्तिमा भने दुवै समूहको सक्षमता झन्डै समान (१.२ र १.३) देखिएको छ । यसलाई टी परीक्षणले पनि ठुलो अन्तर मानेको छैन् ।

# अध्याय : छ

# नतिजाको छलफल

## विषयप्रवेश

यस अध्यायमा स्नातक तहका अध्ययनरत विद्यार्थीको साङ्कथनिक संरचनासम्बन्धी ज्ञान र बोधको मापन गरिएको छ । उक्त तहमा अध्ययनरत विद्यार्थीको संसक्ति पहिचान र प्रयोगगत क्षमताको परीक्षण गरिएको छ । यसमा ती दुवै पक्षको अन्तरसम्बन्धलाई केलाउँदै विद्यार्थीहरूको भाषिक सामर्थ्यको प्रवृत्ति र स्तरलाई स्पष्ट पारिएको छ । विश्लेषणका क्रममा संस्थाको प्रकृति, भाषिक पृष्ठभूमि, विषयगतको आधारमा, लैङ्गिकता र विद्यालय तहको पृष्ठभूमिको आधारमा चरहरूले संसक्ति पहिचान र प्रयोगमा पारेको प्रभावलाई साङ्ख्यिकीय आधारमा व्याख्या गरिएको छ । यसले नेपाली भाषा शिक्षणमा सङ्कथन विश्लेषणको अवस्था र सुधारका क्षेत्रहरूलाई उजागर गर्न मद्दत पुऱ्याएको छ ।

## संसक्तिको बुझाइ

प्राप्त तथ्याङ्कअनुसार ७९.७ प्रतिशत विद्यार्थीले संसक्तिको प्रयोगले लेखन व्यवस्थित हुने कुरामा पूर्ण सहमति र सहमति जनाउनुले उनीहरूमा लेखनको गुणस्तरप्रति सचेतता रहेको देखिन्छ । यसको विश्लेषण गर्दा स्नातक तहका विद्यार्थी संसक्तिलाई केवल व्याकरणको सैद्धान्तिक एकाइ मात्र नभई एउटा उपयोगी लेखन सिपका रूपमा स्वीकार्छन् । ८०.७ प्रतिशत विद्यार्थीले शिक्षकको पृष्ठपोषणलाई क्षमता सुधारको कडी मान्नुले कक्षाकोठामा शिक्षकको भूमिका र सङ्कथन केन्द्रित शिक्षणको आवश्यकतालाई पुस्टि गरेको छ । यसमा करिब १५ प्रतिशत विद्यार्थी संसक्तिको महत्त्वका बारेमा तटस्थ रहनुले उनीहरूमा अझै पनि प्राज्ञिक लेखनको गहिराइ र वाक्यहरूबिचको अन्तःसम्बन्धबारे पर्याप्त बुझाइ नभएको देखिन्छ । यसर्थ धारणात्मक स्पष्टता भए तापनि सबै विद्यार्थीमा यसको समान बोध भएको देखिँदैन् ।

## व्याकरणिक संसक्ति पहिचान क्षमता

व्याकरणिक संसक्तिका ६ ओटा प्रकारमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क र उनीहरूको व्यावहारिक प्रयोग क्षमतालाई निम्नानुसार विश्लेषण गरिएको छ :

***सार्वनामिक संसक्ति***

तथ्याङ्कअनुसार सार्वनामिक संसक्ति पहिचानमा विद्यार्थीहरूको औसत प्राप्ताङ्क सबैभन्दा उच्च (३.१ देखि ३.२ सम्म) देखिएको छ । ८४.३ प्रतिशत विद्यार्थी नामको पुनरावृत्ति रोक्न सर्वनामको प्रयोग अनिवार्य छ भन्ने कुरामा सचेत रहेका छन् । यसले अधिकारी (२०६७) को मान्यतालाई पुस्टि गरेको छ । यसले सर्वनामलाई पुनरावृत्ति निवारणको प्रमुख व्याकरणिक साधन मानेका छन् । ह्यालिडे र हसन (सन् १९७६) ले चर्चा गरे झैँ विद्यार्थीहरूले अग्रसन्दर्भ सजिलै पहिचान गरे पनि पश्चसन्दर्भको प्रयोगमा भने केही जटिलता महसुस गरेको पाइन्छ । यसले उनीहरूको लेखन शैली अझै पनि परम्परागत ढाँचामा रहेको सङ्केत गरेको छ ।

***कालिक संसक्ति***

कालिक संसक्तिको पहिचानमा विद्यार्थीको क्षमता औसत स्तरको देखिएको छ । ७६.३ प्रतिशत विद्यार्थी घटनालाई समय क्रमअनुसार प्रस्तुत गर्न सकिने कुरामा सहमत भए तापनि व्यावहारिक परीक्षणमा समयसूचक शब्दहरूको सुसङ्गत प्रयोगमा केही कमजोरी देखिएको छ । यो नतिजाले भुसाल (२०७८) को अध्ययनलाई समर्थन गरेको छ । यसले पाठमा घटनाक्रमको समयगत निरन्तरताका लागि कालिक संसक्ति महत्त्वपूर्ण हुने तर विद्यार्थीमा यसको सूक्ष्म प्रयोग क्षमता कम रहने औँल्याएको छ ।

***स्थानिक संसक्ति***

स्थानिक संसक्तिका सन्दर्भमा विद्यार्थीको बुझाइ ९५.३ प्रतिशत सकारात्मक देखिएको छ । स्थान बुझाउने शब्दहरू (यहाँ, त्यहाँ, माथि, तल आदि) को पहिचानमा विद्यार्थी राम्रो देखिएका छन् । पौडेल (२०७४) ले स्थानिक संसक्तिलाई पाठमा वस्तु र परिवेशबिचको सम्बन्ध स्पष्ट पार्ने साधन मानेका छन् । उक्त तथ्याङ्कले के देखाउँछ भने विद्यार्थी भौतिक परिवेश चित्रण गर्न स्थानिक शब्दहरूको प्रयोगमा अभ्यस्त छन् । यसले उनीहरूको वर्णनात्मक लेखन क्षमतालाई बलियो बनाएको छ ।

***प्रतिस्थापन संसक्ति***

प्रतिस्थापन संसक्तिको पहिचान र प्रयोग क्षमतामा विद्यार्थीहरूको स्तर तुलनात्मक रूपमा कमजोर देखिएको छ । करिब ६५ प्रतिशत विद्यार्थी मात्र एउटा भाषिक एकाइको

सट्टा अर्को संरचना प्रयोग गर्ने कलामा सफल देखिएका छन् । ह्यालिडे र हसन (१९७६) ले प्रतिस्थापनलाई लेखनमा नवीनता दिने साधन मानेका छन् तर विद्यार्थीमा त्यसो, त्यही, यस्तो जस्ता शब्दद्वारा प्रतिस्थापन गर्ने सिपमा खनिया (२०२२) ले भने झैँ सैद्धान्तिक अन्योल र व्यावहारिक अभ्यासको कमी देखिएको छ ।

***संयोजक संसक्ति***

संयोजकको प्रयोगमा विद्यार्थीले औसत ३.० सम्मको राम्रो प्राप्ताङ्क हासिल गरेका छन् । विशेष गरी ८० प्रतिशतभन्दा बढी विद्यार्थी कारण परिणाम र विपरीतार्थक संयोजकको प्रयोगमा दक्ष देखिएका छन् । यसले गौतम (२०६८) को मान्यतालाई पुस्टि गरेको छ । यसमा संयोजकले वाक्यहरूबिच तार्किक सम्बन्ध स्थापित गरी पाठलाई सुगठित बनाउने उल्लेख छ । विद्यार्थीले संयोजकको प्रयोगमार्फत आफ्ना विचारहरूलाई एकीकृत र प्रवाहयुक्त बनाउन सकेको देखिन्छ ।

***लोप संसक्ति***

व्याकरणिक संसक्तिमध्ये लोप पहिचानमा विद्यार्थी सबैभन्दा कमजोर (टी मान ८.७ सम्म) देखिएका छन् । तथ्याङ्कले के देखाउँछ भने धेरै विद्यार्थी लोपलाई संसक्तिको सशक्त माध्यमका रूपमा पहिचान र प्रयोग गर्न असफल भएका छन् । अधिकारी (२०७४) ले लोपलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइको गुण मानेका छन् तर विद्यार्थीले लोपलाई त्रुटिका रूपमा लिने र अनावश्यक शब्दहरू थप्ने प्रवृत्ति देखाएका छन् । यसले भट्टराई, प्रधान र ढुङ्गेल (२०७२) ले जोड दिए झैँ नेपाली भाषा शिक्षणमा साङ्गाठानिक संरचना भन्दा वाक्य व्याकरणको मात्र प्रभुत्व रहेको तथ्यलाई पुनः प्रमाणित गरेको छ ।

**कोशीय संसक्ति पहिचान र प्रयोग क्षमता**

कोशीय संसक्तिको विश्लेषणले विद्यार्थीको शब्द चयन, शब्दभण्डारको व्यापकता र पाठमा तिनको अर्थगत सम्बन्ध कायम गर्ने स्तरलाई देखाउँछ । यसलाई निम्नानुसार व्याख्या गरिएको छ :

***पुनरावृत्ति संसक्ति***

तथ्याङ्कअनुसार ८३.२ प्रतिशत विद्यार्थी शब्दको बारम्बार प्रयोगले लेखनको ओज घट्छ भन्ने कुरामा सचेत छन् । ह्यालिडे र हसन (सन् १९७६) ले पुनरावृत्तिलाई कोशीय

संसक्तिको सबैभन्दा सरल र आधारभूत कडी मानेका छन् । विश्लेषणका क्रममा विद्यार्थीले अनावश्यक पुनरावृत्ति घटाउनुपर्छ भन्ने सैद्धान्तिक ज्ञान राखे तापनि संसक्तिको पहिचान गर्न र प्रयोग गर्दा लेखनमा सीमित शब्दभण्डारका कारण एउटै शब्द पटक पटक प्रयोग गर्ने गरेको देखिन्छ । यसले भण्डारी (२०६८) को मान्यतालाई थप पुस्टि गरेको छ । यसमा पुनरावृत्तिले जोड दिने काम गरे पनि यसको अधिक प्रयोगले लेखनलाई नीरस बनाएको छ ।

***पर्यायवाची संसक्ति***

पर्यायवाची शब्दको प्रयोगले लेखनलाई व्यवस्थित बनाउँछ भन्ने कुरामा ८४.२ प्रतिशत विद्यार्थी सहमत रहेका छन् । पोखरेल (२०५९) ले पर्यायवाची शब्दका भाषिक, सन्दर्भगत र शैलीगत भेद हुने चर्चा गरे झैँ स्नातक तहका विद्यार्थी सन्दर्भअनुसारका शब्द छनोटमा केही हदसम्म सफल देखिएका छन् । खनिया (२०२२) को अध्ययनले औँल्याए झैँ विद्यार्थी नयाँ र अप्रचलित पर्यायवाची शब्द प्रयोग गर्न हिचकिचाउने र साधारण शब्दहरूमा मात्र सीमित रहने प्रवृत्ति देखिएको छ ।

***विपरीतार्थी संसक्ति***

विपरीतार्थी संसक्तिको पहिचानमा विद्यार्थीको बुझाइ सन्तोषजनक (७३%) छ । तुलना वा भिन्नता देखाउन विपरीत अर्थ दिने शब्दहरू उपयोगी हुने कुरामा विद्यार्थी विश्वस्त देखिन्छन् । ह्यालिडे र हसन (सन् १९७६) का अनुसार विपरीतार्थी शब्दको प्रयोगले पाठलाई एउटै सन्दर्भका दुई भिन्न ध्रुवहरूमा रहेर स्पष्ट पार्न सघाउँछ । यस तथ्याङ्कले के देखाउँछ भने विद्यार्थीले आफ्ना विचारलाई द्वन्द्वात्मक वा तार्किक ढाँचामा प्रस्तुत गर्न विपरीतार्थी संसक्तिको प्रयोग गर्ने सामर्थ्य राख्दछन् ।

***सन्निधान संसक्ति***

कोशीय संसक्तिअन्तर्गत सन्निधानको पहिचानमा विद्यार्थी सबैभन्दा बढी अन्योलमा ( ३१ देखि ३६ प्रतिशत तटस्थ) देखिएका छन् । भुसाल (२०७८) का अनुसार सन्निधानले भाषालाई स्वाभाविक र प्राकृतिक प्रवाह प्रदान गर्छ तर विद्यार्थीमा कुन शब्दसँग कुन शब्दको प्राकृतिक जोडी बन्छ भन्ने प्राविधिक ज्ञानको कमी देखिन्छ । यसले गर्दा उनीहरूको लेखन कतिपय अवस्थामा खनिया (सन् २०२२) ले भने झैँ अप्राकृतिक वा अनुवाद गरिएको जस्तो सुनिने समस्या देखिएको छ ।

***समावेशात्मक संसक्ति***

समावेशात्मक संसक्तिको पहिचान र प्रयोगमा विद्यार्थीको स्तर उच्च (औसत १.२ देखि १.३ सम्म) देखिएको छ । ७५.७ प्रतिशत विद्यार्थीले सामान्य र विशिष्ट शब्दहरूबिचको सम्बन्धलाई स्पष्ट रूपमा बुझेको पाइन्छ । भुसाल (२०७८) ले यसलाई साधारण विशिष्ट सम्बन्धका रूपमा व्याख्या गरे झैँ विद्यार्थीले यसको प्रयोगमार्फत विस्तृत विचारलाई सङ्क्षेपमा वा सारांशमा व्यक्त गर्ने संज्ञानात्मक सामर्थ्य देखाएका छन् ।

**चरहरूका आधारमा क्षमताको तुलनात्मक विश्लेषण**

विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा चरहरूले पारेको प्रभावलाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**संस्थाको प्रकृति (आङ्गिक र सामुदायिक क्याम्पस)**

तथ्याङ्कअनुसार आङ्गिक क्याम्पस (औसत १२.९) र सामुदायिक क्याम्पस (औसत १२.१) का विद्यार्थीको समग्र संसक्ति क्षमतामा कुनै साङ्ख्यिकीय भिन्नता (P–value > 0.05) देखिएको छैन । यसले अधिकारी (२०६७) ले उल्लेख गरे झैँ संसक्ति एक विश्वव्यापी भाषिक गुण हो । शिक्षण पद्धित समान हुँदा संस्थाको प्रकृतिले यसमा खासै ठुलो प्रभाव पार्दैन भन्ने पुस्टि गर्छ । आङ्गिकका विद्यार्थी लोप र संयोजक पहिचानमा राम्रो देखिनुले त्यहाँको प्राज्ञिक वातावरण र पुस्तकालयको पहुँचले केही हदसम्म सकारात्मक प्रभाव पारेको गौतम (२०६८) को मान्यतासँग मेल खाएको छ ।

**अध्ययनको विषय (मूल विषय नेपाली र मूल अन्य विषय)**

मूल विषय नेपाली लिएका विद्यार्थी (औसत १२.३) र मूल अन्य विषय लिएका विद्यार्थी (औसत १२.८) को संसक्ति पहिचन प्रयोग क्षमता करिब समान पाइएको छ । यस नतिजाले पौडेल (२०७४) को मान्यतालाई सहयोग पुऱ्याउँछ । यसमा संसक्ति केवल साहित्यको विषय मात्र नभई प्रायोगिक भाषाविज्ञानको एउटा यस्तो अङ्ग हो । हरेक विधाको प्राज्ञिक लेखनमा अनिवार्य हुन्छ । अन्य विषयका विद्यार्थीको नतिजा केही बढी देखिनुले उनीहरूले अन्य भाषा (विशेष गरी अङ्ग्रेजी) बाट प्राप्त संसक्तिको ज्ञानलाई नेपाली लेखनमा पनि स्थानान्तरण गरेको देखिन्छ ।

**भाषिक पृष्ठभूमि (नेपली मातृभाषी र अन्य मातृभाषी)**

विश्लेषणका क्रममा अन्य मातृभाषी (नेपाली दोस्रो भाषाका रूपमा बोल्ने) विद्यार्थीको औसत प्राप्ताङ्क (१३.३) नेपाली मातृभाषी (१२.२) को तुलनामा केही बढी देखिनु एक रोचक पक्ष हो । भुसाल (२०७८) का अनुसार दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरूले भाषालाई नियमबद्ध संरचनाका रूपमा सिक्ने हुनाले उनीहरूमा व्याकरणिक कडीहरूप्रति बढी सचेतता हुन्छ । यसको विपरीत, मातृभाषीहरूले भाषालाई स्वाभाविक प्रवाहमा बुझ्ने हुँदा उनीहरूमा संसक्तिका सूक्ष्म प्राविधिक पक्षहरूप्रति अधिकारी (२०७४) ले औँल्याए झैँ केही बेवास्ता भएको देखिन्छ ।

**लैङ्गिकता (छात्र र छात्रा)**

तथ्याङ्कअनुसार छात्र (औसत १२.६) र छात्रा (औसत १२.४) को संसक्ति पहिचान प्रयोग क्षमतामा कुनै साङ्ख्यिकीय भिन्नता (P–value > 0.05) पाइएन । यस नतिजाले रावल (२०७२) को अध्ययनलाई पूर्ण रूपमा समर्थन गरेको छ जसले संसक्तिको प्रयोगमा लैङ्गिक प्रभाव शून्य रहने निष्कर्ष निकालेको छ । यसबाट के पुस्टि हुन्छ भने संसक्ति एक संज्ञानात्मक र तार्किक क्षमता हो । यसमा लैङ्गिकताले भन्दा पनि व्यक्तिगत अभ्यास र शिक्षण पद्धितले भूमिका खेल्छ ।

**विद्यालय तहको पृष्ठभूमि (सामुदायिक र संस्थागत विद्यालय)**

विद्यालय तहको शिक्षाको माध्यम भाषाको पृष्ठभूमिअनुसार संसक्ति पहिचान र प्रयोग क्षमतामा स्पष्ट भिन्नता (टी मान ३.५४) देखिएको छ । संस्थागत विद्यालयबाट आएका विद्यार्थी (औसत १३.३) सामुदायिक विद्यालयबाट आएका विद्यार्थी (औसत ११.८) भन्दा निकै अगाडि देखिएका छन् । भट्टराई, प्रधान र ढुङ्गेल (२०७२) ले जोड दिए झैँ संस्थागत विद्यालयमा हुने सघन लेखन अभ्यास र अंग्रेजी भाषाको संसक्ति शिक्षणको प्रभावले गर्दा ती विद्यार्थीमा स्नातक तहमा पुग्दा पनि संसक्तिका जटिल कडीहरू बुझ्ने सामर्थ्य बढी देखिएको विश्लेषण गर्न सकिन्छ ।

**सारांश**

व्याकरणिक संसक्तिका ६ ओटा प्रकारको विश्लेषण गर्दा विद्यार्थी सर्वनाम र संयोजक पक्षमा सबल वा राम्रो रहेका छन् । विद्यार्थीमा लोप र प्रतिस्थापन पक्षमा कमजोर पाइएका छन् । यस नतिजाले अधिकारी (२०६७) र भुसाल (२०७८) ले औँल्याएको पाठ्यक्रम र शिक्षण पद्धितको सुधारको आवश्यकतालाई थप सहयोग पुऱ्याएको छ । विद्यार्थीमा कोशीय संसक्तिको पर्यायवाची र समावेशात्मक जस्ता शब्दको ज्ञान राम्रो छ । तर सन्निधान जस्तो सूक्ष्म र प्राकृतिक शब्द संयोजनमा उनीहरू कमजोर रहेका छन् । यसले नेपाली भाषाको पठन संस्कृति र शब्द साधनामा कमी रहेको सङ्केत गरेको छ । यसले अधिकारी (२०६७) र गौतम (२०६८) ले जोड दिए झैँ विद्यार्थीको शब्द चयन र तिनको अर्थगत शब्दशक्तिप्रति थप सचेतना जगाउनुपर्ने आवश्यकतालाई पुस्टि गरेको छ ।

यसमा चरहरूको विश्लेषण गर्दा विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा संस्थागत प्रकृति (आङ्गिक र सामुदायिक), विषयगत (मूल विषय नेपाली र मूल अन्य विषय) र लैङ्गिकता (छात्र र छात्रा) तुलनात्मक रूपमा भिन्नता रहेको छैन् । उनीहरूको भाषिक पृष्ठभूमि (मातृभाषी नेपाली र अन्य मातुभाषी) र विद्यालयीय तहको पृष्ठभूमि ( सामुदायिक र संस्थागत विद्यालय) बिचमा सार्थक भिन्नता रहेको पाइन्छ । यस निष्कर्षले अधिकारी (२०६७) र भुसाल (२०७८) ले उठाएका नेपाली भाषा शिक्षणका व्यावहारिक समस्या र सुधारका क्षेत्रहरूलाई थप प्राज्ञिक आधार प्रदान गरेको छ ।

## अध्याय : सात
## निष्कर्ष र उपयोगिता

### विषयप्रवेश

प्रस्तुत शोधप्रबन्ध स्नातक तहमा अध्ययनरत विद्यार्थीको साङ्कथनिक संरचनाअन्तर्गत संसक्ति पहिचान र प्रयोग क्षमताको विश्लेषणमा केन्द्रित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य विद्यार्थीमा संसक्तिसम्बन्धी बुझाइ र उक्त संसक्तिअन्तर्गत व्याकरणिक तथा कोशीय संसक्तिको पहिचान प्रयोग अवस्था पहिचान गरी विश्लेषण गर्नु रहेको छ । अनुसन्धानका लागि काठमाडौं उपत्यकाभित्रका दुईओटा आङ्गिक र दुईओटा सामुदायिक क्याम्पसबाट स्नातक तह दोस्रो वर्षमा अध्ययनरत २०२ जना विद्यार्थीहरूलाई सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको छ । परिमाणात्मक ढाँचामा आधारित यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि संरचित प्रश्नावली र संसक्ति पहिचान प्रयोगसम्बन्धी परीक्षण गर्न संरचित प्रश्नावली साधनको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कलाई औसत, प्रतिशत, मानक विचलन र टी परीक्षण जस्ता साङ्ख्यिकीय विधिहरू प्रयोग गरी विश्लेषण गरिएको छ । अध्ययनका क्रममा विशेष गरी ह्यालिडे र हसन (सन् १९७६) को संसक्ति सिद्धान्तलाई मुख्य आधार मानिएको छ । यसअन्तर्गत व्याकरणिक संसक्तिका ६ ओटा र कोशीय संसक्तिका ५ ओटा प्रकारहरूको परीक्षण गरिएको छ । यस अनुसन्धानले स्नातक तहका विद्यार्थीको भाषिक सामर्थ्यको वर्तमान अवस्थालाई उजागर गर्दै नेपाली भाषा शिक्षणमा सङ्कथन विश्लेषणको महत्त्वलाई स्थापित गर्न खोजिएको छ ।

### निष्कर्ष

प्रस्तुत अध्ययनको प्राप्तिलाई केलाउँदा स्नातक तहका विद्यार्थीमा संसक्तिप्रति सकारात्मक धारणा भए तापनि व्यावहारिक क्षमतामा केही सीमाहरू देखिएका छन् । तथ्याङ्कअनुसार ८० प्रतिशत विद्यार्थी संसक्तिको प्रयोगले लेखन व्यवस्थित र स्पष्ट हुने कुरामा सहमत रहेका छन् । यसले उनीहरूमा प्राज्ञिक लेखनको आधारभूत चेतना रहेको सङ्केत गर्छ । व्यावहारिक परीक्षणमा व्याकरणिक संसक्तिअन्तर्गत सर्वनाम र संयोजकको पहिचानमा विद्यार्थीहरू राम्रो (औसत ३.१ सम्म) देखिएको छ । यस अध्ययनमा लोप र प्रतिस्थापन जस्ता सूक्ष्म पक्षमा उनीहरूको स्तर तुलनात्मक रूपमा कमजोर पाइएको छ ।

कोशीय संसक्तिको क्षेत्रमा पुनरावृत्ति र समावेशात्मकताको प्रयोगमा विद्यार्थी दक्ष देखिए पनि सन्निधानको पहिचानमा उनीहरू अन्योलमा परेको देखिन्छ ।

भाषिक पृष्ठभूमि र विद्यालय तहको पृष्ठभूमिका आधारमा गरिएको विश्लेषणले अन्य मातृभाषी र संस्थागत विद्यालयबाट आएका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमता उच्च (राम्रो) रहेको छ । यसको तुलनामा नेपाली मातृभाषी र सामुदायिक विद्यालयका विद्यार्थीका संसक्ति पहिचान प्रयोगमा कमजोर रहेको छ । समग्रमा विद्यार्थीहरूमा वाक्य तहको व्याकरणको ज्ञान भए तापनि ती वाक्यलाई कलात्मक र तार्किक कडीले जोडेर एउटा पूर्ण सङ्कथन निर्माण गर्ने सिपमा अझै सुधारको आवश्यकता रहेको यस अध्ययनले पुस्टि गरेको छ ।

स्नातक तहका विद्यार्थीमा संसक्तिसम्बन्धी बुझाइ र व्यावहारिक पहिचान प्रयोग क्षमताबिच भिन्नता रहेको पाइन्छ । विद्यार्थी संसक्तिलाई एउटा महत्त्वपूर्ण भाषिक उपकरणका रूपमा स्वीकार्छन् । शिक्षकको पृष्ठपोषणले आफ्नो क्षमतामा सुधार आउने अपेक्षा गरेको पाइन्छ । आफ्नो लेखनमा सचेत रूपमा लागू गर्न उनीहरूमा प्राविधिक कठिनाइ देखिएको छ । विशेष गरी व्याकरणिक संसक्तिअन्तर्गत सर्वनामको प्रयोगमा उनीहरू निपुण छन् । यसको मुख्य कारण विद्यालय तहदेखि नै यसलाई शैक्षणिक प्रयोगमा ल्याइनु हुनसक्छ भन्ने अनुमान गर्न सकिन्छ । विद्यार्थीमा सिङ्गो पाठ वा सङ्कथनलाई एउटा एकीकृत एकाइका रूपमा बुझ्ने र क्षमताको प्रयोग गर्न सकेको छैन । यस अवस्थाले आधुनिक भाषा विज्ञानका नवीनतम उपलब्धिहरूलाई नेपाली भाषा शिक्षणका सन्दर्भमा कार्यन्यवन गर्नुपर्ने आवश्यकतालाई सङ्केत गरेको छ ।

यस अध्ययनमा उपयोग गरेका चरहरू जस्तै विद्यालय तहको पृष्ठभूमि र भाषिक पृष्ठभूमिले संसक्ति पहिचान प्रयोगमा पारेको प्रभावलाई हेर्दा नेपाली शिक्षा प्रणालीमा विविधता रहेको देखिन्छ । अन्य मातृभाषी विद्यार्थीले नेपाली भाषालाई एउटा नियमबद्ध संरचनाका रूपमा सचेत भएर सिक्ने हुनाले उनीहरूमा संसक्तिका जोर्नीहरू चिन्न सक्ने सामर्थ्य नेपाली मातृभाषीको तुलनामा राम्रो रहेको देखिन्छ । वाक्यहरूबिचको अन्तःसम्बन्ध कायम गर्ने संसक्तिको सचेत शिक्षण र पर्याप्त अभ्यास आवश्यक रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनबाट संस्थाको प्रकृतिका कारण विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता हुँदैन भन्ने निष्कर्ष प्राप्त भएको छ । त्यसै गरी मूल विषय नेपाली

र मूल विषय अन्य अध्ययन गर्ने विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा सार्थक भिन्नता हुँदैन । त्यसो त भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा भिन्नता हुन्छ । लैङ्गिकताका कारण विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा फरक पर्दैन तर विद्यालय तहको शिक्षा सामुदायिक र संस्थागत विद्यालयबाट आर्जन गरेका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमतामा भने भिन्नता हुन्छ ।

नेपाली भाषा शिक्षण वाक्य व्याकरणको घेराभन्दा माथि उठ्न सकेको छैन । लोप र सन्निधान जस्ता सङ्कथन पक्षहरूलाई नेपाली भाषाको पाठ्यक्रम र शिक्षण पद्धतिले पर्याप्त महत्त्व नदिएका कारण विद्यार्थी यी क्षेत्रमा कमजोर देखिएको हुनसक्छ । संस्थागत विद्यालयमा गरिने सघन लेखन अभ्यास र अङ्ग्रेजी भाषाको सङ्कथन शिक्षणको प्रभावले गर्दा ती विद्यार्थीहरू नेपाली संसक्ति पहिचान प्रयोगमा पनि अगाडि देखिएका हुनसक्छ । समग्रमा स्नातक तहका विद्यार्थी संसक्तिको बोधको चरणमा भए तापनि सिर्जनात्मक प्रयोगको चरणमा अझै पुग्न सकेका छैनन् । यसर्थ विद्यार्थीको प्राज्ञिक लेखनलाई ओजनदार, तार्किक र सुसम्बद्ध बनाउनका लागि केवल शुद्ध शब्द र वाक्य मात्र सिकाएर पुग्दैन ।

## उपयोगिता

स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग क्षमताको अध्ययन विश्लेषणपश्चात् यस अध्ययनका उपयोगितालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### *नीतिगत उपयोगिता*

प्रस्तुत अध्ययनका नीतिगत उपयोगिता निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) विश्वविद्यालयको नेपाली पाठ्यक्रममा वाक्य व्याकरणको सट्टा सङ्कथन व्याकरणलाई अनिवार्य एकाइका रूपमा समावेश गरी मानक लेखन मापदण्ड निर्माण गर्न यसले सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

(ख) पाठ्यपुस्तक निर्माण गर्दा संसक्तिका प्रकार प्रचुर मात्रामा भएका साहित्यिक तथा गैरसाहित्यिक पाठहरूको छनोट गरी विद्यार्थीको जग बलियो बनाउने खालका शैक्षिक निर्देशिका तयार पार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(ग) नेपाली शिक्षकहरूका लागि सङ्कथन विश्लेषण र संसक्ति शिक्षणसम्बन्धी विशेष तालिम, कार्यशाला र आधुनिक शिक्षण सामग्रीको उपलब्धता सुनिश्चित गर्न नीतिगत व्यवस्था बनाउन सहयोगी हुन्छ ।

(घ) भाषा शिक्षणको मूल्याङ्कन पद्धितलाई स्मृतिमा आधारित वस्तुगत ढाँचाबाट परिवर्तन गरी विद्यार्थीको सङ्कथन विश्लेषण र प्रयोगात्मक क्षमता जाँच्नको लागि मद्दत पुऱ्याउने आशा राखिएको छ ।

(ङ) इतर मातृभाषी विद्यार्थीहरूका लागि सङ्कथनमा आधारित विशेष शिक्षण मोड्युलहरू तयार गर्न सहजता प्राप्त हुने मानिएको छ ।

***प्रायोगिक उपयोगिता***

(क) शिक्षकले कक्षाकोठामा पाठ पढाउँदा वाक्यहरूबिचको अन्तःसम्बन्ध र संसक्तिका प्रकारको भूमिकालाई प्रयोगात्मक रूपमा प्रदर्शन गर्न सहज हुन्छ ।

(ख) विद्यार्थीलाई लोप, प्रतिस्थापन र सन्निधान जस्ता सूक्ष्म व्याकरणिक एवम् कोशीय पक्षहरूको प्रयोग गरी लेखनलाई छरितो र तार्किक बनाउन उपायोगी हुन्छ ।

(ग) लेखन कार्यमा आउने अनावश्यक पुनरावृत्ति हटाउनका लागि पर्यायवाची र विपरीतार्थी शब्दहरूको सन्दर्भगत प्रयोग र शब्दकोशको अर्थगत सम्बन्ध बुझ्न विद्यार्थीलाई अभिप्रेरित गर्न सहज हुन्छ ।

(घ) हरेक लेखन अभ्यासपछि शिक्षकले संसक्तिको दृष्टिले स्पष्ट लिखित पृष्ठपोषण दिने र विद्यार्थीलाई आफ्नै लेखन आफैँ सम्पादन गर्न सक्षम बनाउछ ।

(ङ) सामूहिक लेखन, समाचार सम्पादकीय विश्लेषण र अनुच्छेदभित्रका संसक्तिका प्रकार पहिचान गर्नको लागि सहज हुने अपेक्षा गरिएको छ ।

***भावी अनुसन्धानका लागि सिफारिस***

यस अनुसन्धानका आधारमा संसक्तिको क्षेत्रमा थप अध्ययन गर्न चाहने अध्येताका लागि निम्न विषयक्षेत्रहरू अध्ययनीय विषयक्षेत्रका रूपमा प्रस्ताव गरिएको छ :

(क) फरक-फरक साहित्यिक विधा (आख्यान, निबन्ध, नाटक) र डिजिटल माध्यम ( सामाजिक सञ्जाल, ब्लग) मा संसक्तिको स्वरूप र प्रयोगबारे प्रकारगत अध्ययन

(ख) शिक्षण विधि र संसक्ति क्षमताबिच प्रयोगात्मक परीक्षण

(ग) नेपाली भाषाका पाठ्यपुस्तकहरूमा संसक्तिका प्रकारहरूको पर्याप्तता र सान्दर्भिकताको अध्ययन

**अध्ययनको सीमा**

प्रस्तुत अध्ययन काठमाडौं उपत्यकामा रहेका चार ओटा क्याम्पसमा सीमित छ । यस अध्ययनमा नमुना छनोट गर्दा २०२ जना विद्यार्थीलाई प्रतिनिधिका रुपमा छनोट गरिए पनि सामग्री सङ्कलनका क्रममा जम्मा २०० जना विद्यार्थीबाट मात्रै प्रतिक्रिया प्राप्त भएको छ । अर्थात् सामग्री सङ्कलनका क्रममा आङ्गिक क्याम्पसका दुई जना विद्यार्थीबाट प्रतिक्रिया प्राप्त भएन ।

# सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* (छैटौं संस्क.), रत्न पुस्तक भण्डार ।

ओझा, गायत्रीकुमारी (२०७४), *बहुला काजीको सपना नाटकको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कर्लिङ्गर/Kerlinger, F. N. (1986). *Foundations of behavioral research* (3rd ed.). Holt, Rinehart and Winston.

कोठारी / Kothari, C.R. (2004). *Research Methodology : Methods & Techniques* (2nd ed.). New Age International.

कोहेन/Cohen, L., Manion, L., & Morrison, K. (2007). *Research methods in education* (6th ed.). Routledge.

क्रेस्वेल/Creswell, J. W. (2007). *Qualitative inquiry and research design: Choosing among five approaches* (2nd ed.). SAGE.

क्रेस्वेल/Creswell, J. W. (2009). *Research design: Qualitative, quantitative, and mixed methods approaches* (3rd ed.). SAGE.

क्रेस्वेल/Creswell, J. W. (2014). *Research design: Qualitative, quantitative, and mixed methods approaches* (4th ed.). SAGE.

खनाल, गायत्रीप्रसाद (२०७४), *भाँडो कथाको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* (आठौं संस्क.), सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज (सन् २०२२), *सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण,* मर्स्याङ्दी जर्नल, भोलुम ३(१), (पृ. १-१२) । https://doi.org/10.3126/mj.v3i1.47933

गी/Gee, J. P. (1999). *An introduction to discourse analysis: Theory and method*. Routledge.

गुबा/Guba, E. G. (Ed.). (1990). *The paradigm dialog*. SAGE.

गौतम, देवीप्रसाद (२०६८), *सङ्कथन विश्लेषण,* रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्नपुस्तक भण्डार ।

गौतम, देवीप्रसाद (२०७६), *सङ्कथन विश्लेषण,* रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड) (दोस्रो संस्क.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्नपुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* इन्टलेक्चुअल बुक प्यालेस ।

जोशी, खगेन्द्र (२०२५), *संसक्ति व्यवस्थाको दृष्टिले हामी सहँदै जाउँला कविताको विश्लेषण,* मेधा पत्रिका भोलुम ७(२), (पृ. २९-३८) ।

टयान्नेन/Tannen, D., Hamilton, H. E., & Schiffrin, D. (Eds.). (2015). *The handbook of discourse analysis* (2nd ed.). John Wiley & Sons.

ढकाल, उर्मिला (२०६७), *मधेसतिर कथाको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६६/०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७८/०७९), *प्रायोगिक भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), *प्रायोगिक भाषा विज्ञान,* राज अपसेट प्रेस ।

तिमल्सेना, शिवप्रसाद (२०२०), *व्याकरणिक र कोशीय संसक्ति र सम्बद्धन,* पाठ्यक्रम विकास केन्द्र, (पृ. १३४-१४४) । https://doi.org/10.3126/cdj.v0i42.33242

दाहाल, दुर्गाप्रसाद (२०७६), *स्नातक अनिवार्य नेपाली,* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

डेन्जिन/Denzin, N. K., & Lincoln, Y. S. (Eds.). (2012). *The SAGE handbook of qualitative research* (4th ed.). SAGE.

डेन्जिन /Denzin, N. K., & Lincoln, Y. S. (Eds.). (2018). *The SAGE handbook of qualitative research* (5th ed.). SAGE.

न्यौपाने, भुवन (२०७९), *पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति,* रत्न बृहत् नेपाली समालोचना (भाग ३), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्नपुस्तक भण्डार ।

न्युम्यान/Neuman, W. L. (2014). *Social research methods: Qualitative and quantitative approaches* (7th ed.). Pearson Education.

न्युम्यान/Neuman, W. L. (2016). *Social research methods: Qualitative and quantitative approaches*. Pearson.

पोखरेल, गोकुल (२०६९), *एकान्त कथाको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखरेल, गोकुल (२०७०), *जङ्गी निशान हाम्रो कविताको सङ्कथन विश्लेषण* (अप्रकाशित दर्शनाचार्य अध्ययनपत्र) नेपाली केन्द्रिय विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान* (पहिलो संस्क.), विद्यार्थी पुस्तक प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०८०), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग* (दोस्रो संस्क.), विद्यार्थी प्रकाशन प्रा.लि. ।

बेस्ट/Best, J. W., & Kahn, J. V. (2006). *Research in education* (10th ed.). Prentice Hall.

बोगदान/Bogdan, R. C., & Biklen, S. K. (2007). *Qualitative research for education: An introduction to theory and methods* (5th ed.). Pearson Education.

ब्रायम्यान/Bryman, A. (2012). *Social research methods* (4th ed.). Oxford University Press.

बटलर/Butler-Kisber, L. (2010). *Qualitative inquiry*. SAGE.

भट्टराई, गोबिन्दप्रसाद (२०६५), *सङ्कथन विश्लेषणका प्रारम्भिक आधार,* सम्प्रेषण, अङ्क (५), नेपाली भाषा शिक्षा विज्ञान, त्रिवि, कीर्तिपुर ।

भट्टराई, डी.पी., प्रधान, मिरा र ढुङ्गेल, डिल्लीराम (२०७२), *स्नातक अनिवार्य नेपाली* (दोस्रो संस्क.), अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* शुभकामना प्रकाशन ।

भ्यान्डरस्टुप/Vanderstoep, S. W., & Johnston, D. D. (2009). *Research methods for everyday life: Blending qualitative and quantitative approaches*. Jossey-Bass.

भण्डारी, पदम (सन् २०१२), *केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र नेपाल, शक्तिराज (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,* पाठशाला पब्लिकेसन ।

भुसाल, केशव (२०७४), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* ( अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) डिनको कार्यालय, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

राई, पार्जुन (२०७०), *बिदा कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग त्रि.वि., किर्तिपुर ।

रावल, सुवास (२०७२), *साल्गीको बलात्कृत आँसु कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

ह्यालिडे/Halliday, M. A. K., & Hasan, R. (1976). *Cohesion in English*. Longman.

## परिशिष्ट क

## प्रश्नावली (सेट क)

नमस्कार !

आदरणीय शिक्षार्थीहरू,

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य अध्ययनका लागि *स्नातक तहका विद्यार्थीको संसक्ति पहिचान र प्रयोग* शीर्षकमा गर्न लागिएको अनुसन्धान प्रयोजनका लागि आवश्यक सूचना तथा प्रतिक्रिया संकलन गर्न यो संरचित प्रश्नावली तपाईंसमक्ष प्रस्तुत गरिएको छ । यस अनुसन्धानमा तपाईंले प्रदान गर्नुहुने विचार, मत र प्रतिक्रियाहरू अत्यन्तै महत्त्वपूर्ण हुनेछन् । तपाईंका सम्पूर्ण मत तथा सूचनाहरू प्रस्तुत अनुसन्धान प्रयोजनबाहेक अन्य कुनै पनि कार्यमा प्रयोग नगरिने र पूर्णतः गोप्य राखिने प्रतिबद्धता व्यक्त गर्दछु ।

नाम (ऐच्छिक): ..................................................

लिङ्ग: ☐ पुरुष ☐ महिला ☐ अन्य

हाल अध्ययनरत संस्था: ☐ आङ्गिक ☐ सामुदायिक ☐ संस्थागत

मुख्य विषय: ☐ मूल विषया नेपाली ☐ मूल विषय अन्य

मातृभाषा: ☐ नेपाली मातृभाषी ☐ अन्य भातृभाषी

विद्यालय तहको पृष्ठभूमि: ☐ सामुदायिक स्कुल ☐ संस्थागत (बोर्डिङ स्कुल)

**तल उल्लेखित कथनहरूलाई दायाँ भागमा रहेको विकल्पमा चिन्ह (✓) लगाउनुहोस् :**

| कथन | मत | | | | |
|---|---|---|---|---|---|
| | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत |

| **संसक्ति सम्बन्धीको धारणा** | | | | | |
|---|---|---|---|---|---|
| १. संसक्ति प्रयोग गर्दा मेरो लेखन व्यवस्थित र स्पष्ट हुन्छ । | | | | | |
| २. शिक्षकले दिएको पृष्ठपोषणले मेरो संसक्ति प्रयोग क्षमता सुधार गरेको छ । | | | | | |
| ३. राम्रो लेखनका लागि संसक्ति अत्यन्त आवश्यक छ । | | | | | |

| **व्याकरणिक संसक्ति** | **पूर्ण सहमत** | **सहमत** | **तटस्थ** | **असहमत** | **बिल्कुल असहमत** |
|---|---|---|---|---|---|
| **(क) सर्वनामिक संसक्ति** | | | | | |
| १. लेखनमा नाम आवृत्ति नहोस् भनी सर्वनाम प्रयोग गर्छु । | | | | | |
| २. म सर्वनामले के लाई जनाइरहेको छ भन्ने बुझेर लेख्न सक्छु । | | | | | |
| ३. सर्वनामको गलत प्रयोग गरिदा अर्थबोधमा बाधा हुन्छ भन्ने कुरा म पहिल्यै सचेत हुन्छु । | | | | | |
| **(ख) कालिक संसक्ति** | | | | | |
| १. म सङ्कथन रचना गर्दा घटनाहरूलाई समय-क्रमअनुसार प्रस्तुत गर्न सक्छु । | | | | | |
| २. म सङ्कथनमा "पहिले, त्यसपछि, अन्त्यमा" जस्ता समय सङ्केतक शब्द प्रयोग गर्न सक्षम छु । | | | | | |
| **(ग) स्थानिक संसक्ति** | | | | | |
| १. म स्थान जनाउने शब्दहरू (यहाँ, त्यहाँ, माथि, तल आदि) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. म सङ्कथन रचना गर्दा वस्तु/स्थानहरू क्रमबद्ध रूपमा प्रस्तुत गर्न सक्छु । | | | | | |
| **(घ) प्रतिस्थापन संसक्ति** | | | | | |
| १. दोहोरिएको शब्दको सट्टा उपयुक्त संरचना प्रयोग गरी प्रतिस्थापन गर्न सक्षम छु । | | | | | |
| २. मलाई सङ्कथनमा "तेसो, त्यही, यस्तो" जस्ता शब्दको प्रयोगले लेखनको अर्थ स्पष्ट बनाउँछ भन्नेमा सचेत छु । | | | | | |
| **(ङ) संयोजक संसक्ति** | | | | | |
| १. म कारण-परिणाम जनाउने संयोजक (किनकि, त्यसैले) उपयुक्त रूपमा प्रयोग गर्छु । | | | | | |
| २. विपरीत अर्थ दिने संयोजक (तर, यद्यपि) प्रयोग गर्न मलाई सजिलो हुन्छ । | | | | | |
| ३. संयोजकका कारण मेरो लेखनका विचारहरू एकीकृत रूपमा प्रकट हुन्छन् । | | | | | |
| **(च) लोप संसक्ति** | | | | | |
| १. म लेखनमा अर्थ स्पष्ट हुँदा अनावश्यक शब्द हटाउने अभ्यास जान्दछु । | | | | | |
| २. लोपको सचेत पालन गरिदा लेखन छोटो र प्रवाहयुक्त बन्छ भन्ने अनुभव छ । | | | | | |
| ३. सङ्कथनमा लोप कहिले उपयुक्त हुन्छ र कहिले हुँदैन भन्ने म सन्दर्भअनुसार बुझ्न सक्छु । | | | | | |
| **कोशीय संसक्ति** | | | | | |
| **(क) पुनरावृत्ति संसक्ति** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १. म लेखनमा अनावश्यक पुनरावृत्ति कम गर्न संरचना छनोटमा सावधान हुन्छु । | | | | | |
| २. म लेखाइमा समान अर्थ व्यक्त गर्न भिन्न भिन्न शब्द प्रयोग गर्न रुचाउँछु । | | | | | |
| ३. पटक पटक दोहोरिने शब्दले लेखन कम प्रभावकारी हुन्छ भन्ने कुरामा म सचेत छु । | | | | | |
| **(ख) पर्यायवाची संसक्ति** | | | | | |
| १. म लेखनलाई विविधतायुक्त र स्पष्ट बनाउन उचित पर्यायवाची शब्द छान्न सक्छु । | | | | | |
| २. एउटै विचार प्रस्तुत गर्दा शब्द विविधता ल्याउन पर्यायवाची शब्द प्रयोग गर्न सहज महसुस गर्छु । | | | | | |
| ३. कुनै शब्द धेरै दोहोरिन लागेमा म त्यसका उपयुक्त पर्यायहरू खोज्ने गर्छु । | | | | | |
| **(ग) विपरितार्थी संसक्ति** | | | | | |
| १. विपरीत अर्थ भएका शब्द प्रयोग गर्दा वाक्यहरू बढी प्रभावकारी हुन्छन् भन्ने बुझाइ छ । | | | | | |
| २. मलाई लेखनमा तुलना वा भिन्नता देखाउन विपरीतार्थी शब्द उपयोगी लाग्छ । | | | | | |
| ३. म सङ्कथनमा उपयुक्त विपरीतार्थी शब्द छनोट गर्न सक्षम छु । | | | | | |
| **(घ) सन्निधान संसक्ति** | | | | | |
| १. म सन्दर्भअनुसार सह-घटन हुने शब्द प्रयोग गर्न सजग हुन्छु । | | | | | |
| २. मलाई सन्निधान शब्दहरूले लेखनलाई स्वाभाविक र प्रवाहयुक्त बनाउँछन् भन्ने लाग्छ । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. सन्निधान सम्बन्ध बुझ्नाले मेरो लेखन सीप विकासमा मद्दत गरेको महसुस गर्छु । | | | | | |
| **(ङ) समावेशात्मक संसक्ति** | | | | | |
| १. म 'जनावर-कुकुर' वा 'फल-केरा' जस्ता समावेशात्मक सम्बन्ध लेखनमा प्रयोग गर्न सक्दछु । | | | | | |
| २. विस्तृत विचारलाई छोटकरीमा व्यक्त गर्न समावेशात्मक सम्बन्ध प्रयोग गर्न जान्दछु । | | | | | |

## परिशिष्ट ख

## प्रश्नावली (सेट ख)

**प्रश्न नं. १. तल दिइएको अनुच्छेदमा रेखाङ्कित पदद्वारा केकस्तो व्याकरणिक संसक्ति कसरी सृजना भएको छ।** **पूर्णाङ्क : १५×२ : ३०**

### बढ्दो आइ.सि.टी. प्रयोग र रमाइलो सिकाइ

हिजो जाडोको रमाइलो दिन थियो । म मेरो साथीसँग काम गर्दै थिए । **ऊ** ट्याब्लेटमा भिडियो हेर्दै थियो । एकछिन पछि हामी कक्षा बाहिर गएर अध्ययन गर्न थाल्यौं । **आज** म अनलाइन कक्षा सुन्दैछु । हामीले **भोलि** डिजिटल गेममार्फत नयाँ अभ्यास गर्ने योजना पनि बनायौं । **यहाँ** मेरो घरमा इन्टरनेटको सुविधा छ, **त्यहाँ** साथीको घरमा पनि कम्प्युटर छ । **यसको** मद्दतले हामी सजिलै सूचना खोज्न र नयाँ कुरा सिक्न सक्छौं । **यो** शिक्षण सामग्री जत्तिकै उपयोगी पनि छ । हामीले प्रस्तुतिका लागि भिडियो पनि तयार गऱ्यौं । म भिडियो एडिट गर्दै थिएँ **तर** कहिलेकाहीँ इन्टरनेट स्लो हुन्थ्यो । हामीले रमाइलो गऱ्यौं **अनि** नयाँ वेबसाइटको खोजी गऱ्यौं । मैले वाक्य लेख्दा नमिलेका शब्द हटाएँ **म आनन्द लिन रमाइलो गर्छु** वाक्यलाई **म रमाइलो गर्छु** बनाए । **तिमी कम्प्युटर प्रयोग गर्दै अभ्यास गर्छौ** वाक्यलाई **तिमी अभ्यास गर्छौ** बनाए । त्यसपछि हामीले अनलाइन सिकाइ प्लेटफर्ममार्फत नयाँ कोर्सहरू अभ्यास गऱ्यौं । **हामी** समूहमा विचार आदान-प्रदान गर्दै थियौं । ऊ पढाइमा तेज थियो र मलाई नयाँ आइडिया सिकाइरहेको थियो । **यहाँ** र **त्यहाँ** डिजिटल सामग्रीले हाम्रो सिकाइ अझ रमाइलो बनायो । मैले केही भिडियो हेरें । **यसको** मद्दतले मेरो ज्ञान बढ्यो । **म** कमिकमजोरीहरू सुधार्दै थिएँ **तर** प्राविधिक समस्या आयो । यसै सन्दर्भमा हामीले रमाइलो पनि गऱ्यौं । **अनि** आ-आफ्ना अनुभव साटासाट गऱ्यौं । एक छिन **पछि** हामी खुसी हुँदै घर फर्कियौँ । मनमा भाषा **र** आइ.सि.टी. प्रयोग गर्न उत्साह लिएर, म सोच्दै थिएँ आहा ! कति रमाइलो भयो । यसरी **हामी**ले अझ धेरै सिक्ने अवसर पनि प्राप्त गर्छौ । **यहाँ** र **त्यहाँ** भएका रमाइला डिजिटल दृश्यहरूले हाम्रो दिन अझ ज्ञानमूलक र रमाइलो बनायो ।

**प्रश्न नं. २. तल दिइएको अनुच्छेदमा रेखाङ्कित पदद्वारा केकस्तो कोशीय संसक्ति कसरी सृजना भएको छ। पूर्णाङ्क : १५×२ : ३०**

## सङ्कल्पको यात्रा

दोलखाको एउटा दुर्गम गाऊँमा हुर्किएको सङ्कल्पको युवकको मनमा ठुलो **सपना** थियो। त्यही **सपना** पूरा गर्ने हुटहुटीले उसलाई कहिल्यै आनन्दले बस्न सकेन। गाउँमा फैलिएको अज्ञात रोगको उपचारका लागि दुर्लभ जडीबुटी खोज्न उसले आफ्नो **घर** छोड्ने निधो गऱ्यो। उसले आफ्नो **गृह** वा बाल्यकालको **निवास** त्याग्दा आमा-बाबुको आँखामा आँसु देख्यो। यसबाट उसको मुटु पोलिरहेको थियो। यात्राको क्रममा उसले कहिले **लेक**को चिसो स्याँठ सहनुपर्थ्यो त कहिले **बेसी**को गर्मी। जीवन पनि त यस्तै रहेछ, कहिले **सुख** त कहिले **दुःख**। बाटोमा हिँड्दा हिँड्दै ऊ **घनघोर जङ्गल**भित्र प्रवेश गऱ्यो। **रुख**हरूले आकाश छोपेका थियो। **सल्ला, उत्तिस, र लालीगुराँस**का बोटहरू हावासँगै सुसेली खेलिरहेका देखिन्थे। केही बेरमै आकाश गर्जिएर **मुसलधारे पानी** पर्न थाल्यो र बाटो हिलो भयो। सङ्कल्पको **अटल विश्वास** र **घोर तपस्या**ले उसलाई रोक्न सकेन। उसले जङ्गलमा विभिन्न **पन्छी**हरू देख्यो कतै **डाँफे** नाच्दै थिए त कतै **मुनाल** गाइरहेका थिए। उसलाई प्रकृतिको अनुपम सौन्दर्यको याद दिलायो। यात्रामा कहिले **उकालो** चढ्दै त कहिले **ओरालो** झर्दै ऊ निरन्तर अघि बढिरह्यो। कैयौं दिनको **यात्रा**पछि जब ऊ हिमालको फेदीमा पुग्यो। शरीर थाकेर थिलथिलो भएको थियो। उसले **विश्राम** लिन चाहेन किनकि **आराम** गर्नु उसको उद्देश्य थिएन। अन्ततः पहराको कापमा उसले चम्किलो जडीबुटी फेला पाऱ्यो। उसको **मन** खुसीले गद्गद् भयो। **हृदय**मा एक किसिमको अनौठो शान्ति छायो। गाउँ फर्किंदा उसले महसुस गऱ्यो, जीवनमा **सङ्घर्ष** नै सबैभन्दा ठुलो गुरु हो। **सङ्घर्ष** बिना प्राप्त गरिने सफलताको कुनै मोल हुँदैन। उसले ल्याएको औषधिले गाउँलेहरूको ज्यान बच्यो। गाउँलेहरूले उसलाई भगवान् माने तर उसले भने केवल यति बुझ्यो कि मानिस भएर जन्मेपछि परोपकार, दया र सेवा नै जीवनको मूल मन्त्र हुनुपर्छ। यसरी सङ्कल्पको अठोटले असम्भव काम सम्भव बन्यो। उसले प्रमाणित गऱ्यो कि **जीवन** र **मृत्यु**को खेलमा जित सधैं साहसीकै हुन्छ।

## परिशिष्ट ग

## प्रश्न नं. १ को उत्तरपुस्तिका

**अनुच्छेदको आधारमा व्याकरणिक संसक्तिको पहिचान गरी अर्थगत सम्बन्ध स्पष्ट पार्नुहोस् ।**

**व्याकरणिक संसक्ति** **सम्बन्ध**

१. सार्वनामिक

............................

................................

...............................

२. कालिक

....................................

.....................................

......................................

३. स्थानिक

.......................................

.....................................

४. प्रतिस्थापन

.......................................

...................................

५. संयोजक

...................................

......................................

......................................

६. लोप

................................................

................................................

## प्रश्न नं. २ को उत्तरपुस्तिका

**अनुच्छेदको आधारमा कोशीय संसक्तिको पहिचान गरी अर्थगत सम्बन्ध स्पष्ट पार्नुहोस् ।**

**कोशीय संसक्ति** **सम्बन्ध**

१. पुनरावृत्ति

.................................................

...................................................

२. पर्यायवाची

.........................................................

............................................................

..............................................................

३. विपरीतार्थी

..................................................

....................................................

.......................................................

.......................................................

४. सन्निधान

...............................................

................................................

..............................................

..................................................

५. समावेशात्मक

.........................................

.........................................